सैन्य भर्ना : आशंका प्रमाणित | सन्दीपको छलाङ

आइतबार • १३ जेठ २०७५ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

nepal.ekantipur.com

बाईबाई माओवाद

- विशाल कम्युनिस्ट पार्टीको अन्तर्कथा
- ओली-प्रचण्ड : प्रेम+घृणा
- विशेष वर्ग जन्मिने खतरा

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
मजबुत निर्माणको अभिभारा
राईनो फलामे डण्डीको साथमा
GUARANTEE
IS : 1786
NS:191
CM/L 4049454
Fe 500/Fe 500D
RHINO
500D 12
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
नेपालमा पहिलो पटक, नेपालकै लागि
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८४

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
चिसो चिसो
COOL COOL
बेहतर फॉर्मुला
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
९ असरदार जड़ी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
नवरत्न
आयुर्वेदिक तेल

मित्र
आइतबार, १३ जेठ २०७५ (वर्ष १८, अंक ४१)
NEPAL National Weekly, 27 May 2018 (Vol. 18, No.41)
नेपाल
www.nepal.ekantipur.com

आशंका प्रमाणित

सेना १६

१५ परम्परा
५७ वर्षको संकीर्तन

२४ आवरण
माओवादको विसर्जन

३६ क्रिकेट
सन्दीपको शान

४० राजस्व
पाइलैपिच्छे चुहावट

स्थायी स्तम्भ >>

चिठ्ठी (६), स्मरण (७), सोझै (८), परिहास (१०), पुस्तक समीक्षा (४८), प्रविधि (५०), फिल्म (५६), चित्रपट (५२), नोटबुक (५८)

५४ झल्याकझुलुक
क्यान्समा अञ्जलीको क्याटवाक
अन्तिममा खिस्रिक्क

४४ सम्झना
जर्सी नं १०

पगरी कूटनीति १४
दृष्टिकोण : रामेश्वर खनाल २०
निर्माणको गतिसँगै आर्थिक वृद्धि ४२
कुमारको बिदाइमा : कालीप्रसाद रिजाल ४६
पर्सोनाज : कुमार नगरकोटी ४७

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा
सहायक सम्पादक : बसन्त बस्नेत **समाचार संयोजक** : सन्तोष आचार्य **साहित्य/कला** : रमण घिमिरे **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, गोकर्ण गौतम, क्रान्ति पाण्डे, विभु लुइटेल
कपी डेस्क : ईश्वरी ज्ञवाली, गोकुल अर्याल, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) **लि.**, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : ६ जेठ २०७५, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

मोदी भ्रमणको पाठ

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रो नेपाल भ्रमण कम विवादित तर राजनीतिक रूपमा सफल भएको मान्नुपर्छ, *(ओली-मोदी मिलाप, कसको पल्ला भारी, ६ जेठ)*। मोदीको २८-२९ वैशाखको भ्रमणमा पनि छिमेकीका कारण मुलुकले सामना गर्नुपरेका पीडा नेपालीले पुनः एकपटक सम्झिए, विशेषतः ०७२ को कष्टकर नाकाबन्दी।

०७२ को संविधान निर्माणमा भारतीय हस्तक्षेप र त्यसपछि लगाएको नाकाबन्दीप्रति मोदीले गल्ती स्वीकार्लान् भन्ने आमजनताको अपेक्षा थियो। तर, त्यसो भइदिएन। मोदी नेपाल आउनुअघि 'ब्लकेड वाज क्राइम मिस्टर मोदी' अर्थात् 'नाकाबन्दी अपराध थियो श्रीमान् मोदी' ह्यासट्याग गरिएका ट्वीट सर्वाधिक 'हिट' भए। प्रदेश २ मा मोदीलाई गरिएको नागरिक अभिनन्दनविपरीत संघीय राजधानी काठमाडौंमा उनीप्रति जनताले खासै उत्साह देखाएनन्। यो भारतप्रति कुँडिएको नेपाली मन अझै नसंग्लिएको संकेत हो।

भारत र नेपालका प्रधानमन्त्री एकअर्को देश भ्रमणमा जाँदा गरिने सम्झौता कार्यान्वयन हुने हो भने मात्र मोदीको अहिले भएको नेपाल भ्रमणले सार्थकता पाउनेछ। सीमा नाकामा नेपालीले भोग्दै आएको सास्ती, व्यापार घाटाजस्ता समस्या सुल्झिन सके मात्र मोदीको भ्रमण सफल भएको मान्न सकिन्छ।

● **विनोद पराजुली**
सानोभऱ्याङ, काठमाडौं

संघीयता कार्यान्वयनको सर्त

मुलुकमा ७ प्रदेश अस्तित्वमा आइसके पनि अझै ११० वटा कानुन बनेका रहेनछन् भन्दा आश्चर्य लाग्यो *(छैनन् ११० कानुन, ६ जेठ)*। केन्द्र, प्रदेश र स्थानीय तहले १ सय १० कानुन बनाएपछि मात्र संघीयताको वास्तविक कार्यान्वयन हुने संघीय सरकारका कानुनमन्त्री शेरबहादुर तामाङको भनाइले नेपालमा नीति निर्माण तहका लागि निर्माण गरिने कानुनमा कति ढिलाइ हुँदो रहेछ भन्ने प्रस्ट देखिन्छ।

प्रदेश सरकारले कानुनविहीनताका

कारण कर्मचारीतन्त्र र प्रहरी परिचालन गर्न पाएको छैन भने अधिकार क्षेत्र र राजस्व संकलनमा समेत प्रस्टता छैन। आर्थिक वर्ष ०७५/०७६ को वार्षिक बजेटको सँघारमा आइपुग्दासम्म राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन भएको छैन। संविधानको धारा ६० उपधारा (३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था छ। तर, यस्तो व्यवस्था कार्यान्वयनका लागि पनि पहिलो सर्त कानुन निर्माण नै हो।

प्रदेश सरकारको अधिकार क्षेत्रमा अझै पनि पुरानै क्षेत्रीय निकाय सक्रिय छन्। २८ चैतसम्ममा खारेज भई प्रदेश सरकारलाई हस्तान्तरण गरिसक्नुपर्ने क्षेत्रीय कार्यालय र तिनका अधिकार क्षेत्र अहिलेसम्म पुरानै ढंगले चलिरहेका छन्। सबैजसो निकाय केन्द्रीय सरकारको मातहतमा हुँदा प्रदेश सरकार निरीहजस्तै बनेका छन्।

● **संयम श्रेष्ठ**
झोंछे, न्युरोड

परामर्श र सचेतना आवश्यक

नेपाली समाजमा पछिल्लो समय हत्या, बलात्कार, यौन उत्पीडनजस्ता घटना बढ्दै गएका छन्। *(आवेगमा अपराध, ३० वैशाख)*। तीव्र यौन चाहना पूरा गर्न हुने बलात्कार र रिसइवी साँध्न, प्रतिशोध लिन र स्वार्थपूर्तिका लागि गरिने हत्या, अपहरणमा अबोध बालबालिकादेखि लिएर ७७ वर्षसम्मका वृद्धासम्मले सास्ती पाउनु नेपाली समाजका लागि कलंक हो। यस्ता अपराध कर्ममा लागेका प्रायः मानिस पहिले जेल जीवन भोगिसकेका हुन्छन्। उनीहरू जेलबाट छुटिसकेपछि पुरानै कर्ममा लाग्ने गर्छन्। संक्रमणकालीन समाजमा क्षणिक आवेगमा घर-घरमा हुने गम्भीर प्रकृतिका यस्ता अपराधमा प्रहरी प्रशासनले पनि केही गर्न नसक्ने भनेको सुन्दा आश्चर्य लाग्यो। प्रहरीले सामाजिक अपराधकर्म नियन्त्रणका लागि बस्ती-बस्तीमा मनोवैज्ञानिक परामर्श र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ।

● **महेन्द्र शर्मा**
तम्घास, गुल्मी

गणेशमानका बद्रीमाउ

उनको खास नाम बद्रीमान मानन्धर थियो तर 'बद्रीमाउ' का उपनामले चिनिन्थे क्षेत्रपाटी इलाकामा। नेपाली कांग्रेसका पनि 'माउ'मै गनिन्थे त्यतिखेर। गणेशमान सिंहले अह्राउपह्राउ गर्ने मुख्य व्यक्ति। अर्थात्, गणेशमानका दाहिने हात। उमेरमा गणेशमान सिंहभन्दा केही कान्छा।

तिनताका क्षेत्रपाटीकै घरमा बस्थे गणेशमान। त्यो घर बहादुरशमशेरबाट राजा त्रिभुवनले गणेशमानलाई किनिदिएका हुन्। हट्टाकट्टा शरीरका बद्रीमाउ एकछिन पनि चुप लागेर बस्दैनथे। टोलको सुरक्षा र समाजसेवामा रातदिन खटिन्थे। क्षेत्रपाटीको धोबीचौर संरक्षण पनि उनैले गरेका हुन्। नत्र मानिसले मिचेर आफ्नो नाममा लालपुर्जा निकालिसक्थे।

आजजस्तो शुद्ध पानीको त कल्पनै थिएन, त्यतिखेर। धोबीचौरमा वीरशमशेरले जडान गरिदिएको वीर-धाराको पानी खाएर बेलाबेला धोबीहरू बिरामी पर्थे। झाडापखालाको सिकार भइरहन्थे। त्यसबेलाको मुख्य रोग भनेकै झाडाबान्ता थियो।

परोपकारी भावनाले ओतप्रोत थिए बद्रीमाउ। उनले यस्ता बिरामीको उपचारका लागि घरमै सानो चिकित्सालय पनि खोलेका थिए। पत्नी चञ्चला वीर अस्पतालकी नर्स थिइन्। त्यसैले पनि उपचारमा उनलाई सहयोग प्राप्त हुन्थ्यो।

जातपात र छुवाछूत मान्दैनथे उनी। मैले नै कतिपटक देखेको छु- पानी नचल्ने धोबी या अरू तल्लो जातका कुनै मानिस सिकिस्त हुँदा आफ्नै काँधमा हालेर चिकित्सालय पुऱ्याउँथे र उपचार गरिदिन्थे। जतिसुकै फोहोरी मानिसलाई पनि काँध हाल्थे। यसरी उनले धेरै गरिब-गुरुवाको ज्यान बचाएका छन्।

अहिलेको 'क्षेत्रपाटी निःशुल्क चिकित्सालय' बद्रीमाउको त्यही सानो चिकित्सालयको विकसित रूप हो। उनी जीवित रहुन्जेल त्यो चिकित्सालय निःशुल्कै सञ्चालित थियो, अहिले चाहिँ नसक्नेलाई मात्रै निःशुल्क छ।

बालसखा दलका धनमानसिंह परियार पनि आफ्नो गर्दनको हड्डी खिइने रोग (स्पोन्डालाइटिस) को उपचार बद्रीमाउको त्यही चिकित्सालयमै गराउँथे। सायद उनी साक्षर मात्र थिए। तर, बालसखा दल स्कुल सञ्चालनमा उनको महत्त्वपूर्ण भूमिका थियो। बालबालिकालाई शिक्षा दिनुपर्छ भन्ने कुरामा उनको सधैँ जोड रहन्थ्यो।

०१५ मा गणेशमान निर्माण, सञ्चार तथा यातायात मन्त्री भएपछि उनले टोल-छिमेकमा झनै सक्रिय भएर सेवा गरे। घर-घरमा पुगेर के असुविधा छ भनेर सोध्थे र त्यसको निराकरण गरिदिन गणेशमानकहाँ पुग्थे। गणेशमान पनि उनका कुनै कुरामा आलटाल गर्दैनथे। साँच्चै भन्ने हो भने उनले सल्टाउन नसक्ने कुनै समस्या नै हुँदैनथ्यो।

म त्यतिबेला ठमेलको एउटा घरमा डेरा गरी बस्थेँ। मेरो घरडेरामा धारो थिएन। एक दिन उनीसँग अकस्मात भेट भयो। केही केहीबेर राजनीतिका कुरा चले। त्यसपछि उनैले सोधे, "तपाईंको घरमा पानीको धारा छ ?"

त्यतिबेला घरमा धारो हुनु धेरै ठूलो उपलब्धि मानिन्थ्यो। मेरो डेरामा पनि धारो थिएन। डेरामा बस्ने व्यक्तिलाई धारोको कुरा त्यति महत्त्वपूर्ण थिएन। धारो त चाहिएको थियो तर डेरावालले भनेर धारो आउने कुरामा मलाई विश्वासै थिएन। मैले भनेँ, "म डेरामा बस्ने मानिसलाई कहाँ धारोको कुरा गर्नुभएको ?" अनि उनी कड्किए। उनले भने, "डेरामा बस्नेले पानी खानुपर्दैन ? डेरामा बस्नेको घरमा धारो हुनुहुँदैन भन्ने कहाँ लेखिएको छ ? तपाईं चुप लाग्नूस्, म धारो हालिदिन्छु।"

बोली लरबरिएको र मातेको मानिसको कसरी विश्वास गर्ने ? मैले उनको कुरालाई त्यति गम्भीर रूपमा पनि लिइनँ। तर, उनले एक-दुई दिनमै मेरो डेरामै धारो जडान गरिदिए। अचम्म ! बद्रीमाउ वचनका पक्का रहेछन्।

बालसखा दलबाट ०१६ मा बाल विकास दल नामकरण भएपछि त्यस स्कुलमा शिक्षकका रूपमा जागिर खान जाँदा मलाई सहयोग गर्ने व्यक्ति तिनै बद्रीमाउ थिए। पछि उनी क्षेत्रपाटीको वडाध्यक्षसम्म भए। तर, जीवनको उत्तरार्धतिर उनी मानसिक रूपमा निकै खस्किसकेका थिए।

बिहान उठेदेखि राती नसुतेसम्म जति समाजसेवामा खटिन्थे, त्यति नै मापसेमा पनि निर्लिप्त देखिन्थे बद्रीमाउ। सधैँ अर्ध-होसमा भएजस्तो देखिए पनि उनको काम कहिल्यै तलमाथि हुँदैनथ्यो।

हुन पनि उनलाई मैले मादक पदार्थ सेवन नगरेको अवस्थामा कहिल्यै देखिनँ। उनको हकमा वासः अर्थात् रक्सी मादक पदार्थ होइन, काम गर्न स्फुर्ति दिने अचुक औषधिजस्तो थियो। रक्सी पिएर सबै मानिस बिग्रिँदैनन् भन्ने उदाहरण थिए, बद्रीमाउ। पुरानो 'छत्रपाटी'लाई यो आधुनिक क्षेत्रपाटी बनाउनमा पनि उनको योगदान महत्त्वपूर्ण छ।

उनी आफ्नो घरमा डेरा दिएबापत नाम मात्रको भाडा लिन्थे- जहिले सक्यो, त्यही बेला तिर्दा हुने। एक किसिमले निःशुल्कजस्तै। अहिले सबैको नाम त सम्झिन्नँ। तर, धनमानसिंह परियार, बालचन्द्र शर्मा र कवि भीमदर्शन रोका उनकै घरमा डेरा बसेको मलाई सम्झना छ।

॥ प्रस्तुति : **रमण घिमिरे**

सोझै



विदेशबाट

हिमाली भेगमा मनसुन अध्ययन

युनिभर्सिटी अफ सिकागोका केही प्राध्यापक र विद्यार्थीले मनसुन-संरचना र यसमा परिरहेको प्रभाव नेपालको हिमाली भेगमा अध्ययन गरेका छन् । यसले वायु मात्र नभएर पानीका कण पनि मनसुनको हावाले माथि लैजाने तथ्य औँल्याएको छ । त्यसको प्रतिवेदन इटालीको सम्मेलनमा प्रस्तुत गरिने कार्यक्रम छ ।

यसअघिका अधिकांश अध्ययनमा मनसुनी हावाले वायुमण्डलका तल्लो तहबाट उडाएर माथि कणहरू लैजाने देखाइएको थियो । अनुसन्धान टोलीलाई करिब १ सय ५० किलोको डिटेक्टरजडित हवाइजहाजलाई नेपालको हिमाली क्षेत्र पुऱ्याउन हम्मेहम्मे परेको खबर *युसिकागो न्युजले* दिएको छ ।

गत वर्ष नै गरिने भनिएको यो अध्ययन सफल हुन सकेको थिएन । लुई लर्नरले लेखेकी छन्, "धेरै व्यवधान आइपरे पनि मनसुनबारे छिट्टै नयाँ सिद्धान्त प्रतिपादन हुनेछन् ।" ♦

सुर-बेसुर

"विचार, दृष्टिकोण, सिद्धान्त एउटै भए पनि एमाले-माओवादीले आफूलाई जबरजस्ती अलग पार्टी देखाउँदै आएका थिए । तर, दुई पार्टी एकीकृत भएपछि त्यस्ता बाध्यता हटेका छन् । यो एकताले दुई पार्टीका नेता-कार्यकर्तामा उत्साह ल्याएको होला । तर, जनताले खासै केही अपेक्षा गरेका छैनन् । कोदो र तोरी हेर्दा उस्तै-उस्तै हुन्छ । तर, मिसाएपछि त्यो निरर्थक हुन्छ । न त्यसबाट तेल आउँछ, न त पीठो ।"

अशोक राई
वरिष्ठ उपाध्यक्ष, संघीय समाजवादी फोरम
अनलाइन खबर

पञ्चकन्या ग्रुप

TRUST

TRANSFORM	RELIABLE	UNIFORM	SOCIALLY RESPONSIBLE	TRUST
'रूपान्तरण'	'भरपर्दो'	'एकरूपता'	'जिम्मेवार'	'भरोसा योग्य'
सोचलाई वास्तविकतामा परिणत	सबै उत्पादनहरू विश्वसनीय र प्रमाणित	गुणस्तर र सेवामा एकरूपता	समूदाय र वातावरण प्रति जिम्मेवार	४६ वर्षदेखि निर्माण जगतमा अग्रसर

Product & Services:

STEEL | WIRES | HDPE | PVC | PPR | CPVC | RMC | SS TANK | PSS | UPVC PROFILES | SOLAR | HEAVY EQUIPMENTS | BITUMEN | CYLINDER | HYDRO | CONSTRUCTION | TWO WHEELERS

फोन नं.: ०१-५५२६५५१ • टोल फ्री नं.: १६६०-०१-७०००७ • info@panchakanya.com • www.panchakanya.com

सुपर ओलिनन्दन

'सुपर जिल्ला' झापा गृहनगर भएका पीएम केपी ओली जे गर्छन्, 'सुपर' नै गर्छन् । उखानका त उनी सदावहार पावरहाउस भइहाले । भारतीय नाकाबन्दीका बेला चीनसँग लहसिएर सुपर राष्ट्रवादी काम गरेको घामजत्तिकै छर्लंग छ । मोदीको नेपाल भ्रमणको पावन अवसरमा ओलीले आफ्नो सुपर छवि छिपाउनु पापसरह हुन्थ्यो । त्यसैले ओली सरकारले नरेन्द्र मोदी जहाँ जान्छन्, त्यहीं नागरिक अभिनन्दन गरेर पुण्य कमायो । गाउँ-देहातबाट अभिनन्दनमा सरिक हुन फर्मान जारी गर्‍यो । हुकुमी शैलीमा रैतीलाई आदेश दिएका भरमा गरिएको यो अभिनन्दन कस्तो हो ? निश्चिन्त, 'सुपर ओलिनन्दन' । मोदीलाई चढाइएको 'ओलिनन्दन'पछि आर्जित बलकै कारण ओलीले भनिसके- भतिजले 'फु' गर्दैमा सरकार ढल्दैन । सरकार नढले पनि स्वाभिमान ढलिसकेको चर्चा सुपर राष्ट्रवादी सरकारले चाल पाए त मरिजाऊँ ।

■ **लुकुवा बाजे**

दोषी जुत्ता !

मध्यपुर थिमी नपाका प्रमुख मदनसुन्दर श्रेष्ठमाथि भौतिक आक्रमणमा उत्रने व्यक्तिलाई प्रहरीले खोजेको एक महिना भइसक्यो । तर, व्यक्ति फरार रहे पनि प्रहरीले फरार व्यक्तिको जुत्ता बरामद गरेर शान्ति-सुरक्षामा क्रियाशील रहेको देखायो । प्रहरीको यस्तो महान् कार्यपछि पत्रकार सम्मेलन गरेरै गृहमन्त्रीलाई च्यालेन्ज गर्ने एमाले भक्तपुरलाई पनि हाइसञ्चो भएको हुनुपर्छ । प्रमुख श्रेष्ठको घरको सीसीटीभी फुटेज हेरेरै प्रहरीले जुत्ता नै बरामद गर्‍यो नि ! डीएसपीसाहेबको दाबी छ, मोबाइलका दर्जनौं सीम र स्थान परिवर्तन गर्दा नियन्त्रणमा लिन कठिन भइदियो । तर, पनि जुत्ता बरामद गर्न सक्नु चानचुने सफलता होइन । किनभने, आक्रमणकारीसँग बन्दुक थिएन । अब आक्रमणकारी जुत्ता खोज्दै आए भने प्रहरीको भेट पक्कै होला ।

■ **अर्जेल काका**

कमरेड कायापलट

स्थानीय चुनाव सकिएको एक वर्ष बित्यो । एक कार्यक्रममा मेयर विद्यासुन्दरजीले बडो उत्साहपूर्वक भन्नुभएछ, "एक वर्षमा काठमाडौंको कायापलट भएको छ ।" भएको होला, फूलको आँखामा फूलै संसार । सय दिनमै स्मार्ट सिटी बनाउने उनको घोषणालाई सयदिने उपलब्धि किताबमा बकाइदा कार्यान्वयन गरेकै हुन् नि ।

उनले जित्दा धुलो-हिलोले पुरिएको काठमाडौंलाई अहिले पनि बीसको उन्नाईस नदेख्ने हाम्रै आँखा फुटेका रै'छन् क्यार ! हामीले त चुनावअघि पूरै झुकेर नमस्ते ठोक्दै भोट मागेर जित्ने नेता मात्र कायापलट भएको देख्यौं । तर, एक वर्षमा कायापलट भएको वक्तव्यसँगै सोच्न कर लाग्यो- कायापलट कसको ? मेयरको कि महानगरको ?

■ **छुल्याहा गुरु**

सत्तामा ढुंगा नहानौँ

३ जेठ आउनासाथ एमालेजनको एउटा जबर्जस्त माग आउँथ्यो दुई दशकयता, मदन भण्डारीको हत्यारा पत्ता लगाऊ । दासढुंगा काण्डका दोषीलाई कारबाही गर । आदि-इत्यादि । यस वर्ष त्यस्तो आवाज उठेन । उठेको सुनिएन । दासढुंगा-काण्ड यस्तो मुद्दा भइदियो, एमाले प्रतिपक्षमा हुँदा अनुसन्धानको माग चर्कने, सत्तामा हुँदा चुपचाप बस्ने ।

हुन त, सरकारको काम 'उहिलेका कुरा खुइलेर गए'को फाइल पल्टाउनु होइन । हिजो 'जबज'को रक्षार्थ पनि मदन भण्डारी नाम जप्नु उचित थियो । अब पार्टी जबजभन्दा 'माथि' उठिसक्यो । यस्ता जिपसिप कति गुल्टिए, गुल्टिए । मदनको लेखान्त त्यस्तै थियो, सक्कियो ।

चमत्कारी कमरेड !

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आएको मौकामा मुलुककै ठूलो ९ सय मेगावाटको अरूण तेस्रो जलविद्युत् आयोजनामा स्वीच थिच्ने कार्यक्रममा विभागीय ऊर्जामन्त्री बोलाइएनन् । त्यसपछि एमाले-माओवादी केन्द्रबीच हुनै लागेको एकता झन्डै बिथोलिएन । मन्त्री वर्षमान पुनलाई स्वीच थिच्ने क्रममा नबोलाएकैले एकता भांडिने स्थिति आएपछि प्रधानमन्त्री केपी ओलीले 'धनुष्टंकार' वार्ता गर्नुपर्‍यो । आफ्ना मन्त्रीलाई रिझाउन ओलीले एक घन्टा गोप्य मन्त्रणा गरेकै भोलिपल्ट पार्टी एकताको ताजा खबर सञ्चार भयो । यी चमत्कारी मन्त्रीलाई रेल र पानीजहाजमा पनि परिचालन गर्न पाए केही हुन्थ्यो कि ओलीज्यू ?

■ गोरे काजी

अब सरकारलाई गुनासो गरेर हुन्छ ? हैट्, हामी जनता !

■ भर्जिन ब्वाय

झटारो | **■ लक्ष्मण गाम्नागे**

म प्रधानमन्त्री भएको भए

केपी ओलीका ठाउँमा म प्रधानमन्त्री भएको भए मोदीले बोलाउनेबित्तिकै भारतको भ्रमणमा जाने थिइनँ । केही समय चीन जाने हल्ला चलाउँथें अनि मात्रै भारत जान्थें । गएर पनि चुपचाप मोदीको स्वागत खाएर फर्कन्नथें, नेपाललाई लगाएको नाकाबन्दीका विरुद्ध माफी मगाएर मात्रै आउँथें । माफी नमागे पनि एक-दुई शब्द बोल्न लगाएरै छाड्थें । शब्दले नभए बडी ल्यांग्वेजबाटै भए पनि माफी मगाएझैं त गराउँथें, गराउँथें । अनि मात्र उनलाई नेपाल आउने निम्ता दिन्थें । निम्ता पनि उनले भनेकै दिनका लागि नदिई एक दिन भए पनि अघि वा पछि पारेर दिन्थें । मानेनन् भने मात्रै उनले तोकेको मितिलाई स्वीकार गर्थें ।

म प्रधानमन्त्री भएको भए मोदीलाई सीधै काठमाडौं आउनूस् भन्थें । आउँदिनँ भने भने 'हस् त हस्' भन्थें । तर, उनलाई स्वागत गर्न भन्दै लुरुक्क परेर जनकपुर जान्नथें । उनले जनकपुरमै भेटौं भनेर कर गरेपछि मात्रै जनकपुर जान्थें । जनकपुरै गए पनि म दौरा-सुरुवालमा जान्थें । कुर्ता-पाइजामै लगाउनुपरे पनि मोदीको भन्दा अलि भिन्नै कलरको लगाउँथें ।

म प्रधानमन्त्री भएको भए तीन ठाउँमा नागरिक अभिनन्दन गराएर राष्ट्रियता धरापमा पर्न दिन्नथें । दुई ठाउँमा नागरिक अभिनन्दन र एक ठाउँमा नगर अभिनन्दन गराउँन्नथें । दुई-दुई वटा नगरको बडेमाको साँचो मोदीलाई म किन टक्र्याउँथें ? बढीमा एउटा नगरको मात्रै साँचो दिने थिएँ । दुइटा वा तीनैवटा नगरको साँचो दिनुपरे पनि सानो साइजको मात्र दिन्थें ।

एउटा सार्वभौमसत्ता सम्पन्न मुलुकको प्रधानमन्त्री ओलीलाई मोदीले 'कोली' भनेर ठूलो अपमान गरे । तिनले झुक्किएजस्तो गरेर वास्तवमा हियाएर जिस्क्याएका हुन् । म प्रधानमन्त्री भएको भए तुरुन्तै नियमापत्ति गरेर बोली सच्याउन लगाउँथें । सच्याउन नलगाए पनि मोदीलाई त्यस्तै अनुप्रास मिलाएर मनमनै भए पनि मनपरी गाली गरेर बदला लिन्थें ।

ओलीले मोदीलाई नमस्कार गर्दा झुकेर गरेनन् भन्ने भनाइ उनका समर्थकहरूको छ । तर, वास्तवमा उनको मन पूरै लम्पसार परेको थियो, उनी निहुरिन पनि खोज्दै थिए । ढाडको समस्याले गर्दा मात्रै शरीर नै झुकेन । म प्रधानमन्त्री भएको भए त्यसरी मनमनमा पनि झुक्ने थिइनँ । ओलीका समर्थकहरूले प्रदेश ४ का मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले मोदीलाई उपहार दिंदा मोदीले निकै झुकेर उपहार लिंदै गरेको तस्बिरलाई खुब प्रचार गरे । म भएको भए त्यो उपहार दिंदा भुइँमा टुक्रुक्क बसेर दिन्थें र मोदीलाई भुइँसम्मै झुकाइदिन्थें । राष्ट्रको शिर ठड्याउन जान्नुपर्‍यो नि !

म प्रधानमन्त्री भएको भए मोदीलाई भेट्न उनी बसेको होटलसम्म धाएर जाने थिइनँ । निवासमै बोलाउँथें । उनी आउन मानेनन् भने मात्रै होटलमा जान्थें । होटलमा गए पनि म उनलाई पहिला नमस्कार गर्ने थिइनँ, उनले गरेपछि मात्रै फर्काउँथें । जसरी पनि म माथि नै पर्थें ।

म प्रधानमन्त्री भएको भए मोदीसँग आउन लागेका सुरक्षाकर्मीको संख्या पहिले नै सोध्थें र उनले ल्याउन लागेको संख्यामा २/३ जना घटाउन लाउँथें । यसरी म प्रधानमन्त्री भएको भए देशको शिर पूरै ठाडो पार्ने थिएँ । नेपाली जनताको दुर्भाग्य ! म प्रधानमन्त्री छैन र मजत्तिको राष्ट्रवादी व्यक्ति कहिल्यै यो देशको प्रधानमन्त्री हुने छाँट पनि छैन ।

टिप्पणी

अञ्जुकुमारी झा

महिलाप्रति अनुदार मधेसी नेतृत्व

समानुपातिक-समावेशी प्रतिनिधित्व र संघीयताको नारा दिँदै प्रदेश २ मा संघीय फोरम र राजपाको मधेसी गठबन्धनले सरकार गठन गऱ्यो । घोषणा र दस्तावेजमा त गठबन्धन आकर्षक नै थियो तर कार्यान्वयनमा फितलो देखियो ।

नेपालको राजनीतिक संघर्ष र परिवर्तनमा महिला सहभागिता सम्मानजनक छ । विश्व-क्रान्तिको आलोकमा हेर्दा नेपालको सशस्त्र विद्रोहमा महिला सहभागिता उच्च स्थानमा रह्यो । नेपालको संविधानले हरेक तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ । अन्य मुलुकको तुलनामा नेपालको संविधान महिलामैत्री नै छ । संविधानमा उल्लेख भएअनुसार महिलाको हक, अधिकार एवं सशक्तीकरण व्यवहारत: नेपाली समाजको मनोदशा तयार भएको देखिदैन ।

अधिकारकर्मीहरू मात्रै नभएर सम्पूर्ण समाज नै लागिपरे महिला सशक्तीकरण कठिन यात्रा होइन । 'शिक्षित, सबल एवं सशक्त नारी नै परिवार, समाज र देश विकासको आधार हो' भन्ने भावना जागृत गर्नुपर्छ । हालैको निर्वाचनमा महिला सहभागिता सन्तोषजनक देखियो । स्थानीय तहमा प्रमुख वा उपप्रमुखमध्ये कुनै एक महिला हुनुपर्ने बाध्यकारी संवैधानिक व्यवस्थाले मात्र सम्भव भएको सर्वविदितै छ । अर्कोतिर, संघ एवं प्रादेशिक निर्वाचनमा प्रत्यक्षतर्फ निर्वाचित महिला नेतृत्व चार प्रतिशत पनि नाघेको छैन । यस्तो अवस्थामा संविधानले परिकल्पना गरेको महिला सहभागिता एवं नेतृत्व विकासले मूर्त रूप पाउन कठिन छ ।

> **प्रदेश मन्त्रिमण्डलमा एक जना पनि महिला सहभागी नहुनु नेतृत्व अनुदार रहेको प्रमाण हो ।**

मानव विकासको सूचकांक हेर्दा शिक्षा, स्वास्थ्य एवं आर्थिक समृद्धिमा प्रदेश २ का आठै जिल्ला पिछडिएका छन् । सामाजिक सुरक्षा एवं स्वास्थ्यको हिसावमा मधेसका जिल्लाहरूको अवस्था सबैभन्दा नराम्रो छ । महिला निरक्षरता, शिशु मृत्युदर उच्च छ भने शौचालयविहीन घर धेरै छन् । शिक्षित महिला बेरोजगार ७० प्रतिशत हुनु दयनीय चित्र हो ।

यी कहालीलाग्दो तथ्यांकबाहेक दाइजो प्रथा, बोक्सी प्रथा, छुवाछूत, घुम्टो प्रथाजस्ता महिलाप्रतिको अनुदार सोचका कारण महिलाको 'नेतृत्व विकास एवं सशक्तीकरण' फलामे चिउरा भएको छ । प्रदेशका मन्त्रिमण्डलमा एक जना पनि महिला सहभागिता नहुनु नेतृत्व अनुदार रहेको प्रतिविम्ब हो । प्रदेश २ मा पाँचवटै राष्ट्रिय राजनीतिक पार्टीहरूले संघीय तथा प्रादेशिक संसद्मा महिलालाई प्रत्यक्षमा टिकट दिई चुनाव जिताउन सफल भएनन् ।

राष्ट्रिय जनता पार्टी नेपालले प्रादेशिक संसद्मा दुई महिलालाई जिताउन सफल रह्यो र आफ्नो घोषणापत्रमा महिलामैत्री केही योजना घोषणा गरेको देखिन्छ । जस्तै, महिलालाई उच्च शिक्षासम्म छात्रवृत्ति, प्लस टुसम्म अध्ययन गरी विवाह गरेमा आधा तोला सुन बराबर उपहार दिने, छोरी जन्मिँदा आमाको नाममा १० हजार रुपियाँ जम्मा गरिदिने आदि । तर, अन्य राजनीतिक दल महिलामैत्री कार्यक्रममा अनुदार नै देखिन्छन् ।

यसरी राजनीतिक रूपमा ३३ प्रतिशत पुऱ्याउनैपर्ने बाध्यकारी संवैधानिक नीतिका कारण राजनीतिक दलले समानुपातिकबाट महिलाको पदपूर्ति त गरे । तर, नेतृत्व विकासमा लागेनन् । यसअघिका अनेक घटनाक्रम हेरिसकेपछि यो भन्नु अतिशयोक्ति नहोला, श्रीमान्‌को राजनीतिक लगानीमा श्रीमतीहरू अंशियार बने, श्रीमान्‌को पैसामा राजनीतिक दलहरूको सेयर किनेर राजनीतिक सेयरधनी त बने । तर, महिलाको नेता बन्न असफल नै रहे । यसरी पदपूर्तिमा आएकाबाट महिलाको हकहित, अधिकारको संरक्षण होला भन्नेमा हामी कतिको विश्वस्त हुन सक्छौं ? तसर्थ, हरेक परिवार, समाज र समग्र देशले नै महिला नेतृत्व विकासमा टेवा पुऱ्याउने गरी आ-आफ्ना ठाउँबाट शिक्षा, रोजगार, अवसर तथा महिला सशक्तीकरणमा योगदान पुऱ्याउने हो भने मात्रै कालान्तरमा संविधानले परिकल्पना गरेको महिला सहभागिता एवं नेतृत्व विकास सम्भव हुने देखिन्छ ।

संघीयता पूर्ण रूपमा लागू भइनसकेको अवस्था छ । नेपालमा संघीयताको जननी भनेकै मधेस आन्दोलन हो । मधेस आन्दोलनकै कारण नेपाल अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भनिएको हो । अहिलेको संविधान अनुसार मधेसलाई ६ प्रदेशमा विभाजित गरिदिएको छ । प्रदेश २ मा मात्र मधेसी बाहुल्य रहेकाले संघीयताको भविष्यको आधार पनि प्रदेश २ नै हो । नेपालमा संघीयताविरुद्ध विभिन्न चलखेल भइरहेको छ । त्यसैले, प्रदेश २ को सफलता र असफलतामा संघीयताको भविष्य टिकेको छ । महिलालाई आरक्षण वा पदपूर्तिमा मात्र सीमित नराखी उनीहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास एवं सशक्तीकरणका लागि ठोस कदम चाल्नुपर्छ । त्यसपछि मात्रै आधा आकाश भनिने महिलाको भूमिकाले परिवार, समाज र देशमा विकास र समृद्धिको सपना पूरा हुन्छ ।

तसर्थ, प्रदेश २ को सरकारले नै महिलाप्रति देखाएको अनुदारता दु:खद छ । प्रदेश सरकार महिलाको सम्मानजनक उपस्थितिमा चुकेकै हो । परिवर्तनका लागि संघर्ष गर्ने दलहरूकै नेतृत्वको सरकारले परिवर्तनलाई आत्मसात् गरेको पाइँदैन । नेतृत्वले राजनीतिलाई महिलामैत्री बनाउन सहभागिता, सुरक्षा, विकास एवं न्यायोचित नेतृत्वको व्यवस्था हुने गरी पार्टीको विधान तथा कार्ययोजना तर्जुमा गर्नु जरुरी छ । ♦

(झा सिरहा क्याम्पसमा प्राध्यापन गर्छिन् ।)

AC INDUSTRIES

अग्नि सिमेन्ट

ढुंगा बाट बन्छ,
निर्माणपछि
चट्टानस्वरूप हुन्छ

नेपाल गुणस्तर चिन्ह प्राप्त ने. गुण. - ३८५

CERTIFIED ISO 9001:2008 COMPANY

अग्नि सिमेन्ट इण्डष्ट्रिज प्रा. लि. को उत्कृष्ट उत्पादनहरू

विश्वास, मजबुती र सुरक्षा हरेक निर्माणको भरोसा

पगरी कूटनीति

नेपालसँग सम्बन्ध सुधार्न धार्मिक, सांस्कृतिक अस्त्र

■ जनक नेपाल

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको २८ वैशाखको आगमनले जानकी मन्दिरका महन्त रामरोशन दासलाई विवाह पञ्चमीको झल्को दिलायो । हरेक वर्ष मंसिरमा हुने विवाह पञ्चमीमा अयोध्याबाट आउने रामको जन्तीलाई जनकपुरधाममा त्यसैगरी भव्य स्वागत गरिन्थ्यो ।

महन्त दासले दुवै देशका प्रधानमन्त्रीलाई मौलिक मिथिला टोपी पाग पहिऱ्याएर पूजा गराए । मन्दिरका तर्फबाट दोसल्ला ओढाए । अनि, पगरी गुथेर सम्मान गरे । “नेपाल-भारतबीच रहेको सांस्कृतिक सम्बन्ध झल्काउन पगरी लगाइदिएका हौँ,” उनी भन्छन्, “त्रेता युगमा राजा जनकले रामको जन्ती स्वागत गरेका थिए । अहिले प्रधानमन्त्री ओलीले मोदीलाई स्वागत गर्नुभयो ।”

मिथिलाञ्चलका परम्परागत विवाहमा ‘सम्धि-सम्धि’लाई यस्तो पगरी लगाउने चलन रहेको महन्त दास बताउँछन् । विवाह पञ्चमीका बेला भारतबाट आउने जन्तीमा सहभागी विशिष्ट व्यक्तिलाई पनि पगरीले सम्मान गर्ने गरिएको छ । महन्त दास भन्छन्, “यो मिथिलाको संस्कृति हो, पगरी त्यस्तै सांस्कृतिक आभूषण हो ।”

दुवै देशका प्रधानमन्त्रीले एउटै पहिरन र पगरी लगाएर जानकी मन्दिर परिसरमा नेपाल-भारत सम्बन्धको सांस्कृतिक महत्त्वबारे चर्चा गरे । ओलीले ढाका टोपी लगाएबाहेक दुवैको पहिरन उस्तै थियो । जुत्ता भने ओलीले खैरो र मोदीले कालो लगाएका थिए । ओली-मोदीको यो पहिरन कूटनीतिबारे अनेक चर्चा गरिएको छ । कतिपयले पगरीलाई राजस्थानी टोपी भनेका छन् । भारतीय समकक्षी मोदीको नियमित पहिरनसँग मिल्दोजुल्दो पोसाक लगाएर प्रधानमन्त्री ओलीले ‘राष्ट्रवादी चरित्र’ त्यागेको भन्दै आलोचना गर्नेहरू पनि छन् ।

नेपाल-भारत प्रबुद्ध समूह (ईपीजी) सदस्यसमेत रहेका एमाले नेता राजन भट्टराई मोदीका लागि मिथिला पहिरन कुर्ता, सुरुवाल र गम्छा नेपालबाटै पठाइएको बताउँछन् । “नेपाल-भारतको सांस्कृतिक सम्बन्धको सम्मान गर्न दुवै प्रधानमन्त्रीले मिथिला पहिरन लगाउने प्रबन्ध आतिथेय मुलुकका रूपमा नेपालले गरेको हो,” उनी भन्छन्, “कूटनीतिमा यस्ता अभ्यास अन्यत्र पनि भएका छन् ।” चिनियाँ राष्ट्रपति सी जिनपिङको गोवा भ्रमण होस् वा रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले भारतीय ‘ज्वारी कोट’ लगाएजस्तै ओली र मोदीले जनकपुर भेटमा मिथिला पहिरन लगाएको भट्टराईले प्रस्ट्याए ।

मोदीले त्यसै पनि आफ्नो भ्रमण प्रधानमन्त्रीका रूपमा भन्दा तीर्थयात्रीका रूपमा रहेको बताइरहेका थिए । त्यसै कारण हुन सक्छ, मोदीको स्वागतमा विमानस्थलमै सीता-राम भजन गाइयो । धार्मिक नाटक देखाइयो । विवाह पञ्चमीको झझल्को दिने गरी मन्दिर परिसरमा सीता-रामका प्रतिमा र धनुष प्रदर्शन गरियो । ऐतिहासिक सम्बन्धको सम्मान गर्न सीता र रामका प्रतिमामा दुवै प्रधानमन्त्रीले माला लगाए । “राजा जनकले रामलाई अस्त्र (धनुष) भाँच्न लगाए । त्यसैले जनकपुरधाम शस्त्रको होइन, शास्त्र र प्रेमको केन्द्र बन्यो,” महन्त दास भन्छन्, “अहिले दुई देशका प्रधानमन्त्रीलाई एकै ठाउँ स्वागत गरेर मिथिलाले पुनः केन्द्र बन्ने सौभाग्य पाएको छ ।”

जनकपुर उप-महानगरपालिकाका मेयर लालकिशोर साह केन्द्र सरकारको समन्वयमा स्वागत, अभिनन्दन र पूजा आयोजना गरिएको बताउँछन् । “यो भ्रमणले केही नयाँ पन दिएको छ,” भन्छन्, “दुवै प्रधानमन्त्रीलाई एकैपल्ट जनकपुरमा स्वागत गर्न पाइयो । ऐतिहासिक भ्रमणपछि दुई देशको सम्बन्ध झन् सुमधुर हुनेमा हामी विश्वस्त छौँ ।”

राम र सीताको विवाहको स्मरण गर्दै अहिले पनि जनकपुरधाममा मंसिरमा विवाह पञ्चमी मनाइन्छ । भारतको अयोध्याबाट साधु-सन्तहरू जन्ती आउँदा नेपाली सीमा आरम्भसँगै मटिहानी, जलेश्वर, पिपरा, लादोबेला र जनकपुरधाममा स्वागत हुन्छ । त्यसअघि नै जानकी मन्दिरबाट साधु-सन्त र नगरका गन्यमान्यहरू राम मन्दिर गएर विवाह छिन्ने (तिलकोत्सव) चलन छ । पञ्चमीमा रामको डोला बाजागाजाका साथ नगर परिक्रमा गर्दै रंगभूमि मैदानमा पुग्छ । ठीक त्यसैगरी भारतीय प्रधानमन्त्री मोदी पनि जानकी मन्दिरको स्वागतपछि रंगभूमि मैदान पुगे ।

परराष्ट्रविद् निश्चलनाथ पाण्डे भारतीय प्रधानमन्त्री मोदीले धार्मिक, सांस्कृतिक रूपमा नेपालसँगको सम्बन्ध बढाउन खोजेको प्रस्टै भएको बताउँछन् । मोदीको भ्रमणलगत्तै शंकराचार्यको नेपाल आगमन र उनलाई स्वयं प्रधानमन्त्री ओलीले गरेको अभिनन्दनले त्यस्तै लक्षण देखाएको उल्लेख गर्दै पाण्डे भन्छन्, “नेपाल-भारत सम्बन्धमा धर्म र संस्कृति पुल बन्ने लक्षण देखिएको छ ।” ◆

५७ वर्षको संकीर्तन

भजनियाले दिन–रात गरी दैनिक दुई सत्रमा ३/३ घन्टाको ड्युटी गर्छन्

श्यामसुन्दर शशि/जनकपुर

जानकी मन्दिरको 'आजन्म अखण्ड श्री सीताराम संकीर्तन'का भजनियाका लागि ऐतिहासिक दिन रह्यो, २८ वैशाख । मन्दिरको उत्तरतर्फको सानो कोठामा ५७ वर्षयता २४ घन्टै अखण्ड रामनामको जप गर्दै आएका भजनिया समूहमा मिसिएर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी स्वयंले 'झामर' बजाउनुले एकातर्फ रामनामको महिमा बढाएको छ भने अर्कोतर्फ पूर्णकालीन यी भजनियाको आत्मबल बढेको छ । महन्त रामतपेश्वर दास वैष्णव भन्छन्, "मोदीजीलाई रामनामको महिमा थाहा छ । कलियुगमा रामनामको जपभन्दा ठूलो धर्म-कर्म अर्को छैन ।"

आजन्म अखण्ड रामनाम संकीर्तनको प्रारम्भ जानकी मन्दिरका १५औं पुस्ताका महन्त रामशरण दास वैष्णवले ०१८ मा गराएका थिए । १६औं पुस्ताका महन्त रामतपेश्वरका अनुसार त्यतिबेला देशमा परेको अनिकाल निवारण तथा विश्व शान्तिका लागि रामनाम संकीर्तन सुरु गरिएको थियो । तत्कालीन जिल्ला प्रहरी प्रमुख मानबहादुर तथा समाजसेवी राधा चौधरीलगायतको सहयोगमा सञ्चालित यस संकीर्तनलाई पछि अखण्ड बनाइएको हो ।

जानकी मन्दिरमा पूजापाठपछि मन्दिरको त्रिपेक्षण (गर्भगृहको परिक्रमा)का क्रममा मोदीले रामनाम जपको स्वर सुने । अनि, स्वयं संकीर्तन स्थलमा प्रवेश गरे । त्रिपेक्षणका क्रममा सँगै रहेका महन्त रामतपेश्वर दास सम्झिन्छन्, 'मोदीजीले आफैं झामर बजाए अनि मग्न भएर रामनाम संकीर्तन पनि गरे ।'

मोदी संकीर्तनस्थल पुग्दा हार्मोनियम बजाइरहेका ७५ वर्षीय भजनिया मानेश्वर चौधरीसहितका सिँगै कीर्तनिया मण्डली रोमाञ्चित बनेका थिए । चौधरीका अनुसार दैनिक सयौं श्रद्धालु भजनकीर्तनमा सहभागी हुन्छन् । तर, मोदीजस्ता अतिविशिष्ट व्यक्ति स्वयंले झामर बजाएर कीर्तन गरेको त्यो पहिलो अवसर थियो ।

आजन्म अखण्ड रामनाम संकीर्तनका लागि जानकी मन्दिर व्यवस्थापनले १५ जनाको भजनिया टोली नियुक्त गरेको छ । चार-चार समूहमा विभाजित भजनियाले दिन-रात गरी दैनिक दुई सत्रमा ३/३ घन्टाको ड्युटी गर्छन् । भजनकीर्तन गरेबापत उनीहरूलाई जनही ६ हजारदेखि साढे ७ हजार रुपियाँ मासिक तलब, खाना, आवास र लुगाफाटोको व्यवस्था छ । पूर्णकालीन भजनिया विधिवत् बिदा लिएर मात्र घर जान पाउँछन् ।

०५३ सम्म अखण्ड संकीर्तनका लागि नगरमा चन्दा माग्ने चलन थियो । संकीर्तन मण्डलीमध्ये एक टोली दिनमा नगरवासीसँग चन्दा माग्थे । अनि, चन्दाबाट प्राप्त नगद, चामल, दाल आदिबाटै संकीर्तन सञ्चालित गरिन्थ्यो । रामतपेश्वर दास वैष्णव महन्त नियुक्त भएपछि ०५४ देखि उनले नगरबाट चन्दा माग्ने चलन अन्त्य गरे । महन्त दास भन्छन्, "मागेर रामनाम संकीर्तन गर्नु राम्रो लागेन । जुन श्रद्धालुलाई चन्दा दिन मन लाग्छ, मन्दिरमै आएर चन्दा दिन्छन् । अपुग रकम मन्दिरबाट दिन्छौं । म जीवित रहेसम्म संकीर्तन रोकिँदैन ।"

भारतीय प्रधानमन्त्रीसँग झन्डै आधा घन्टा बिताएका जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव मोदीलाई धार्मिकसँगै भावुक व्यक्तिको संज्ञा दिन्छन् । सीतालाई आमाका रूपमा पूजा गर्ने क्रममा मोदीले जनकपुरलाई आफ्नो ननिहाल (मावली) भनेको उनी सुनाउँछन् । मोदीले जानकी मन्दिरलाई के दिए त ? महन्त दास भन्छन्, "मावली आएकालाई पो दिनुपर्छ, माग्ने कुरै भएन ।" ◆

तस्विर : श्यामसुन्दर शशि

झामर बजाउँदै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी

मनबहादुर बस्नेत

आशंका प्रमाणित

मुलुकको सार्वभौमिक सुरक्षाको जिम्मा लिएको सैन्य संगठनको अधिकृत भर्तीमा कम उत्तीर्ण हुनु घातक

माग : ४५
परीक्षार्थी : ५४
उत्तीर्ण : ४
उत्तीर्ण प्रतिशत : ९

गत वर्षको सुरुमै नेपाली सेनाले अधिकृत तहमा भर्तीका लागि खोलेको विज्ञापनको नतिजाको अंश हो यो, जसले चाहिनेभन्दा कति थोरै संख्यामा सैन्य जनशक्ति भर्ना भइरहेका छन् भन्ने तस्बिर दिन्छ। अझ डरलाग्दो पक्ष त दुई वर्षदेखि नेपाली सेनाको रिक्त दरबन्दी पूर्ति यही हालतबाट गुज्रिरहेको छ । सैन्य भर्नाको लिखित परीक्षा लोकसेवा आयोगले लिन थालेपछि सेनाले खेपैपिच्छे यस्तो दुर्दशा बेहोर्नुपरेको तथ्यांकले पुष्टि गर्छ। ०७२ असोजदेखि नयाँ संविधान लागू

नेपाली सेनामा भर्ती हुन शारीरिक जाँचका क्रममा परीक्षार्थी

भएपछि लोकसेवा आयोगले अधिकृतस्तरीय ६ वटा परीक्षा लिएकामा एउटाबाहेक जम्मैमा माग संख्याको आधासमेत पास भएनन् ।

स्मरणीय छ, लिखित परीक्षाको जिम्मेवारी आयोगलाई दिने विषयमा सेनाले गम्भीर असहमति दर्ज गरेको पृष्ठभूमिमा नतिजाको हालत यस्तो आएको हो । चाहिँदो जनशक्ति पूर्ति हुन समस्या बन्दै गएपछि सेना दोहोऱ्याएर विज्ञापन गरिरहनुपर्ने बाध्यात्मक अवस्थामा पुगेको छ । आयोगले जिम्मा लिएपछि नै सेना यस्तो मोडमा पुग्नु रोचक छ । जस्तो कि, आवश्यक जनशक्ति नछानिएपछि ०७३ र ०७४ दुवै वर्ष सेनाले पुनः विज्ञापन गरेको थियो । दोहोऱ्याउँदासमेत चाहिने संख्यामा छनोट हुन सकेनन् । ०७३ मंसिरमा १ सय ५० दरबन्दीका लागि परीक्षा लिएकामा १ सय २६ जना मात्रै पास भए । त्यसपछि सेनाले पुनः फागुनमा परीक्षा लिँदा झनै कम उत्तीर्ण भए । पहिलेको अपुग र पछि खाली भएकासहित १ सय ३ जना चाहिएकामा ६९ जना मात्रै सफल भए ।

भुल्न नहुने तथ्य के छ भने सेना आफैंले भर्ना गर्दा अधिकृत तहमा कहिल्यै माग संख्याभन्दा कम पास हुने गरेका थिएनन् । द्वन्द्वकालमा अधिकृतभन्दा तल्लो दर्जामा भने चाहिनेभन्दा कम भर्ना हुने गर्थे । यसले सैन्य भर्ती, सरुवा-बढुवामा अपारदर्शी र नातावाद हावी हुने गरेको भनेर विगतमा सेनामाथि लाग्दै आएको आरोपलाई बल पुऱ्याएको छ ।

सम्भवतः आफ्नो यही भेद खुल्ने भयले नै जंगी अड्डाले आयोगलाई लिखित परीक्षाको अधिकार दिने कुराको खुलेर प्रतिवाद गरेको थियो, त्यसबेला । संविधानको धारा २४३ को उपधारा (२) मा नेपाली सेनाको जुनसुकै पदमा पदपूर्ति गरिँदा लिखित परीक्षा आयोगले लिने व्यवस्था छ । जसमा प्रस्ट लेखिएको छ, 'निजामती सेवाको पदबाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्नेछ ।' यही संवैधानिक प्रावधान अनुसार दुई वर्षयता सैन्य पदपूर्तिमा आयोगले लिखित परीक्षा लिँदै आएको छ । संयोग कस्तो भने सैन्य भर्ना प्रक्रियामा आयोगको प्रवेश भएपछि उत्तीर्ण संख्या नाटकीय रूपमा खुम्चियो ।

किन कम उत्तीर्ण !

जंगी अड्डाले यो संवैधानिक प्रावधान निकै ढिलो गरी भेउ पायो र रोक्न सकेन । तर, लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई भने सेनाले रोक्न सफल रह्यो । संसद्मा दर्ता भइसकेको विधेयक पास नै हुन पाएन, सेनाको विरोधका कारण । तत्कालीन रक्षामन्त्री बालकृष्ण खाँणमार्फत लबिङ गरेर सेनाले यो विधेयक संसद्मा रोकेको थियो । विधेयकप्रति सेनाले साउन ०७३ मा ५ बुँदे लिखित असहमति सार्वजनिक गरेको थियो, जसमा सेनालाई अन्य सरकारी सेवाको परिभाषाभित्र समावेश नगरी छुट्टै सैनिक सेवा उल्लेख गरिनुपर्ने, पदपूर्तिका लागि माग फाराम भरेर आयोगमा पठाउनुपर्ने प्रावधान सेनाको हकमा अनुपयुक्त हुने, बढुवा गर्दा लिखित परीक्षा/परीक्षा दस्तुर, दरखास्त फारामजस्ता प्रावधान असान्दर्भिक रहेको, लिखित परीक्षाको परीक्षाफल भर्ना तालिका अनुसार तोकिएकै समयभित्र प्रकाशित गरिनुपर्ने र बढुवा समितिमा आयोगको प्रतिनिधित्व रहने प्रावधान संविधानविपरीत एवं अव्यावहारिक भएको भन्ने थियो । यस्ता गुनासा सैन्य संगठनले रक्षा मन्त्रालय र लोकसेवामा पठाएको थियो ।

जंगी अड्डाले मतभेद प्रकट गरेको उक्त विधेयकको दफा १७ (२) मा रिक्त पदपूर्तिका लागि तोकिए बमोजिमको माग फाराम आयोगमा पठाउनुपर्ने कुरा उल्लेख छ भने दफा २० (२) मा खुला प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन गर्नुपर्नेलगायतको व्यवस्था छ । तत्कालीन सैनिक प्रवक्ता सहायक रथी ताराबहादुर कार्कीले सेनासँग परामर्श नगरी ल्याइएको भन्दै आफूहरूका लागि विधेयक अमान्य हुने अभिव्यक्ति दिएका थिए । यसलाई सेनाले संविधान मान्न अस्वीकार गरेको भनेर टिप्पणीसमेत भएको थियो । "संसारभरिको सेना संकुचित हुन्छ । यस्तो चरित्र हाम्रो सेनामा कहिलेकाहीँ बढी नै देखिन्छ । उनीहरूमा पुरातनवादी सोच व्याप्त छ," आयोगका प्रमुख आयुक्त उमेशप्रसाद मैनाली भन्छन् ।

वास्तवमा जंगी अड्डा आफ्ना काम-कारबाहीलाई पारदर्शी र जवाफदेही बनाउन चाहँदैन थियो । त्यही भएर आयोगलाई रोक्न उसले जोडबल गरेको थियो । यो कुरा किन पनि पुष्टि हुन्छ भने आयोगले परीक्षा लिनासाथै सैन्य भर्नाको रफ्तारमा ब्रेक लाग्यो । "सेनामा कसरी, को-को भर्ना हुन्थे भन्ने सबैलाई थाहा छ," आयोगका एक आयुक्त भन्छन् । हुन पनि राणाकालमा हुकुमी शैलीमा सेनामा जागिर लगाइन्थ्यो । राणाका सन्तति भएपछि स्वतः सेनाका उच्च पदमा आसीन हुन्थे रोलक्रममा । आयोगले भर्नाको जिम्मेवारी लिनुअघि ठ्याक्कै यही शैली त थिएन । तर, आफ्नालाई भर्ना गर्ने परिपाटी बाक्लै थियो । सैन्य भर्नामा क्षमताभन्दा सम्बन्ध, पैसाको लेनदेन हावी हुने गरेको गुनासो व्यापक थियो । कोहीसँग सम्बन्ध, सम्पर्क नभएकालाई सेनामा जागिर खान हम्मे पर्थ्यो । आयोगको नतिजाले सेनामा योग्यभन्दा सम्बन्धका भरमा भर्ना हुने हिजोको परिपाटीलाई समेत उजागर गरिदिएको छ ।

सेनामा उत्तीर्ण कम हुनुको अर्को पाटो पनि हुन सक्छ । थोरै उत्तीर्ण दरले योग्य मानिसको रोजाइमा सेनाको जागिर पर्न छाडेको हो कि भन्ने आशंकासमेत जन्माएको सेनाका अवकाशप्राप्त उपरथी हिमालय थापाको भनाइ छ । "जे-जस्ता कारणले भए पनि यो गम्भीर कुरा हो," उनी भन्छन् ।

अपूरो भर्ना शृंखला

	फागुन ०७४	मंसिर ०७४	साउन ०७४	जेठ ०७४	फागुन ०७३	मंसिर ०७३
	अधिकृत	अधिकृत	अधिकृत	अधिकृत	अधिकृत	अधिकृत
माग	१५०	१५०	४०	४५	१०३	१५०
परीक्षार्थी	१४७८	१३३५	४५	५४	८३३	११९२
उत्तीर्ण	७३१	१८	८	४	६९	१२३

स्रोत : लोकसेवा आयोग

खाली दरबन्दी

अधिकृत	अन्य
१,२००	४,२००

खाली

स्रोत : नेपाली सेना

व्यावसायिकतामा व्यवधान

०७३ मा अधिकृत क्याडेटमा करिब तीन सय जना माग गर्दै विज्ञापन गर्‍यो, जंगी अड्डाले । तर, लिखित जाँचमा १ सय ९९ जना मात्रै पास भए । यही नियति दोहोरियो, पछिल्लो वर्ष पनि । साउन ०७४ मा ४५ जना अधिकृत क्याडेटका लागि लिएको परीक्षामा ४ जना मात्रै सफल भए । त्यसपछि मंसिरमा १ सय ५० जनाका लागि भर्ना खोलेर परीक्षा सञ्चालन गरियो । तर, पास भए, १८ जना मात्र । यो चाहिने संख्याभन्दा ८८ प्रतिशत कम हो । थोरै संख्यामा मात्र उत्तीर्ण हुने क्रम नरोकिएपछि मुलुकको बाहय सुरक्षाको जिम्मेवारी लिएको जंगी अड्डाले आयोगमा 'मुलुकको शान्ति-सुरक्षामा दीर्घकालीन रूपमा असर पर्न सक्ने भन्दै' मौखिक सिकायत नै गर्‍यो । परीक्षामा सोधिने प्रश्नपत्र अप्ठेरो भएको गुनासोसमेत गर्‍यो सेनाले । त्यसपछि पुनः फागुनमा १ सय ५० जनाका लागि परीक्षा हुँदा भने ७ सय ३१ जना पास भए ।

फाइल फोटो

आयोगले ४० लाई न्यूनतम उत्तीर्ण अंकभार मान्छ । यो अंक पाउने सबैको सूची निकालेपछि जंगी अड्डाले मौखिक परीक्षा लिन्छ, जसमा आयोगका एक जनाको प्रतिनिधित्व रहन्छ । मौखिक परीक्षामा आयोगको उपस्थितिलाई समेत सेनाले रुचाउने गरेको छैन, जुन जंगी अड्डाले खुल्लमखुला व्यक्त गरिसकेको छ ।

चाहिँदो संख्यामा नयाँ भर्ती समयमै पूर्ति नहुँदा संगठनको व्यावसायिकतामा असर पर्छ नै । किनभने, उत्तीर्ण भएपछि तालिमका लागि सेनाको भक्तपुरस्थित खरिपाटीमा अवस्थित सैन्य प्रशिक्षण प्रतिष्ठानमा तालिम लिनुपर्छ । तालिमपछि उनीहरूको पदस्थापन हुन्छ । अहिले सेनाका करिब १ हजार २ सय अधिकृत तहको दरबन्दी खाली छ भने त्यसभन्दा तलका ४ हजार २ सय । "मागेजति संख्यामा दरबन्दी पूरा नहुने हो भने पछि गएर विभिन्न युनिट कमान्ड गर्ने कमान्डरकै अभाव हुन सक्छ," पूर्वउपरथी थापा भन्छन्, "किनभने भर्ना प्रक्रिया नै तीन-चार महिना हुन्छ । त्यसपछि तालिम गर्नुपर्छ । संगठनलाई चुस्त राख्ने कुरामा असर गर्नु भनेको सिंगो सेनाको व्यावसायिक क्षमता कमजोर बन्नु हो । योग्यलाई आकर्षित गरिएन भने सेना कमजोर बन्न सक्छ । मुलुक हाँक्नेहरूले सोच्नुपर्छ ।" ◆

FORTI FLAKES नै किन ?

बिहानीको नास्ता दिनको लागि सबैभन्दा महत्वपूर्ण आधार हुन्छ । एउटा राम्रो नास्तामा Proteins, Carbohydrates, Fats / Dietary Fiber (Macro nutrients) साथमा आवश्यक Vitamins / Minerals को मात्रा मिलेको हुनु पर्छ । हामीले नियमित सेवन गर्ने ***Corn Flakes*** मा Carbohydrates को मात्रा अधिक हुने जसमा Macro & Micro Nutrients को कमी देखिन्छ ।

FORTI FLAKES + को Corn Flakes मा Protein, Dietary Fibre, Vitamins र Minerals सबै पोषक तत्वहरूको सन्तुलित मात्रा पाउन सक्नु हुन्छ । त्यसैले हामी भन्न सक्छौ । *For more detail, please visit: www.evexianutri.com*

"***FORTI FLAKES+*** for a nutritious and balanced breakfast."



आधुनिक समयमा हाम्रो शहरी जीवनशैली, हामी जवान, बच्चा वा बृद्ध भएपनि दिनको शुरूवात Breakfast बाट शुरू हुन्छ, स्वस्थ Breakfast ले नै सर्किय दिनचर्यालाई चाहिने Energy दिएर हाम्रो शरिरको Metabolism लाई बलियो बनाउँछ । Normal Breakfast (Even Normal Corn Flakes) ले सायद शरिरलाई चाहिने जति Nutrition र Fortification नदिन पनि सक्छ । तर ***FORTI FLAKES Fortified Corn Flakes*** ले शरिरको आवश्यकता अनुरूपको Nutrition र Fortification को सही मात्रा प्रदान गर्छ ।

For more detail, please visit: www.evexianutri.com

हाम्रो भोजन हाम्रो स्वास्थ्यको साचो हो जसले हामीलाई सन्तुलित आहार दिन्छ र हाम्रो शरिरलाई चाहिने Carbohydrates, Protein, Fiber, Vitamins, Minerals जस्ता आवश्यक Nutrients प्रदान गर्छ । त्यसैले हामीले यो सुनिश्चित गर्नु पर्छ की हामीले दैनिक जिवनमा यी सबै पोषक तत्वहरू सही मात्रामा लिई राखेको छौं की छैनम् । जसको लागि हामी ***FORTI FLAKES CORN FLAKES*** प्रयोग गरौं र आफ्नो स्वास्थ्यको लागि ढुक्क हौं ।

For more detail, please visit: www.evexianutri.com

EVEXIA
Building Wellness

FORTI FLAKES®

For Diabetic

For Slimming

Natural Flavour

Strawberry Flavour

Honey Flavour

For Pregnancy

For Business Inquiry:
KEYFOODS INTERNATIONAL
your health care partner
Anamnagar-32, Kathmandu, Nepal
Tel: +977-1-4242443, 4223734
E-mail: keyfood.international@gmail.com

अर्थमन्त्रीज्यू, कस्तो बजेट



रामेश्वर खनाल

संघीय सरकारले ०७५ जेठ १५ मा प्रतिनिधि सभामा बजेट प्रस्तुत गर्दै छ। यो बजेटलाई विभिन्न कोणबाट अर्थ्याउन सकिन्छ। 'समृद्ध नेपाल, सुखी नेपाली' नारा कार्यान्वयन गर्ने पहिलो बजेट, वाम गठबन्धनको पहिलो बजेट वा संघीय गणतान्त्रिक संविधान अन्तर्गत निर्वाचित सरकारको पहिलो बजेट। जसरी भने पनि, आगामी बजेट निश्चित रूपमा महत्त्वपूर्ण छ।

यो बजेटमाथि थुप्रै आशा हुनु स्वाभाविक हो। आमनागरिकले आशा गर्न चाहेर मात्र होइन, सरकारले नै महत्त्वाकांक्षी कुरा र आकर्षक नारा प्रस्तुत गरेकाले आशा बढ्न गएको छ। वाम गठबन्धनको चुनावी घोषणापत्रको झन् कुरै नगरौँ ! विगतमा घोषणापत्रप्रति कुनै दल वफादार नरहेकाले यो सरकारले पनि बजेट निर्माण गर्दा आफ्नो घोषणापत्र पल्टाएर हेर्ला भन्ने आशा गरिएको होइन। त्यसमाथि, ढुकुटी भरिपूर्ण होला, सब ठीकठाक होला भन्ने अनुमानमा घोषणापत्र बनाएका थियौँ, ढुकुटी रित्तो फेला पर्‍यो, अवसरभन्दा दर्जन गुणा बढी समस्या देखिए। त्यसकारण घोषणापत्रमा उल्लेख गरे बमोजिम गर्न सकेनौँ भनेर सरकारले भन्न सक्ने सम्भावना त छँदै छ।

बजेटको आकार असामान्य रूपमा वृद्धि हुँदै कुल गार्हस्थ्य उत्पादनको तुलनामा ४० प्रतिशत नाघ्यो। आर्थिक वर्ष ०७३/७४ को बजेट, एक हजार अर्ब रुपियाँ नाघेको पहिलो बजेट, आर्थिक वर्ष ०७१/७२ को यथार्थ खर्चको तुलनामा १ सय ९७ प्रतिशतले बढी थियो। चालू आर्थिक वर्षको बजेट १२ खर्ब ७९ अर्ब रुपियाँ आर्थिक वर्ष ०७२/७३ को यथार्थ खर्चको तुलनामा २ सय १३ प्रतिशतले बढी थियो।

प्रत्येक दुई वर्षमा बजेटको आकार यथार्थ खर्च क्षमताको तुलनामा दोब्बरभन्दा माथि गर्ने यो संस्कृतिले सरकारी प्रणालीमाथि आममानिसको विश्वास झन् कमजोर बन्दै गएको छ। ठूलो आकारको र चित्ताकर्षक नाराले भरिएको बजेट प्रस्तुत गर्नेबित्तिकै पार्टी लोकप्रिय हुन्छ भन्ने माओवादी र समष्टिगत रूपमा वामपन्थीहरूको धारणा हो। यही कारणले पनि बजेट प्रस्तुत गर्ने बेलामा वामपन्थी अवरोध उग्र हुने गर्थ्यो। आर्थिक वर्ष ०६६/६७ को बजेट प्रस्तुत गर्न आफ्नो आसनबाट उठेर तत्कालीन संविधानसभाको रोष्ट्रमतर्फ लम्किँदै

> **विगतको यथार्थ के हो भने ठूलो आकार र चित्ताकर्षक नारासहितको बजेट ल्याउँदैमा मात्र कुनै पार्टी लोकप्रिय भएको छैन ।**

गरेका अर्थमन्त्री सुरेन्द्र पाण्डेको हातबाट बजेट वक्तव्यको ब्रिफकेस खोसेर तोडफोड गर्ने माओवादी नेतृत्वको मानसिकता बजेट प्रस्तुत गरेकै कारणले एमाले पार्टी लोकप्रिय होला कि भन्ने भयले निर्देशित थियो। पहिलो संविधानसभाको निर्वाचनलगत्तै आर्थिक वर्ष ०६५/६६ को बजेट प्रस्तुत गर्ने बेलामा तत्कालीन माओवादी पार्टीका शीर्ष नेताहरूले बजेट पेस गर्न नदिने अड्डी लिएपछि अन्तरिम संविधान नै संशोधन गरेर विशिष्ट प्रकृतिको अन्तरिम बजेट ल्याइएको थियो। तर, विगतको यथार्थ के हो भने ठूलो आकार र चित्ताकर्षक नारासहितको बजेट ल्याउँदैमा मात्र कुनै पार्टी लोकप्रिय भएको छैन।

यसपटक आममानिसको भरोसा सरकारमाथि जति छ, त्यसभन्दा बढी अर्थमन्त्री युवराज खतिवडामाथि छ। बजेटको आकार र नारामा उहाँले आफ्नो लोकप्रियता खोज्नुहुन्छ कि वक्तव्य सुन्दा अप्रिय लागे पनि लगातार दुई वर्षको उच्च आर्थिक वृद्धिलाई लय दिने बजेट ल्याउने प्रयत्न गर्नुहुनेछ, यसको निर्क्योल उहाँले नै गर्नुपर्नेछ।

ल्याउने ?

सात दशक लामो संघर्षपछि मुलुकले पाएको संविधान संस्थागत गर्ने दिशामा बजेट आउँछ कि तलकाले सक्दैनन्, गर्ने हामीले नै हो भन्ने मानसिकताबाट आउँछ, यो पनि हेर्नुपर्ने अर्को विषय हो ।

बजेटको आकारबारे बहस सुरु गरौं । विगत तीन वर्षका बजेट ज्यादै ठूलो आकारका हुन् । पुनःनिर्माण आवश्यकताका कारण अघिल्ला वर्षका आर्थिक वर्ष ०७२/७३ र पछिका केही वर्षसम्म बजेटको आकार केही ठूलो हुनु स्वाभाविक हो । खर्च गर्ने क्षमता, आयोजना तथा कार्यक्रमको पूर्वतयारी अवस्थाजस्ता विषयमा ध्यान नपुर्‍याई विनियोजन गरिएको पुँजी निर्माणसम्बन्धी बजेट खर्च हुन सकेको छैन । तलब-भत्ता, सामाजिक सुरक्षा र अन्य उपभोग्य खर्चका लागि बजेट जति बढाउँदै लग्यो, त्यति नै खर्च भएको छ । ०७१/७२ पछिका तीन आर्थिक वर्षमा विगतको तुलनामा प्रत्येक वर्ष उठाइने आन्तरिक ऋणको रकम पनि बढ्दै गएको छ । जसले गर्दा सरकारी वित्त असन्तुलित हुँदै गएको छ । जब-जब बजेटको आकार बढाउँदै लागिएको छ, तब-तब वित्तीय असन्तुलन बढ्दै गएको छ । किनभने, पुँजीगत खर्च भने जति हुन सक्दैन । चालू र सालबसाली दायित्व बढ्ने खालका खर्च भएरै छाड्छ । सरकारले लक्षित आन्तरिक ऋण खर्च भइहाल्ला कि भन्ने अनुमानमा उठाउँछ, जसले गर्दा निजी क्षेत्रमा जाने कर्जामा कमी आउँछ वा वित्तीय प्रणालीमा तरलताको कमी हुन्छ ।

विगतमा वित्तीय सन्तुलन कायम गर्न र सरकारी खर्चको प्रभावकारिता वृद्धि गर्न अघिल्लो वर्षको बजेटको आकारको तुलनामा कम गरिएको उदाहरण पनि छ । आर्थिक वर्ष ०५९/६० को कुल बजेट ९६ अर्ब १२ करोड रुपियाँलगत्तै अघिल्लो वर्षको ९९ अर्ब ७९ करोडभन्दा कम मात्र होइन, करिब दुई सय आयोजना तथा कार्यक्रम बजेटबाट झिकिएको थियो । पूर्वतयारी नपुगेका, काम गर्न नसकिने वा विनियोजित बजेटले आयोजनाको छेउ-टुप्पो कतै काम गर्न नपुग्ने गरी बजेट बनाइयो भने त्यसले दुरुपयोगलाई मात्र प्रश्रय दिन्छ ।

यसपटक सरकारी वित्तलाई ट्रयाकमा ल्याउन अर्थमन्त्रीले प्रत्येक आयोजना तथा कार्यक्रमको पुनर्मूल्यांकन गर्नु आवश्यक छ । जथाभावी, राजनीतिक लोकरिझ्याइँका लागि, स्वीकृति दिइएका बहुवर्षीय विनियोजन प्रत्याभूतिको समीक्षा आवश्यक छ । रणनीतिक महत्त्वका आयोजना सम्पन्न नहुन्जेल बजेट अभाव नहोस् भनेर असल मनसायले ल्याएको बहुवर्षीय बजेट प्रत्याभूतिको जसरी दुरुपयोग भयो त्यसले वर्तमान अर्थमन्त्रीको हात बाँधिनुहुँदैन ।

कतिपय यस्ता कार्यक्रम छन्, जो सुन्दा लोकप्रिय लाग्छन्, जसको आर्थिक र सामाजिक उद्देश्यमा प्रश्न गर्ने ठाउँ रहँदैन । तर, तिनको कार्यान्वयनले ल्याएको परिणाम कमजोर मात्रै होइन, ठीक विपरीत छ वा त्यसको पटक-पटक दुरुपयोग हुने सम्भावना छ भने त्यस्ता कार्यक्रमको कार्यान्वयन विधि वा सिद्धान्तमा पुनरावलोकन आवश्यक छ । उदाहरणका लागि, लोकप्रिय रहेको 'आफ्नो गाउँ आफैं बनाऔं' विभिन्न बेलामा नाम परिवर्तन हुँदै चालू वर्षदेखि यो शीर्षक हटेको छ । यस प्रकृतिको बजेट अधिकारसम्पन्न गाउँपालिकाहरूले वित्तीय समानीकरण अनुदानका रूपमा पाउन थालेका छन् । यसको परिणामको संक्षिप्त समीक्षा दृष्टान्त यहाँ प्रस्तुत गरिएको छ ।

'आफ्नो गाउँ आफैं बनाऔं' कार्यान्वयनको करिब २२ वर्षपछि के भयो ? आफ्नो गाउँ बन्यो कि, मलेसिया वा कतारको ? ०४८ देखि ०५८ को दसवर्षे अवधिमा मुलुकको जनसंख्या २५ प्रतिशत बढ्यो भने काठमाडौंको जनसंख्या ५६ प्रतिशतले । त्यसपछिको दशकमा कुल जनसंख्या १५ प्रतिशतले बढ्यो जबकि काठमाडौंको १ सय ९ प्रतिशतले ।

बजेटले चाहे बमोजिम मानिसले आफ्नो गाउँ आफैं बनाएनन् । सक्नेले काठमाडौं बनाए, नसक्नेले कतार, मलेसिया बनाए ! गाउँले रोजगारी वा आर्थिक अवसर सिर्जना गर्न सकेन । रोजगारी वा आर्थिक अवसरका निम्ति युवाहरूले गाउँ छाड्नुपर्‍यो । प्राकृतिक वातावरण मनोरम भए पनि धेरै मानिसका लागि गाउँ आकर्षण रहेन । सशस्त्र द्वन्द्व एक हदसम्म एउटा कारण होला । तर, मूलभूत रूपमा 'आफ्नो गाउँ आफैं बनाऔं' सँगै जानुपर्ने कनेक्टिभिटी, शिक्षा र स्वास्थ्य सेवा सुधारका कार्यक्रम प्रभावकारी हुन सकेनन् वा त्यसतर्फ ध्यान नै पुगेन । साथै, पैसासँगै जसरी अधिकार जानुपर्थ्यो र आवधिक निर्वाचन हुनुपर्थ्यो, त्यो हुन सकेन ।

यदि संघीयतालाई सफल बनाउने हो भने, 'आफ्नो गाउँ आफैं बनाऔं' को पाठबाट सिकेर स्थानीय तहमै रोजगारी तथा आर्थिक अवसर सिर्जना गर्न र गाउँमा नागरिकले खोज्ने आधारभूत सुविधा

दिन सहयोग पुग्ने कार्यक्रम संघीय तथा प्रादेशिक सरकारबाट वित्तीय समानीकरण अनुदानको पूरकका रूपमा लैजानैपर्छ ।

ज्येष्ठ नागरिक, एकल महिला, फरक क्षमतायुक्तको सामाजिक सुरक्षा कार्यक्रम निश्चित रूपमा सामाजिक न्यायका लागि मात्र होइन कि समष्टिगत रूपमा लगानी वातावरण सुधार्न पनि आवश्यक छ । तर, यस्तो अवधारणालाई राजनीतिक लाभका निम्ति दुरुपयोग गरिएको छ । यहाँसम्म कि अघिल्लो सरकारले निर्वाचनमा पराजयपछि लोकप्रियता मिल्छ भन्ने आशमा नयाँ सरकारलाई जिम्मेवारी सुम्पनुअघि रकम वृद्धि गर्ने निर्णय गरिछाड्यो । आगामी बजेटले सामाजिक सुरक्षाका सबै कार्यक्रमलाई एकीकृत र पूर्वानुमानयोग्य (प्रेडिक्टेबल) तुल्याएर भविष्यमा लोकप्रियताका लागि राजनीतिक दुरुपयोग गर्न सक्ने सम्भावना अन्त्य गर्नु आवश्यक छ ।

कतिपय कार्यक्रम समयक्रममा निरपेक्ष ढंगले पुनरावलोकन नहुँदा दोहोरिएका छन् । गरिबी निवारण कोष छ, भौगोलिक क्षेत्रगत गरिबी निवारण कार्यक्रम छन् । अनि, गरिबसँग विश्वेश्वर कार्यक्रम छ । तालिम, सीप विकास, जनशक्ति विकासका कार्यक्रम छरपस्ट छन् । यस्ता कार्यक्रम एकीकृत गर्दा खर्चको प्रभावकारिता बढ्छ र अनावश्यक शिरोभार खर्च कम हुन्छ । अहिले पनि निर्वाचन क्षेत्र विकास कार्यक्रम वा सांसद विकास कोष राख्नुपर्ने दबाब अर्थमन्त्रीलाई पक्कै पर्ला ।

अहिले ढुकुटी रित्तो छ भनिएका बेलामा संघीय बजेटले दुरुपयोगलाई समर्थन मिल्ने कुनै पनि कार्यक्रम राख्नुहुँदैन । ढुकुटी भरिपूर्ण भएको अवस्थामा पनि स्थानीय र प्रादेशिक तहको विकास प्रतिस्पर्धी बन्ने हिसाबले संघीय सांसद उपस्थित हुनुहुन्न । दुरुपयोग तथा वित्तीय अनुशासनहीनताको बिम्ब बनेका यस्ता कार्यक्रम राख्नुपर्छ भन्ने दबाबलाई अर्थमन्त्रीले ठाडै नकार्न सक्नुपर्छ ।

यसपालि प्रदेशहरूले आफ्नो सीमाभित्र रहेर तर्जुमा गरेको बजेट टिठलाग्दो छ । प्रत्येक प्रदेशका आ-आफ्ना सपना र सोच छन् । प्रदेश र स्थानीय सरकार जनताको जति नजिक छन्, त्यति नजिक संघीय सरकार हुन सक्दैन । जति नागरिक नजिक भयो, सरकार त्यति बढी उत्तरदायी हुन बाध्य हुन्छन् । प्रदेशमा रहेको जिम्मेवारी र उत्तरदायित्व, सपना र सोच बमोजिम स्रोतको प्रबन्ध पुगेको छैन । आगामी संघीय बजेटले सकेसम्म बढी स्रोत प्रादेशिक तथा स्थानीय सरकारका हातमा पुर्‍याउनु आवश्यक छ ।

आगामी बजेटको चुनौती बजेटका अंकलाई सन्तुलित बनाउने र संघीयता सहयोगी विनियोजन गर्ने मात्र होइन, त्यसभन्दा ठूलो चुनौती, कोषको आवश्यकता नपर्ने नीतिगत सुधारको हो । परिस्थिति, मौसम, उत्साह वा उद्यमशीलता जेसुकैले साथ दिएकाले भनौं, धेरै वर्षपछि मुलुकले लगातार दुई वर्ष तुलनात्मक रूपमा उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने देखिएको छ । यकिन आँकडा आउन अझै एक वर्षभन्दा बढी लाग्ला । तर, जुन हिसाबले आर्थिक गतिविधिमा बढोत्तरी र मानिसको क्रयशक्ति बढेको देखिएको छ, त्यसका आधारमा भन्न सकिन्छ, अन्तिम आँकडा अहिले अनुमानितभन्दा बढी नै होला । यो एउटा गति हो र यसलाई लय दिन आवश्यक छ । एकपटक अवरुद्ध भयो भने फेरि लय समात्न दशकौं लाग्छ । हामीले आर्थिक वर्ष ०५२/५३ पछि यसलाई भोगिसकेका छौं ।

यो दुई वर्षमा उच्च दरले उत्पादन वृद्धि भएका क्षेत्र रोजगारीप्रधान पनि छन्, खानी उत्खनन्, उत्पादनशील उद्योग, निर्माण, होटल तथा रेस्टुराँ र थोक तथा खुद्रा व्यापार । ऊर्जा उत्पादन आगामी केही वर्षसम्म अर्को उच्च आर्थिक वृद्धि दिने क्षेत्रका रूपमा उदाउँदैछ ।

करिब आठ वर्षअघि औद्योगिक पूर्वाधार विकास कार्यक्रम सुरु गरी चुनढुंगा खानी र सिमेन्ट उद्योगसम्म पुग्ने सडक र विद्युत् प्रसारण लाइन निर्माणमा दिइएको जोडले अहिले खानी र उत्पादनशील उद्योगले आर्थिक वृद्धिमा योगदान दिएका छन् । मध्यपहाडमा कतिपय ठाउँमा सडक पुगेलगत्तै निजी क्षेत्रले जलविद्युत् आयोजना निर्माणमा लगानी बढाएका छन् । होटल तथा रिसोर्टमा नयाँ लगानी गरेका छन् । राजमार्ग फराकिलो पर्दै गर्दा र विमानस्थल निर्माण गर्दै गर्दा निजी क्षेत्रले आधुनिक सुविधासम्पन्न होटल स्थापना गरिसकेका छन् । कतिपय अवस्थामा प्रक्रियागत र नीतिगत अवरोधले निजी क्षेत्रका आयोजना निर्माण पनि जुन गतिमा हुनुपर्ने, त्यो भने हुन सकेको छैन ।

यदि खानी, उत्पादनशील उद्योग, जलविद्युत् र पर्यटनलाई मात्र लक्षित गरेर सडक, निर्माणाधीन अन्तर्राष्ट्रिय (वा क्षेत्रीय) विमानस्थल र अन्य भौतिक पूर्वाधारमा पर्याप्त रकम विनियोजन, कुशल कार्यान्वयन संयन्त्र र यी विषय क्षेत्रमा रहेका अवरोध कम गर्न नीतिगत सुधार मात्र गर्ने हो भने आगामी आर्थिक वर्षमा ८ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्यलाई उच्च मान्न सकिँदैन ।

यो बजेटले ध्यान दिनुपर्ने कम खर्चिलो तर सबैभन्दा महत्त्वपूर्ण विषय, वैदेशिक रोजगारीमा गएकालाई फर्केर नेपालमै व्यवसायमा लगानी गर्न उत्प्रेरित गर्नु हो । यसका निम्ति व्यवसाय प्रारम्भ गर्न आवश्यक विद्यमान प्रक्रिया, शुल्क र प्रशासनिक झमेलामा व्यापक सरलीकरण गर्न आवश्यक छ । विद्यालय शिक्षा उत्तीर्ण गरेको वा विदेशमा केही वर्ष काम गरेर फर्केको एउटा युवाले व्यवसाय सुरु गर्नुपर्‍यो भने कहाँ, कसरी दर्ता गर्ने भनेर अलमलिनुपर्ने अवस्था छ ।

सबै प्रकृतिका संगठित व्यावसायिक संस्थाको दर्ता एकै छानाबाट किन दिन सकिन्न ? असीमित दायित्वका फर्म वा साझेदारी दर्ता गर्नुपर्‍यो भने सरकारलाई पुँजीबारेमा जानकारी किन आवश्यक पर्छ ? दर्ता गर्दा नै पुँजीका आधारमा सरकारले शुल्क किन लिनुपर्‍यो ? यी र यस्ता कतिपय विषयमा 'किन' भन्ने प्रश्न गर्ने हो भने सुधार गर्नुपर्ने धेरै विषय फेला पर्छन् । युवालाई आर्थिक गतिविधिमा सरिक हुन जति सजिलो गरायो त्यति नै तीव्र गतिमा विकास हुन्छ । त्यसकारण आगामी बजेट अंकका हिसाबले यथार्थपरक होस् र अवरोध कम गर्ने नीतिगत सुधारको दस्तावेज बनोस् ! ◆



"अर्थमन्त्री खतिवडाले आफ्नो लोकप्रियता खोज्नुहुन्छ कि वक्तव्य सुन्दा अप्रिय लागे पनि लगातार दुई वर्षको उच्च आर्थिक वृद्धिलाई लय दिने बजेट ल्याउने प्रयत्न गर्नुहुनेछ, यसको निक्र्योल उहाँले नै गर्नुपर्नेछ ।"

नेपाल गुणस्तर चिन्ह प्राप्त
ISO CERTIFIED COMPANY
जस्मिन पेन्ट्स
Since 1994
INFRARED REFLECTIVE PAINT
7 Years warranty
LOW VOC
JASMINE PAINTS
Jasmine
Exterior COOL PAINT
JASMINE PAINTS
ROYAL GLAZE
EXTERIOR EMULSION
JASMINE PAINTS
Home & Trime
Premium Luxury
INTERIOR EMULSION
JASMINE PAINTS
नेपाली मनको नेपाली रङ्ग
www.jasminepaintsnepal.com
www.facebook.com/jasminepaintsnepal

तस्बिर : हेमन्त श्रेष्ठ

माओवादको मै

एमालेसँग एकताका निम्ति १० वर्षे सशस्त्र विद्रोहको मार्गदर्शक सिद्धान्त परित्याग

■ **माधव बस्नेत**

सशस्त्र युद्ध सकिएको १२ वर्ष नाघिसक्दासम्म पार्टी कार्यालयका तस्बिर र साइनबोर्डमा बाँचिरहेका माओत्से तुङको अब वैचारिक अन्त्य भएको छ। पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेकपा माओवादी केन्द्र ३ जेठ ०७५ को मदन-आश्रित दिवससँगै नेकपामा परिणत भएसँगै आफ्नो मार्गदर्शक सिद्धान्तबाट माओवाद हटाइदिएको छ, अनि ब्यानरबाट माओको नाम र तस्बिर। स्मरण रहोस्, प्रचण्डलाई संशोधनवादी मान्दै उनीबाट छुटेर गएका मोहन वैद्य 'किरण'ले पनि यसअघि नै आफ्नो पार्टीको नामबाट माओवाद हटाइसकेका छन्। आफूलाई वैद्यभन्दा अझ क्रान्तिकारी दाबी गर्ने विप्लव समूहले समेत फागुन ०७३ मै माओवादी नाम झिकिसक्यो। अनि, माओवादी युद्धका 'आर्किटेक्ट' पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई पनि ९ असोज ०७२ मै माओवादी विचारशिविर भत्किन लागेको भन्दै रातो स्टिकर टाँसेर बाहिरिए। अर्थात्, अब नेपालमा औपचारिक रूपमा माओवादी पार्टी छैन।

फागुन ०५१ मा नेकपा एकता केन्द्रबाट



झारो

विभाजित समूहले आफ्नो पार्टीको नाम नेकपा माओवादी राखेको थियो । तर, आफूले विगतमा संसद्वादी बुर्जुवा पार्टी आरोपित गर्दै आएको एमालेसँग एकीकरणसँगै प्रचण्ड मार्क्सवाद-लेनिनवाद मात्रै स्वीकार गर्न तयार भए । र, ४४ वर्षपछि अन्ततः माओवादलाई औपचारिक रूपमै तिलान्जली दिए ।

माघ-फागुन ०५७ भएको दोस्रो राष्ट्रिय सम्मेलनबाट माओवादीले मार्गदर्शक सिद्धान्तमा माओवादमाथि प्रचण्डपथसमेत थपेको थियो । २९ पुस ०६५ मा नारायणकाजी श्रेष्ठ नेतृत्वको

अन्तिम निशानी : पेरिसडाँडास्थित माओवादी केन्द्रको मुख्यालयको ब्यानर हटाउँदै कार्यकर्ता, ४ जेठ ।

नेकपा एकता केन्द्रसँग एकीकरण गर्दा माओवादीले प्रचण्डपथ छाड्यो भने एमालेसँग एकता गर्दा माओवाद ।

त्यसो त सिद्धान्त परित्याग गरेको सीधै घोषणा गर्दा अनेकन लान्छना लाग्ने भएकाले एकीकृत पार्टीको महाधिवेशन नहुँदासम्म माओवादलाई बहसमा लैजाने 'देखावटी' समझदारी भएको छ । यो माओवादी केन्द्रको मूलधारका लागि नाक जोगाउने सजिलो उपाय हो ।

"माओवादी केन्द्रले माओवाद छाडेकै हो, यसमा कुनै शंकै छैन," एमालेतिरका एक नेकपा केन्द्रीय सदस्य भन्छन्, "किनभने हालको एमालेले औपचारिक रूपमा ०३९ बाटै माओवादलाई परित्याग गरिसकेको छ । त्यसैले महाधिवेशनसम्मको दुई वर्ष त के ! दसौं वर्ष बहसमा लगे पनि माओवादमा फर्कन सम्भव छैन ।"

हुन पनि एकीकृत पार्टीको स्थायी समिति, केन्द्रीय समिति र महाधिवेशनमा प्रतिनिधिसमेत एमालेकै बहुमत हुने भएकाले तत्तत् निकायमा माओवाद पारित नहुने निश्चित छ । नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता नारायणकाजी श्रेष्ठका शब्दमा एकीकृत कम्युनिस्ट पार्टीको मार्गदर्शक सिद्धान्तबाट माओवाद हटेको छ । तर, छलफल-बहसबाट भने हटिनसकेको उनको दाबी छ ।

"महाधिवेशनमा पुग्दासम्म माओ विचार, माओवाद वा माओका योगदानलाई कसरी आत्मसात् गर्ने, त्यसबाट नेपाली क्रान्तिले कसरी फाइदा लिने भन्ने विषयमा निर्णय हुन्छ," श्रेष्ठ भन्छन्, "लामो इतिहास बोकेको माओवाद छलफलमै भएकाले निर्णय नहुँदासम्म यसै भयो भन्नु हतारो हुन्छ । तर, तत्कालको मार्गदर्शक सिद्धान्त माओवाद होइन, मार्क्सवाद-लेनिनवाद हो ।"

माओवादलाई पथप्रदर्शक सिद्धान्त मानेरै माओवादीले १० वर्षे सशस्त्र गरेको जगजाहेरै छ । यसक्रममा माओवादीले 'बुर्जुवा शिक्षा वहिष्कार गरौं, माओवादको विश्वविद्यालयमा अध्ययन गरौं' भनेर विद्यालय/विश्वविद्यालय तहमा अध्ययन गरिरहेका हजारौं युवा विद्यार्थीलाई पूर्णकालीन बनायो । माओवादको विश्वविद्यालयमा भर्ती हुन भन्दै 'एक घर, एक पूर्णकालीन कार्यकर्ता' को नारा नै अघि सार्‍यो ।

माओवादको बहसमा पटक-पटक सहभागी भएका नेपाल कम्युनिस्ट पार्टीका नेता हेमराज भण्डारी १० वर्षे सशस्त्र विद्रोहकालीन मार्गदर्शक सिद्धान्तलाई थाती राखेको बताउँछन् । "महाधिवेशनसम्म पुग्दा माओवाद नै नभने पनि माओको नाम कसरी सम्झने भनेर एउटा निष्कर्ष निस्किएला । तत्काललाई मार्गदर्शक सिद्धान्त बाईबाई गरिएकै हो," भण्डारीको कथन छ, "माओवाद छाडेरै भए पनि उस्तै दर्शन, विचार, संगठन भएका दुई ठूला कम्युनिस्ट पार्टीबीच एकता हुनु ठूलो उपलब्धि हो ।"

माओवादको कुण्डली

नेकपा (माओवादी)ले माओवादलाई मार्ग निर्देशक सिद्धान्त बनाउन गरेको दुई लाइन संघर्ष, कलह, कारबाही, निष्कासनको फेहरिस्त लामै छ । माओवादलाई अंगीकार गर्न त्यस पार्टीभित्र भएका कहानी बुझ्न झन्डै तीन दशकको इतिहास खोतल्नुपर्ने हुन्छ । औपचारिक रूपमा ०५१ मा नेकपा (माओवादी) नाम जुराइए पनि ३० भदौ ०३१ मा भारतस्थित बनारसको श्रीकृष्ण धर्मशालामा भएको चौथो महाधिवेशनदेखि नै त्यस पार्टीले आफ्नो पथप्रदर्शक सिद्धान्त माओ विचारधारालाई बनाउँदै आएको थियो । मंसिर ०४१ मा भारतको अयोध्यामा भएको पाँचौं महाधिवेशनमा त माओ विचारधारा मात्र नभएर माओवाद नै भन्नुपर्ने प्रस्ताव पेस भएको थियो । तथापि, महाधिवेशनबाट अन्तिममा पथप्रदर्शक सिद्धान्त माओ विचारधारा नै पारित गरियो ।

अयोध्या महाधिवेशन भएको एक वर्ष पनि नपुग्दै माओ विचारधारा र दीर्घकालीन जनयुद्ध अंगीकार गर्न आनाकानी गरेको भन्दै वैद्य, प्रचण्ड, सीपी गजुरेल, रामबहादुर थापालगायतले मोहनविक्रम सिंहको समूहलाई कारबाहीको घोषणा गरेका थिए । अनि, माओवादको परीक्षण गर्ने भनेर चैत ०४३ मा काठमाडौं, ललितपुरका केही प्रहरी बुथमाथि हमला गरे । यो घटना सेक्टर काण्डका नामले चिनिन्छ ।

मंसिर पहिलो साता ०४८ मा प्रचण्ड नेतृत्वको नेकपा (मशाल), निर्मल लामा नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन), रूपलाल विश्वकर्मा नेतृत्वको सर्वहारावादी श्रमिक संगठन, हरिबोल गजुरेल नेतृत्वको विद्रोही (मसाल) र स्थानीय तहमा नेपाल कम्युनिस्ट पार्टी (जनमुखी)बीच पार्टी एकता भई महाधिवेशन भयो ।

चितवनको माडीमा १७ दिनसम्म चलेको उक्त महाधिवेशनमा देशभित्रका ६३ जिल्ला, प्रवास, विभिन्न विभाग, क्षेत्रसमेत गरी २ सय २२ जना प्रतिनिधि र ४९ जना पर्यवेक्षकको

के हो माओवाद ?

'हाम्रो यो योजना क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवाद-लेनिनवाद-माओवादका शिक्षामा आधारित हुनेछ। हाम्रो देशको विशिष्टता अनुसार 'गाउँबाट सहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्ध' का रूपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना र अपराजेय मार्क्सवादी सैन्य सिद्धान्तका रूपमा जनयुद्धको सिद्धान्तप्रति अविचल रहने प्रतिज्ञा गर्दछ।'

फागुन ०५१ मा आफ्नो नाम नेकपा (माओवादी) राखेपछि 'जनयुद्धको ऐतिहासिक पहलका लागि गरिएका सैद्धान्तिक प्रतिबद्धताहरू' को पहिलो नम्बर बुँदामै प्रचण्डले यस्तो उल्लेख गरेका थिए, जसलाई त्यस पार्टीका नेताहरूले एक मतले पारित गरे। यससँगै माओवादीले सैद्धान्तिक तथा वैचारिक तयारी, संगठनात्मक तयारी, भौतिक तथा प्राविधिक तयारी र प्रतिरोध तयारी गरी चार तयारीलाई तीव्र बनाएका थिए। यस अर्थमा माओवाद भनेको क्रान्तिकारी हिंसामार्फत राज्यसत्ता कब्जा गर्न प्रतिपादित दर्शन हो।

नेपालको उत्तरी छिमेकी चीनमा माओत्से तुङले सन् १९२७ देखि राज्यसत्ता कब्जा गर्न सशस्त्र संघर्ष सुरु गरेका थिए, जुन १९४९ सेप्टेम्बरसम्म कायम रह्यो। १९४९ मा माओले सशस्त्र संघर्षकै माध्यमबाट चीनमा सत्ता कब्जा गरे। त्यसक्रममा उनले ठूल्ठूला हिंसात्मक अभियान चलाएका थिए। र, यो अभियान चलाउने क्रममा विभिन्न योजना/सिद्धान्त अघि सारेका थिए। चीनमा माओले अघि सारेको त्यही बाटोबाट नेपालमा पनि सत्ता कब्जा गर्नुपर्छ भन्ने मान्यतालाई प्रचण्ड नेतृत्वको पार्टीले अंगीकार गऱ्यो। र, त्यसलाई माओवाद नाम दिइयो। चीनमा स्वयं माओले अघि सारेको सिद्धान्त, विचार, योजना, कार्यक्रमलाई त्यहाँ कहिल्यै माओवाद भनिएन।

हिंसात्मक युद्धमा विश्वास राख्ने, 'हिट एन्ड रन'का आधारमा छापामार आक्रमण गर्ने, खासगरी किसानलाई साथमा लिएर गाउँले सहरलाई घेर्ने रणनीतिमा आधारित भएर आधार इलाका निर्माण र स्थानीय सत्ता कब्जा गर्दै दीर्घकालीन जनयुद्धलाई क्रान्तिको आधारभूत कार्यनीति, रणनीति स्वीकार गर्नु नै माओवाद हो।

नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको लामो समय नबित्दै रुसपन्थी र चीनपन्थीबीच वैचारिक मतभेद सुरु भएको थियो। जसमध्ये चीनपन्थीहरू दीर्घकालीन जनयुद्धबाट मात्र राज्यसत्ता कब्जा गर्न सकिन्छ भन्ने विश्वासमा थिए। चीनमा माओले अघि सारेको सशस्त्र द्वन्द्वबाटै प्रभावित भएर ०२८ मा त्यहाँका कम्युनिस्ट युवाहरूले झापा संघर्ष सुरु गरेका थिए, जसलाई उनीहरूले दुई वर्षमै परित्याग गरे।

प्रचण्ड नेतृत्वको पार्टीले माओवाद स्थापित गर्नुअघि मोहनविक्रम सिंहदेखि निर्मल लामासम्मले त्यसलाई माओ विचारधारा भन्ने गरेका थिए। तर, माओ विचारधारा मात्र भन्दा माओले गरेको योगदान अपुग हुने भन्दै प्रचण्डहरूले आफ्नो मार्गदर्शक सिद्धान्तलाई माओवाद भन्न/लेख्न थाले। यहाँ माओवाद भन्न थाल्नुअघि पेरुमा गोन्जालोले माओवाद भन्न थालेका थिए। र, त्यहाँ चीनमा माओले गरे जसरी नै सशस्त्र संघर्ष गरेका थिए। तर, पेरुको राजधानी लिमा मात्र कब्जा गर्न बाँकी रहँदा गोन्जालो पक्राउ परे। हाल उनी जेलमै छन्। नेपालको दक्षिण छिमेकी भारतमा पनि चारु मजुमदार, कानु सन्यालहरूले माओबाटै प्रभावित भएर सुरु गरेको नक्सलवादी युद्ध अहिले भारतको ठूलो भू-भागमा फैलिइरहेको छ।

नेपालमा पनि प्रचण्डहरूले मार्क्सवाद-लेनिनवाद मात्र मान्नेहरू सच्चा कम्युनिस्ट हुन नसक्ने जिकिर गर्ने गरेका थिए। सच्चा कम्युनिस्ट हुन माओवादसमेत मान्नुपर्ने र दीर्घकालीन जनयुद्धको अस्त्र अपनाउनैपर्ने उनीहरूको दाबी थियो। अन्ततः पार्टीभित्र लामो बहससमेत नगरी आफैँले देवत्वकरण गर्दै आएको त्यही माओवादलाई एकाएक परित्याग गरियो।

सहभागिता थियो। महाधिवेशन स्थलमा माओ विचारधारा वा माओवादसम्बन्धी चर्को मतभेद भएको थियो। मशालका महामन्त्रीका रूपमा प्रचण्डले आधार इलाकासहितको दीर्घकालीन जनयुद्ध हुनुपर्ने र माओ विचारधारालाई माओवाद भन्नुपर्ने प्रस्ताव राखेका थिए। त्यसलाई मोहन वैद्य, सीपी गजुरेल, रामबहादुर थापा, देव गुरुङहरूको त समर्थन थियो नै, विद्रोही मसालका बाबुराम भट्टराई, सर्वहारावादी श्रमिक संगठनका फणीन्द्र आचार्यलगायतले समेत समर्थन गरेका थिए। प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा २ सय २२ मध्ये माओवादका पक्षमा १ सय ८८ मत पऱ्यो। माओवाद पारित भएपछि अल्पमत पक्षका निर्मल लामा, रुपलाल विश्वकर्मालगायत सन्तुष्ट हुन सकेनन्। माओवाद राख्ने वा नराख्ने विषयमा सुरु विवाद ०५१ मा आइपुग्दा पार्टी विभाजनसम्मै पुग्यो।

फागुन ०५१ मा चितवनमा सम्पन्न तेस्रो विस्तारित बैठकबाट प्रचण्ड नेतृत्वको तत्कालीन नेकपा एकता केन्द्रको बहुमतले पार्टीको नाम परिवर्तन गरी नेकपा माओवादी राखेको थियो। यससँगै माओवाद स्वीकार गर्न नमानेको र दीर्घकालीन जनयुद्धको विपक्षमा रहेको भन्दै निर्मल लामा, नारायणकाजी श्रेष्ठहरूलाई कारबाही गरिएको थियो। १२ वर्षअघि ०६३ मा युद्धबाट शान्तिमा आउँदाको नेकपा (माओवादी) लगत्तै पुरानो एकता केन्द्रसँग मिलेर एनेकपा माओवादी, अनि दुई वर्षअघि मोहन वैद्य समूहका वैद्यबाहेकका नेतासँग मिलेर माओवादी केन्द्र बन्न पुग्यो।

अहिले पार्टी एकतामा माओवादी केन्द्र माओवादबाट पछि हटेकोमा विप्लव समूह भने उत्साहित देखिएको छ। अब माओवादी रुझानका बाँकी नेता-कार्यकर्ता पनि आफ्नै समूहमा आउने त्यस समूहको आकलन छ। विप्लव समूहका नेता गुणराज लोहनीका भनाइमा माओवादी केन्द्रले एमालेसँग एकता गरेपछि तीनथरी नेता-कार्यकर्ता असन्तुष्ट छन्। पहिलो, विचारमा स्पष्ट भएका, दोस्रो, 'जनयुद्ध' मा त्याग, बलिदान, समर्पण गरेका र तेस्रो, पद नपाएकाहरू छन्। एकीकृत पार्टीका भण्डारीचाहिँ राजनीतिक, वैचारिक वा घोषित रूपमा देखिने गरी ठूलो असन्तुष्टि नदेखिएको बताउँछन्। भन्छन्, "आन्तरिक रूपमा फाट्टफुट्ट असन्तुष्टि हुन सक्छ। तर, खासै ठूलो असन्तुष्टि छैन।" ◆

आवरण तस्बिर (सशस्त्र युद्धताका 'प्रचण्ड'। उनी त्यसबेला नेकपा माओवादीका अध्यक्ष र जनमुक्ति सेनाका सुप्रिम कमान्डर थिए।)

विश्वासको प्रतिक
Jagadamba PLASTIC

नेपाल गुणस्तर चिन्ह प्राप्त

PVC PIPES & FITTINGS / CPVC PIPES & FITTINGS / WATER TANKS / HDPE PIPES / GARDEN PIPES /

Jagadamba
JAGADAMBA PLASTIC INDUSTRIES PVT.LTD.

ECONOMIC LONG LIFE EASY TO INSTALL

Website: www.manakamanagroup.com, E:jagadambaplastic@gmail.com

विशाल कम्युनिस्ट

तीन नेता, तीन रणनीति

ओली : पाँचै वर्ष प्रधानमन्त्री

प्रचण्ड : सहमतिमा एकल अध्यक्ष

नेपाल : ओलीलाई रिझाएर अध्यक्ष

जनक नेपाल

'सत्ता बन्दुकको नालबाट निस्कन्छ' भन्ने साम्यवादी विचार नेपालमा भने उल्टो प्रमाणित भएको छ। बहुदलीय प्रतिस्पर्धाबाट कम्युनिस्ट पार्टीले झन्डै दुई तिहाइ बहुमतको सरकार बनायो। अनि, कम्युनिस्ट गठबन्धनले सत्तामै रहेर आफ्नो पार्टी पुनःगठन गर्‍यो।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा ३ जेठमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले एकताको निर्णय गरे। पार्टी अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले अणुबमले समेत मार्न नसक्ने भनिएको बिरुवा जिन्को रोपे। र, त्यहीँ केन्द्रीय कमिटी सदस्यलाई मार्क्सवाद-लेनिनवादको सपथ खुवाए।

"सत्ताको केन्द्रमा रहेर कम्युनिस्ट पार्टी पुनःगठन हुनु असामान्य घटना हो," विश्लेषक झलक सुवेदी भन्छन्, "एकताले संसदीय कम्युनिस्टका रूपमा एउटा फरक सन्देश दिन खोजेको छ। कम्युनिस्ट भन्नासाथ तर्सिने अन्तर्राष्ट्रिय शक्तिलाई पनि पक्कै चकित पारेको छ।"

दुई ठूला कम्युनिस्ट पार्टीको एकताले सानातिना घटकलाई छाडेर वामपन्थीको एउटै केन्द्र बनेको छ। त्यसले गैरकम्युनिस्ट शक्तिलाई पनि एक ठाउँ उभिने दबाब परेको छ। त्यसो हुन सके मुलुक दुईदलीय प्रतिस्पर्धामा जाने स्थिति रहेको विश्लेषक सुवेदी बताउँछन्। यसले दक्षिण एसियाको शक्ति सन्तुलनमा समेत प्रभाव पार्न सक्ने उनी ठान्छन्।

तस्बिर : भास्कर ओझा

एकता हुनु चार दिनअघिसम्म एमाले र माओवादी शीर्ष तहमा धेरै आशंका थिए। दुई पार्टीले एकता टुंग्याउने जिम्मेवारी अध्यक्षद्वय ओली र प्रचण्डलाई दिएका थिए। उनीहरू दिन बिराउँदै एकल भेट गर्थे। निकटस्थहरू एकता बिग्रने स्थितिमा रहेको बताउँथे। २ जेठको भेट निर्णायक ठहरियो। एमालेका दिवंगत नेताद्वय मदन भण्डारी र जीवराज आश्रितको २५औँ स्मृति दिवसको एकै दिन दुई पार्टीले एकता घोषणा मात्र गरेनन्, एकीकृत पार्टी निर्वाचन आयोगमा दर्ता गर्नसमेत भ्याए। नेकपा प्रवक्ता नारायणकाजी श्रेष्ठ वैचारिक र राजनीतिक मुद्दा तीन महिनाअघि टुंगिएकाले धेरैले आशंका गरेजस्तो दुई पार्टी पछि फर्किने स्थितिमै नरहेको बताउँछन्। "नेताहरूको आपसी शंकाका कारण



पार्टीको अन्तर्कथा



केही ढिलो भएको हो," उनी भन्छन्, "नेताहरूको सोच मिल्नासाथ घोषणा भइहाल्यो ।"

९ वैशाखमा गर्ने भनिएको पार्टी एकता टरेपछि दुई शीर्ष नेताबीच नजानिँदो दूरी देखिएको थियो । दोस्रो तहका नेताहरूले स-साना निहुँमा चर्का टीकाटिप्पणी र कटाक्ष थालिसकेका थिए । खासगरी सरकार सञ्चालन, बजेट परामर्श, मोदी भ्रमण, ब्यानर विवाद, सचिव सरुवा, अरुण ३ को शिलान्यासमा ऊर्जामन्त्री वर्षमान पुनलाई निम्ता नदिइएकाजस्ता विषय पार्टी एकतासँग जोडिए । तर, एकता अवरोधको अन्तर्य भने भिन्नै थियो । माओवादीले सम्मानजनक एकताका लागि सबै तहमा आधा-आधा हैसियत मागेको थियो । गठबन्धनको ६०-४० भागबन्डा वा चुनावी जनमतको ७०-३० अनुपातमा एकता गरिए महाधिवेशनबाट निर्वाचित हुन मुस्किल हुने उसको विश्लेषण थियो । त्यसमाथि, प्रचण्डको 'भावी अध्यक्ष' र आलोपालो प्रधानमन्त्री प्रस्ताव सहजै पूरा हुने स्थिति थिएन । त्यसैले उनले प्रतिशतमा नभई समानताका आधारमा एकता गर्ने भन्दै 'बार्गेनिङ' गरेर ओलीलाई गलाउन खोजे । हप्तौँसम्म गम्भीर चासो नदिएर ओलीले प्रचण्डलाई थकाउने रणनीति लिएपछि एकता अनिश्चित बनेको थियो ।

एक महिनामा न ओली गले, न त प्रचण्ड थाके । माओवादीको माग आंशिक सम्बोधन गर्दै २ जेठमा दुई नेता सहमतिमा पुगे । जस अनुसार, ४ सय ४१ सदस्यीय केन्द्रीय कमिटीमा ५५-४५, ४५ सदस्यीय स्थायी कमिटीमा ५८-४२ र नौ सदस्यीय सचिवालयमा ६६-३३ प्रतिशतको अनुपातमा एकता भएको छ । दुई नेताहरूले सरकार र पार्टीमा बराबर साझेदारी गर्नेछन् । आलोपालो प्रधानमन्त्री चलाउने सहमति छ, जसलाई गोप्य राखिएको छ । त्यस्तै, पार्टीका सबैखाले निर्णय सहमतिमै गर्ने उल्लेख छ । आउँदो महाधिवेशनमा एकता र सहमतिबाटै नेतृत्व चयन गर्ने समझदारीसमेत भएको दुई नेता निकट स्रोतले बतायो ।

पार्टी एकताका लागि अध्यक्ष प्रचण्डका सहयोगीका रूपमा सक्रिय नेता जनार्दन शर्मा एमाले-माओवादी एकता प्रक्रियामा जनवादको अधिकतम प्रयोग भएको बताउँछन् । "दुई नेताले तान्त्रिकले जस्तो एकताको फैसला गरेका होइनन्," उनी भन्छन्, "चुनावी गठबन्धनका रूपमा जनतामा लग्यौँ । जनताले अनुमोदन गरे । पार्टीका केन्द्रीय कमिटीले निर्णय गरेपछि केही प्राविधिक पक्ष र भाषा मिलाउने अधिकार मात्र अध्यक्षद्वयलाई दिइएको हो ।" आउँदो महाधिवेशनमा एक नेताले अर्को नेतालाई अध्यक्षमा प्रस्ताव गरेर एकता र सहमतिका साथ पार्टीलाई अघि बढाउने शर्मा बताउँछन् ।

रणनीतिक एकता

०६३ मा सार्वजनिक हुनुअघि नै माओवादी अध्यक्ष प्रचण्डले एमालेका दिवंगत नेता मदन भण्डारीको प्रशंसा गर्न थालेका थिए । त्यसको एउटै उद्देश्य थियो, खुला राजनीतिमा आएर एमाले पंक्तिलाई प्रभावित पार्नु । पार्टी एकताको मिति पनि रणनीतिक रूपमा ३ जेठलाई रोजियो । "मैले नै मदन भण्डारीको अवसान भएकै दिन पार्टी एकता गर्ने प्रस्ताव गरेको हुँ, यस्तो प्रस्ताव गर्ने अवसर प्राप्त भएकामा गर्व छ । यो नै कमरेड मदन-आश्रितप्रति ठूलो श्रद्धा र सम्मान हो," बल्खुस्थित एमालेको पुरानो पार्टी कार्यालयमा मदन-आश्रित स्मृति दिवस मनाउँदा होस् वा पार्टी एकता घोषणामा दाहालले महत्त्वका साथ दोहोर्‍याए । एमाले पंक्तिको मदन र जबज मोह बुझेरै उनले मन जित्ने कोसिस गरेको बुझ्न गाह्रो छैन ।

एमाले-माओवादीले गत निर्वाचनमा उम्मेदवार बाँडफाँटमा ६०-४० को अनुपातमा साझा उम्मेदवार उठाएका थिए । नतिजा ७०-३० अनुपातमा आयो । त्यही अनुपातमा पार्टी एकता भए एकीकृत पार्टीको एकल अध्यक्ष हुन मुस्किल हुने दाहाललाई लाग्यो । त्यसैले उनले एकताअगावै एमालेभित्र 'प्रचण्ड गुट' बनाउने कोसिस गरे । एमाले पंक्तिबाटै 'ओली प्रधानमन्त्री, प्रचण्ड अध्यक्ष' हुनुपर्ने अभिव्यक्ति आउन थालेपछि ओलीले एकता प्रक्रिया मात्र लम्ब्याएनन्, वरिष्ठ नेता माधवकुमार नेपाललाई आफ्नो पक्षमा ल्याए । जुन प्रचण्डलाई थकाएर एकतामा ल्याउने रणनीति थियो । प्रचण्डले महाधिवेशनपछिको अध्यक्षका लागि अहिले नै पोजिसन बनाउन थालेका थिए । नवौँ महाधिवेशनको नतिजा आएदेखि नै दसौँको तयारीमा जुटेका नेपाल पनि फस्किए । त्यसैले उनी एकाएक ओली निकट पुगे । ओलीको सहयोगमा नेपाल आउँदो महाधिवेशनमा अध्यक्ष बन्ने रणनीतिमा छन् । दुई वर्षमा महाधिवेशन गर्ने भनिएको छ । तर, वरिष्ठ नेता नेपाल त्यो अवधि लम्ब्याएर तीन वर्षमा महाधिवेशन गर्ने, आफू अध्यक्ष बन्ने, प्रचण्डलाई प्रधानमन्त्री र ओलीलाई पार्टीको सर्वोच्च नेता बनाउने रणनीतिमा छन् ।

एकताअघि नै महाधिवेशनबाट अध्यक्ष बनाउनुपर्ने प्रचण्डको 'बार्गेनिङ' थियो । ओलीले त्यस प्रस्तावलाई सहज ढंगले लिएनन् । नेतृत्वको पालो पर्खाइमा रहेका अर्का नेता नेपालले मान्ने कुरै थिएन । बहाना जेसुकै देखाए पनि एमाले-माओवादीको एकता यसैमा अड्किएको थियो । दुई साताअघि बसेको माओवादी सचिवालय बैठकमा एक नेताले त्यो बार्गेनिङप्रति असहमति राखे । उनको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'माओवादीले अहिल्यै पोजिसन लिएर बसे, एमालेले पनि लिन्छ । त्यसपछि न तपाईं अध्यक्ष बन्नुहुन्छ, न त हाम्रो पालो आउँछ । पोजिसन छाड्नुस्, तपाईंलाई अध्यक्ष बनाउने जिम्मा हाम्रो भयो ।' त्यही बैठकपछि हो, प्रचण्डले सार्वजनिक रूपमै 'महाधिवेशनले विधिसम्मत रूपमा अध्यक्ष छान्छ, मैले अहिल्यै मागेको छैन' भन्न थालेको । त्यतिले मात्र नपुगेर उनले भावी अध्यक्षमा आफ्नो दाबी रहेको प्रचारलाई खण्डन गरिदिन नेताहरूसँग आग्रह पनि गरेका थिए ।

प्रधानमन्त्री ओलीले प्रचण्डलाई थकाउन खोजेको प्रस्टै बुझिन्थ्यो । भेट्न बालुवाटार पुगेका प्रचण्डलाई उनले एक घन्टासम्म कुराउन थालेको खबर चुहियो । ओलीको यो शैलीबाट दिक्क भएर उनी अर्का नेता नेपालकहाँ पुगेका थिए । १ जेठमा प्रचण्ड-नेपालबीच अन्तरंग कुराकानी भयो । आउँदो महाधिवेशनका मुख्य

विष्णु पौडेललाई चिट्ठा



पार्टी एकताले पूर्वप्रधानमन्त्री एवं एमाले वरिष्ठ नेता माधवकुमार नेपाल र उप-महासचिव विष्णु पौडेलको वरीयतामा फाइदा पुगेको छ। एमालेमा विधानतः निवर्तमान अध्यक्ष झलनाथ खनाल दोस्रो वरीयता क्रममा थिए। तर, पार्टी एकतापछि नेता नेपाल अध्यक्षद्वय पछिको वरीयतामा उक्लिएका छन्। त्यस्तै, बहालवाला महासचिव ईश्वर पोखरेललाई छाडेर ओली र प्रचण्डले पौडेललाई एकीकृत पार्टीको महासचिव बनाएका छन्।

पौडेल एमालेभित्र मध्यमार्गी नेता मानिन्छन्। नवौं महाधिवेशनमा अध्यक्ष ओलीको प्यानलबाट जितेका उनी वरिष्ठ नेता नेपालसित पनि उत्तिकै नजिक छन्। एमाले-माओवादी केन्द्र एकता प्रक्रियामा ओलीको निकटतम सहयोगी बनेर काम गरे। सरकार गठनका बेला महासचिव पोखरेल र पौडेल दुवै अर्थमन्त्रीका आकांक्षी थिए। अर्थमन्त्री नपाउने संकेतपछि पौडेल रोकिए। उप-प्रधानमन्त्री भइसकेका पोखरेल भने रक्षामन्त्री हुन पुगे। उनी मन्त्री भएपछि नै उप-महासचिव पौडेलले संगठनको दैनिक काम गर्न थालेका थिए।

नवौं महाधिवेशनमा ओलीले पोखरेललाई भनेका थिए, 'यसपटक मलाई सघाउनूस्। दसौंमा म तपाईंलाई अध्यक्ष बनाउँछु।' महाधिवेशनबाट दुवै अध्यक्ष र महासचिवमा चुनिए। तर, पोखरेलको कार्यशैलीबाट ओली सन्तुष्ट भएनन्। प्रधानमन्त्री नियुक्तिको दोस्रो दिन ४ फागुन ०७४ मा आफ्नै निवास बालकोटमा ओलीले आफू निकटका नेताहरू उप-महासचिव पौडेल, शंकर पोखरेल, प्रदीप ज्ञवाली र विष्णु रिमालसित डिनरसहित लामो छलफल गरेका थिए। त्यतिबेलै उनले महासचिवबारे भनेका थिए, 'महासचिवलाई दसौंमा अध्यक्ष बनाउने भनेको, उहाँले भाकै टिप्न सक्नुभएन।'

प्रतिनिधिसभा तथा प्रदेशसभा चुनावको पूर्ण नतिजा नआउँदै 'अध्यक्ष र प्रधानमन्त्री ओली हुनुपर्ने' विवादास्पद अन्तर्वार्ताका कारण पोखरेल माओवादी केन्द्रका अध्यक्ष दाहालको रोजाइमा पनि परेनन्। यस्तोमा दुई नेताबीच मध्यस्थको भूमिकामा देखिएका पौडेललाई चिट्ठा परेजस्तै भयो।

प्रतिस्पर्धी ठानिएका नेताद्वयको लामो भेटले दुई दिनमै एकता टुंग्याउन ठूलो मद्दत पुऱ्याएको मानिन्छ। नेता नेपालले प्रचण्डलाई एमाले पंक्तिलाई शंका गरेर एकता नलम्ब्याउन सुझाव दिएका थिए। "जति ढिला भयो उति शंका-उपशंका बढ्छ, कुरा बिग्रिन्छ," नेपालको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, "महाधिवेशनमा जे होला। तपाईं अध्यक्ष, म प्रधानमन्त्री हुँला वा तपाईं प्रधानमन्त्री, म अध्यक्ष हुँला। अहिल्यै त्यसको चिन्ता नगरौं। एकता टुंग्याऔं।"

एकीकृत पार्टीभित्र एमाले र माओवादी पूर्ण रूपमा अन्तर्घुलित होस् भन्ने चाहन्छन्, प्रचण्ड। त्यसैले उनी हाइड्रोजन र अक्सिजन मिलेर पानी बनेको उदाहरण बारम्बार दिइरहेका छन्। त्यसको प्रस्ट अर्थ उनी पूर्वएमाले पंक्तिको मन जितेर अध्यक्ष बन्न चाहन्छन्। किनभने, राजनीतिक पृष्ठभूमिका आधारमा गुट बनिरहे उनी मात्र होइन, पूर्वमाओवादीका धेरै नेता मूल नेतृत्वमा बाहिरै रहनुपर्ने स्थिति आउन सक्छ।

प्रधानमन्त्री ओली 'सुखी नेपाली, समृद्ध नेपाल'को नारासहित पाँचवर्षे कार्यकाल पूरा गर्न चाहन्छन्। त्यसका लागि उनले महाधिवेशनमा दाहाललाई सघाउने स्थिति पनि आउन सक्नेछ। दाहाल र नेपाल दुवैले अहिलेदेखि नै एकले अर्कालाई प्रतिस्पर्धी देख्न थालिसकेका छन्। यही शक्ति सन्तुलन कायम रहे दुवै नेताहरू ओलीलाई रिझाएर लाभ लिन कोसिस गर्नेछन्।

एकतापछिका चुनौती

फरक पृष्ठभूमि र मनोविज्ञानबाट आएका दुई पार्टीको एकतापछि पहिलो चुनौती गाउँदेखि केन्द्रसम्मको कमिटी एकीकरण गर्नु हो। एकता घोषणासभामा सबै कमिटीहरू तीन महिनाभित्र एकीकृत गरिसक्ने भनिएको छ। त्यस्तै, प्रवासका दुईसहित २२ भ्रातृ संगठन र ३२ विभागमा भागबन्डा मिलाएर पुनःगठन गर्नु अर्को चुनौती छ।

पुनःगठनका क्रममा ४ सय ४१ सदस्यीय भद्दा केन्द्रीय समिति बनाइएको छ। ४५ सदस्यीय स्थायी कमिटी छ। दैनिक कार्य सञ्चालनका लागि नौ सदस्यीय सचिवालय बनेको छ। एमाले र माओवादीका अधिकांश पदाधिकारी सचिवालयमा अटाउन सकेका छैनन्। त्यसैले उनीहरूको कार्य विभाजन सहज छैन। महाधिवेशनसम्म जनताको बहुदलीय जनवाद, माओवाद र एक्काइसौं शताब्दीको जनवादको वैचारिक बहस कति स्वस्थ हुने हो, त्यो पनि हेर्न बाँकी नै छ।

एकीकृत पार्टीका लागि दोस्रो चुनौती संघीय, प्रादेशिक र स्थानीय सरकार बन्ने स्थिति छ। ती सरकारले कसरी काम गर्छन्, कस्तो सेवा प्रदान गर्छन्? त्यसैले वास्तविक अर्थमा नेपाली कम्युनिस्टहरूको परीक्षणसमेत गर्नेछ। "अहिलेसम्म कम्युनिस्टलाई बहुमत आएन। स्थिर सरकार चलाउन पाएनन् भन्ने थियो। अब त्यो रहेन," विश्लेषक सुवेदी भन्छन्, "कम्युनिस्टहरूले काम गर्छन्/गर्दैनन्, खास परीक्षण अब हुनेछ।"

तेस्रो चुनौती, पार्टी-सरकार समन्वय मिलाउनु हुनेछ। प्रधानमन्त्री ओली र अर्का अध्यक्ष प्रचण्डको काम गर्ने शैली भिन्न छ। खासगरी ओलीको निर्णय गरेर मात्र सल्लाह लिने बानी छ। प्रचण्डसँग उनले कसरी समन्वय गर्लान्? त्यसैमा दुई नेताको आगामी सम्बन्ध निर्भर रहनेछ। ओलीले प्रचण्डसँग पर्याप्त समन्वय गर्छन् वा गर्दैनन् भन्नेमा अन्तरपार्टी द्वन्द्व निर्भर हुने विश्लेषक सुवेदी बताउँछन्। दुई पार्टीमा पुराना अन्तरविरोध कम हुने र नयाँ सुरु भए पनि सरकार-पार्टी सञ्चालन व्यवस्थित गर्न सके धेरै समस्या नआउलान् भन्ने उनलाई लाग्छ।

अर्का विश्लेषक सुरेन्द्र केसी नेताको पद, कार्यकर्ताको जिम्मेवारी र सिद्धान्तनिष्ठ चिन्तनको व्यवस्थापन गर्न सके मात्र एमाले-माओवादी एकताले परिणाम दिने बताउँछन्। स्थानीय तह निर्वाचनमा कांग्रेससित गठबन्धन गरेको माओवादी केन्द्र अपेक्षाकृत नतिजा ल्याउन नसकेपछि एमालेसँग नजिकिएको हो। "माओवादी प्रतिरक्षाको स्थितिमा थियो। कांग्रेससँग कहिलेसम्म गठबन्धन गर्ने भन्ने धर्मसंकटले प्रचण्डलाई एमालेतर्फ ल्याएको हो," केसी भन्छन्, "एमालेसित पनि गठबन्धनबाहेक अर्को विकल्प थिएन। तर, हठात एकीकरण प्रक्रियाको भित्री पाटो भने अझै अपारदर्शी छ।"

पार्टी एकतापछि सामाजिक न्यायसहितको समृद्धि मुख्य कार्यभार बनेको नेकपा प्रवक्ता श्रेष्ठ बताउँछन्। कम्युनिस्ट सरकारका लागि सुशासन र भ्रष्टाचार नियन्त्रण मुख्य चुनौती रहेको उल्लेख गर्दै थप्छन्, "यतिन्जेल ठूलो जनमत हामीसँगै भएर पनि विभाजित थियौं। अब आफूलाई प्रमाणित गर्ने ठीक ठाउँमा आइपुगेका छौं।" ◆

मात्र प्राइम बिलेटले
गुणस्तरीय हिमाल स्टील बन्छ
“ प्राइम बिलेट नभएर कति पटक त हामीले उत्पादन नै रोक्यौं ।
तर स्क्र्यापको प्रयोग कहिल्यै गरेनौ । ५५ वर्ष भयो तर
हिमाल स्टीलमा स्क्र्यापको एक किलो पनि परेको छैन । ”
वासु श्रेष्ठ
म्यानेजर, प्रोक्योरमेन्ट डिभिजन
हिमाल स्टील
५० वर्ष
अटोमेटिक प्रणालीबाट उत्पादित
मात्र प्राइम बिलेटको प्रयोग
अत्याधुनिक फर्नेस
उच्चगुणस्तरीय वाटर क्वेन्चिङ्ग प्रणाली
१००% गुणस्तर परीक्षण । लोडशेडिंगमा पनि निरन्तर उत्पादन । ७६ डिपो मार्फत चाहिएको स्थानमा नेपालभरि तुरुन्तै डेलिभरी हुने । निर्माणकर्ताको पहिलो रोजाइ । पारदर्शी वजन र मूल्य
ज्योति
हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.
ज्योति भवन, १९१९ कान्तिपथ, पो.ब.नं. १३३, काठमाडौं
फोन: ४२२५२३०, ४२२६५३० (मार्केटिङ्), फ्याक्स: ४२२६३१४
www.himalsteel.com.np
ISO 9001
NS 191
Fe 500
Fe 415
बढी
हिमालले सुरक्षित घर बनाउँछ।

फेरि उही जनवादी

■ बसन्त बस्नेत

उनीहरूको व्यक्तिगत इतिहास कहिल्यै मिलेको थिएन । कम्युनिस्ट भन्दै रहे पनि उनीहरूको 'सिद्धान्त' कहिल्यै मिलेन । उनीहरूको स्वभाव मिल्दैन, कार्यशैली मिल्दैन । नमिल्ने सूची लामो छ, मिल्ने सूची छोटो । तर, इतिहासको आवश्यकता या परिस्थितिको बाध्यता- केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' अध्यक्षका लागि छुट्याइएको कुर्सीमा सँगसँगै बस्न आइपुगेका छन् । ३ जेठमा नेकपा घोषणाको भोलिपल्ट अखबारहरूले दिएको शीर्षक करिब एकै थियो- इतिहासकै शक्तिशाली कम्युनिस्ट पार्टी । प्रधानमन्त्री तथा पहिलो वरीयताका अध्यक्ष केपी शर्मा ओलीको भनाइमा- टेम्पो होइन, जेटविमानजत्रो पार्टी ।

जेट उडाउन दुई जना चालक चाहिने भएकाले दुई अध्यक्ष राख्नुपरेको ओलीको तर्कलाई सोही दिन जारी ६ बुँदे पार्टी एकीकरण संयुक्त घोषणा दस्तावेजको चौथो बुँदाले काट्छ, जहाँ 'जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्त' अवलम्बन गरिने उल्लेख छ । सोभियत भूमिमा लेनिनले अपनाएको त्यो संगठन सिद्धान्त, जहाँ व्यवहारतः पोलिटब्युरोको सर्वशक्तिमान महासचिवमा केन्द्रीकृत अख्तियारका सामु सिंगो पार्टी कमजोर देखियो, जनता निर्बल भए । लेनिनको त्यो प्रस्थापना अनुसार, व्यक्ति संगठनको मातहत हुनेछ । निर्णयपूर्व छलफलको स्वतन्त्रता हुनेछ । निर्णयपछि अल्पमत बहुमतको अधीनस्थ हुनेछ । तल्ला कमिटी माथिल्ला कमिटीको अधीनस्थ हुनेछन् । माथिल्ला कमिटी पोलिटब्युरोको ।

परिणाममा त्यस्तो भएन । जनताको सम्प्रभुता कम्युनिस्ट पार्टीले प्रयोग गऱ्यो । कम्युनिस्ट पार्टीको सम्प्रभुता शक्तिमान महासचिवले । रुसी कम्युनिस्ट पार्टीका महासचिवका रूपमा स्टालिनले सन् १९२२ देखि नमरुन्जेल ३० वर्ष अधिनायकी चलाए । लेनिनको त्यही वैचारिक जगमाथि उदाएका स्टालिनका अनेकानेक सनकलाई आसेपासेहरूले सैद्धान्तिक लेप लगाउँदै गए । यसरी कालान्तरमा कम्युनिस्ट व्यवस्थाका नाममा अधिनायकवाद भित्रिएको थियो । आशा गरौँ, लोकतान्त्रिक मूल्य-मान्यतामा पटक-पटक प्रतिबद्धता जनाएका दुई अध्यक्षले यो र अनेकौँ त्रासद इतिहास दोहोरिन दिने छैनन् । तर, आचार-व्यवहार नमिल्ने, अनि शक्ति अभ्यासमा तीव्र रुचि हुने यी दुईले स्वभाव र विचारको यो विरोधाभास कसरी हल गर्ने हुन् ? राजनीति अध्येताका लागि शोधको विषय पक्कै हुनेछ ।

हामी देख्दैछौँ- उदार लोकतन्त्रको वृक्ष सुक्दै गएको वैश्विक हावाले हाम्रा घरछिमेकतिर उसैगरी छोइरहेको छ । अमेरिका, रुस, बेलायत, इटाली, पोल्यान्ड, हंगेरी, टर्की, भारतलगायत कैयन् देशमा चुनावमार्फत अनुदारवाद अनुमोदित भएको छ । मध्यमार्गी विचारको पैरवी गर्ने नेताहरूलाई असान्दर्भिक ठहऱ्याउने प्रयास भएको छ । यस्तोमा यहाँ फेरि जनवादी केन्द्रीयताको नारा ब्युँताइँदैछ । परनिन्दक नभई भविष्यमुखी भएर सोचौँ, जनवादी केन्द्रीयताको जगमा उदाउने राष्ट्रवादी समाजवाद कस्तो होला ? त्यसमा नागरिक सम्प्रभुता बलियो होला कि कमजोर ?

विगतको नमीठो

माओवादीले सशस्त्र युद्ध चलाउँदै गर्दा ओलीले जति तिखो विरोध सायदै कसैले गऱ्यो । दुई वर्षअघि आफूले प्रधानमन्त्री बनाएका ओलीलाई हटाएर कांग्रेससँग आलोपालो सत्ता-सहमति गरेलगत्तै प्रचण्डले *कान्तिपुर*लाई दिएको एउटा अन्तर्वार्तामा सिलिगुडीको युद्धकालीन एक भेटको प्रसंग उप्काएका थिए । ओलीको भनाइ उद्धृत गर्दै उनले

छाडेन लेनिनको छायाले

केन्द्रीयता

औपचारिक घोषणा नगरे पनि माओवादीले आफ्नो विचारलाई यो बिन्दुमा बिसाएको छ । नवगठित नेकपाले छाड्न नसकेको लेनिनलाई हो ।

सुनाएका थिए, 'नाम सुन्दै अलि जण्ड स्वभावको हुनुहोला भन्ने लागेको थियो, तपाईं त अर्कै किसिमको मान्छे हुनुहुँदो रहेछ ।'

त्यसपछि उनीहरूबीच बेलाबखत कुराकानी त भयो, तर २५ जेठ ०७२ को १६ बुँदे संविधान-सहमति नहुन्जेल खासै हार्दिकता विकास हुन सकेन । उनले साउन ०७३ को त्यसै अन्तर्वार्तामा ओली आत्मकेन्द्रित र 'इगोसेन्ट्रिक' नेता भएकाले उनीसँग हनिमुन सहकार्य अब सकिएको घोषणा गरेका थिए । ओलीले पहिलोपल्ट प्रधानमन्त्रीबाट राजीनामा दिने क्रममा बोलेका शब्द-शब्द केलाउने र लगत्तै प्रधानमन्त्री भएका प्रचण्डले दिएको जवाफ सुन्ने हो भने अचम्म लाग्छ- कसरी मिले होलान् यी दुई विपरीत राजनीतिक जीवहरू ?

अनि त्यसपछिका दर्जनौं वाक्‌युद्धहरू । ओली-प्रचण्ड मिलाउने एक उत्प्रेरकले केही महिनाअघि यो पंक्तिकारलाई सुनाए अनुसार दुई नेता एक ठाउँ बस्ने सम्भावना शून्य भइसकेको थियो । उनी र केही साथीहरू मिलेर जेनतेन मनाए । त्यस अनुसार ०७३ को हिउँदमा निर्धारित समयभित्रै प्रचण्ड कोटेश्वरको एउटा घरमा पुगे । ओलीले अबेर गरिदिए । प्रचण्डले दिक्दारी दर्शाए, 'एक जनामात्रै गम्भीर भएर हुँदैन, त्यसैले तपाईंहरू यो जिद्दीमा नलाग्नुहोस् ।' यति भनेर उनी त्यो कोठासँगैको बाथरुम छिरे । त्यही बेला ओली आइपुगे र सोफामा बस्न खोजे । ती उत्प्रेरकले रोक्दै भने, 'पल्लोमा बसौं कमरेड । त्यसमा प्रचण्डजी बस्नुभएको छ ।'

ओलीले कटाक्ष गरिहाले, 'ए, रक्तरञ्जित सोफा पो रहेछ । कसो बसिहालेको !' प्रचण्डले ओली-वाणी भित्रैबाट सुनिहाले । बाथरुमबाट निस्कँदा उनको अनुहार कालो थियो । स्रोतका अनुसार, त्यसपछि दुई नेताले एक-अर्कालाई हेर्दै नहेरी कुराका लागि कुरा गरेजस्तो गरे अनि चिया पिएर छुटिहाले ।

यस्ता दृष्टान्त गनेर सकिन्न । पहिलो संविधानसभा चुनावका बेला ओली हराउन उनको गृहजिल्ला झापामै गएर प्रचण्डले दिएको भाषण सुन्यो भने सबै गालीजन्य शब्दहरू फिका हुन्छन् । एकताको लक्ष्य राखेर १७ असोज ०७४ मा चुनावी गठबन्धन गरे पनि राजनीतिवेत्ताहरूले एकीकरणसम्म पुग्नेमा काफी सन्देह गरेका थिए । उसमाथि सत्तारोहणको सय दिन नपुग्दै ओलीका एकछत्र शासनशैली, प्रचण्डसँग व्यक्तित्व टकराव अनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पछिल्लो नेपाल भ्रमण क्रममा यो तिक्तता उत्कर्षमा पुग्यो । अब यो एकता करिब टर्न लागेको टिप्पणी गर्नेमा राजनीतिक जानकार मात्रै होइन, स्वयं दुई पार्टीका दोस्रो तहका नेताहरू नै थिए । केही दिनअघिका अखबारमा ती अक्षर आलै छन् ।

पानीढलो

'लभ-हेट रिलेसन' का अनगन्ती शृंखलाबीच दुई नेताले ०१९ मा छुटेर गएको नेकपाका अलग धारहरूलाई जोड्ने ऐतिहासिक संकल्प गरेका छन् । वाम बहुसंख्याको मिल्नैपर्ने दबाबबाट उनीहरू फर्कने ठाउँ थिएन । राजनीतिक स्थिरताको जगमा नेपालले अब लिने भनिएको आर्थिक फड्कोका लागि यो एकता पानीढलो बन्न सक्छ । आखिर आधाभन्दा बढी मतदाताले दिएको जनादेश यही आकांक्षा परिपूर्तिका लागि हो । तर, त्यसका लागि अध्यक्षको कार्यकारी कुर्सीमा बसेका दुई महत्त्वाकांक्षी नेताले आफ्ना आकांक्षा र परिस्थितिको सीमाबीच कसरी सन्तुलन मिलाउँछन्, हेर्न बाँकी छ ।

एमालेलाई थाहै छ, प्रचण्ड मनमोहन अधिकारी होइनन्, जसलाई सेरेमोनियल भूमिकामा खुम्च्याउन सकियोस् । अनि, माओवादीलाई पनि राम्रै हेक्का छ, ओली अरू नेताजस्ता समन्वयकारी होइनन् । एक साता पनि बितेको छैन, हामीले माओवादी मन्त्रीहरूको टिप्पणी सुन्यौं- प्रधानमन्त्रीज्यूको कार्यशैली निकै फरक रहेछ । हामीलाई त प्रचण्डको व्यवहार गर्ने शैली मन परेको थियो ।

सम्बन्धमा तुलना गर्नेहरू अक्सर दुःखी हुन्छन् । राष्ट्रवाद र समृद्धिको हावा चलाएरै सबैलाई त्यतै बहाउन सफल ओली संक्रमणकालीन समयका सर्वदलीय सहमति त के, आफ्नै पार्टीभित्र पनि धेरै पुछताछ गरिरहनुपर्ने आवश्यकता ठान्दैनन् । विगतमा एमाले नेताहरू भन्थे, 'सल्लाह गर्ने बानी छैन, निर्णय सुनाउने हो उहाँले ।' यस्तोमा प्रचण्ड-ओली सहयात्रा पक्कै चिताएजति सहज हुने छैन । 'अधिकार प्रयोग' का विषयलाई लिएर निकट दिनमै दुई शीर्षहरूबीच किचलो उत्पन्न भयो भने अनौठो मान्नुपर्ने छैन ।

अन्त्यमा, विचार-सिद्धान्तको कुरा, जो पहिलेका दिनमा सुरुमै छलफल हुने गर्थे । माओवादी विचारधाराको अध्याय टुंग्याएर अब प्रचण्ड 'समाजवादी' मात्रै हुनेवाला छन् । बढी से बढी, ओलीले भन्ने गरेको पोलिटिकल कम्युनिस्ट हुने हो । अर्थात्, कम्युनिस्ट नहुनका लागि माओवादी अब कम्युनिस्ट हुने हो । यति हुँदाहुँदै फेरि किन जनवादी केन्द्रीयता ? सायद यसको जवाफ दुवै नेताले खोज्नुपर्ने खाँचो देखेनन् । अनि, 'जनताको जनवाद' ल्याउने वाचाले स्पष्टता खोजेको छ । राजनीति जान्नेहरूको स्वाभाविक जिज्ञासा हुन सक्छ- जनवाद भनेकै जनताको हुन्छ, त्यसमा किन 'जनता' को थप्नुपर्‍यो ? भविष्यमा यसको जवाफ खोज्ने प्रयास पक्कै होला ।

३ जेठको सहमतिपत्रमा नेकपाले जनआधारित कार्यकर्ता पार्टी बनाउने उल्लेख गरेको छ । सामूहिक नेतृत्व र व्यक्तिगत उत्तरदायित्वको कुरा गरेको छ । आन्दोलन र युद्धका महत्त्वाकांक्षी ट्र्याक रेकर्ड बनाई आएका नेताहरूका लागि यो शब्दावली लेखिएजस्तो सजिलो छैन । औपचारिक घोषणा नगरे पनि माओवादीले आफ्नो माओवादलाई यो बिन्दुमा पक्कै बिसाएको छ । नवगठित नेकपाले छाड्न नसकेको लेनिनलाई हो । लेनिन, जोसँग मानव इतिहासमै पहिलोपल्ट समाजवादी क्रान्ति सफल पारेको विरासत थियो । लेनिन, जोसँग गर्व गर्नलायक इतिहास थियो, 'लेनिनवाद'को अधिनायकवादी सिद्धान्त होइन । ◆

विशेष वर्ग जन्मिने खतरा

प्रा पीताम्बर शर्मा

एमाले र माओवादी केन्द्रबीच ३ जेठको एकता अप्राकृतिक होइन । किनभने, यो एकताको सैद्धान्तिक आधार छ । वामपन्थी र समाजवाद उन्मुख कम्युनिस्ट आदर्श बोक्दै आएका दुई दलबीचको एकता स्वाभाविक हो । समाजवादमा पुग्ने मोटामोटी लक्ष्य बोकेका पार्टी एकढिक्का हुनु राम्रो हो । एमाले र माओवादीले गत आमचुनावपछि पार्टी एकता गर्ने भनेर जनतामा व्यापक उत्साह पैदा गरेका थिए । त्यो उत्साहले अत्यधिक बहुमत दिलायो । त्यसैले देशका लागि यो एकता तत्कालीन र दीर्घकालीन दुवै हिसाबले अर्थपूर्ण छ ।

एमालेको जनताको बहुदलीय जनवाद र माओवादीको एक्काइसौं शताब्दीको जनवादमा खासै भिन्नता थिएन र छैन । आवधिक निर्वाचनका माध्यमबाट प्रतिनिधि चुन्ने र त्यसरी चुनिएका प्रतिनिधिले शासन गर्ने कुरालाई दुवै दलले आत्मसात् गरेका छन् । चुनावको माध्यमबाट सत्तामा पुग्ने र जनमुखी आर्थिक, सामाजिक रुपान्तरण गर्ने नै एमाले-माओवादीको कार्यनीति हो । लोकतान्त्रिक विधिबाट क्रान्तिकारी सुधार गर्ने दुवैको नीति भएकाले अब त्यस्तो सुधार कसरी सुरु गर्छन् ? हेर्न बाँकी छ ।

अब पनि एकीकृत दलले क्रान्तिकारी सुधार गर्न सकेन भने एकता प्रक्रियाबाहिर रहेका अरू वाम दलले विस्तारै आफ्नो प्रभाव बढाउँदै जान्छन् । किनभने, दुई वाम दललाई जनताले ठूलो आशा गरेर बहुमत दिएका हुन् । जनताको आशा जोगाउनु नै एकीकृत नेकपाको अहिलेको ठूलो चुनौती हो । अन्यथा जनताले फेरि विकल्प खोज्छन् । त्यसैले अहिलेको मौकाको अधिकतम लाभ उठाउन एकताबद्ध पार्टी र सरकारको नेतृत्वमा जनमुखी काम गर्ने लक्ष्य, विधि, निष्ठा, आचरण र इमानको खाँचो छ ।

एकताअघि दुई वाम दललाई मिलाउने भन्दा बिगार्नेहरू नै बढी थिए होलान् । किनभने, दुई वाम दल मिल्दाभन्दा फुट्दा नै छिमेकीलाई फाइदा हुन्छ । नेपालमा नियन्त्रित अस्थिरता भारतको चाहना हो । तथापि, भारतको सहयोगबिना अघि बढ्न नेपाललाई कठिन छ । भारतचाहिँ नेपाल आफ्ना सुरक्षा-घेराबाट बाहिर नजाओस् भन्ने सधैं चाहन्छ । भर्खरै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउनुको कारण पनि त्यही हो ।

मोदी भारतीय सुरक्षाकर्मी लिएर नै नेपाल आए । टीभी र भारतीय मिडिया साथमै लिएर आए । र, सबैतिर उनै हावी भए । मोदी भ्रमणमा के प्रस्ट देखियो भने नेपालमा सबै नियन्त्रण भारतले नै गर्छ, नेपालका मन्त्री-सुरक्षाकर्मी आदि केही होइनन् । हामी मोदीलाई सुरक्षा दिन पनि योग्य देखिएनौं । जनकपुरमा आयतन नमिलेको चन्द्र-सूर्य झन्डा कसले राख्यो ? केही थाहा भएन । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले पिताझैं गरी मोदीसँग बेलिबिस्तार लगाए । यी सबैले भारत नै हावी भएको स्पष्ट हुन्छ । तर, दुई वाम दललाई भारत वा मोदीले मिलाएका भने होइनन् । बरु चीनको सदिच्छा हुन सक्छ मिलून् भन्ने ।

मुख्य कुरा, माओवादी र एमालेको नेतृत्वलाई नै एकताको खाँचो परेको हो । एकता गर्नुपर्छ भन्ने आत्मबोधकै परिणाम हो, वाम एकता । पहिलो संविधानसभाको चुनावपछि माओवादी संगठनात्मक र वैचारिक रूपमा खुम्चिँदै गएको थियो भने एमालेले जति गर्दा पनि एक्लै बहुमत ल्याउन सकेको थिएन । त्यसैले दुवै पार्टी एकता गर्न तयार भएका हुन् । केपी ओलीले जीवनको यो क्षणमा आएर केही गरौं भन्ने सोचेका हुन सक्छन् । त्यस्तै, प्रचण्डलाई पनि हामी दुई एक हुँदा त्यो एकता नेपालका लागि नौलो र जनमुखी हुन सक्छ भन्ने लागेको हुनुपर्छ । यिनै कुराले दुई पार्टीलाई जोडेको हो । त्यसैले वाम एकता विदेशीले गराएका होइनन्, शीर्ष नेतृत्वको मनोबलकै नतिजा हो । नेकपाका नेताहरूलाई अहिले शंकाको सुविधा दिन आवश्यक छ । अब भविष्य पर्खिने होइन, सुनिश्चित गर्ने गरी अघि बढ्ने हो भने वाम दलका लागि जित्न संसार छ, गुमाउन केही छैन ।

एकतापछिको बाटो

पार्टी एकतापछिको वास्तविक सैद्धान्तिक जग के हो ? कुन सैद्धान्तिक धरातलमा टेकेर कसरी समाजवादमा पुग्ने भन्नेबारे विस्तृत खाका प्रस्तुत गरिएको छैन । एकतापछिको नेकपा कसरी अघि बढ्छ ? हेर्न बाँकी छ । अहिले त शीर्ष नेताको व्यवस्थापन मात्रै भएको छ, अरू काम बाँकी छ । प्रदेश र स्थानीय तहका कार्यकर्ता कसरी व्यवस्थापन हुन्छन्, त्यो व्यवस्थापन गर्न कस्तो विधि अपनाइन्छ भन्ने कुराले धेरै कुरा प्रस्ट पार्ला ।

एमाले र माओवादी चोखो भएर एकतामा गएका होइनन् । दुवै पार्टीमा प्रशस्त सबल र त्यसभन्दा बढी दुर्बल पक्ष पनि छन् । कुशासन, भ्रष्टाचार, नेतृत्वको भड्किलो जीवनशैली, सम्पत्ति हत्याएर रजाइँ गर्ने अनि लाभको पदमा पुग्न जे पनि गर्नेजस्ता प्रवृत्ति दुवै पार्टीभित्र मौलाएकै हो । काम गर्न पद चाहियो भन्नेको संख्या शून्य छ । वामपन्थीको मात्र के कुरा, अरू दलका नेताले पनि कामकाजी प्रयोजनका लागि पद खोजेको पाइँदैन । चुनावी घोषणापत्र त देखाउने दाँत मात्र हो । दल र नेताको खाने दाँत अर्कै छ । एकीकृत पार्टीको पनि देखाउने र खाने दाँत फरक छ । जबसम्म यो प्रवृत्ति रहन्छ, तबसम्म सुधार दुरुह हुन्छ ।



एकीकरणअघिका दुई वाम दलभित्र सबल र दुर्बल पक्ष धेरै थिए । पार्टी एकता गर्दा पनि सबल र कमजोर पक्ष सँगसँगै एकीकृत भएका छन् । अब एकीकृत पार्टीमा सबल पक्षले जित्छ कि कमजोर पक्ष हावी हुन्छ ? मिलेर खाने दाउपेचमा एकता भएको हो भने त्यो देशका घातक हुनेछ । वामपन्थीले पाएको बहुमत देश बनाउन हो, दम्भ देखाउन र मिलेर खानका लागि होइन । जनमत अनुसार काम राम्रोसँग गरिएन भने बहुमत जसरी आयो, त्यसरी नै गुम्ने पक्का छ ।

जनतालाई एमाले र माओवादीको एकताले होइन, एकीकृत दलले अब लागू गर्ने कार्यक्रमले लाभ हुने हो । वाम दलले मात्र होइन, संविधानले पनि राज्यको चरित्रलाई समाजवाद उन्मुख भनी परिभाषित गरेको छ । तर, समाजवाद कहाँनिर, कसरी आउँछ ? कुनै टुंगो छैन । निजी, सहकारी र सार्वजनिक क्षेत्रको मिश्रण नै मिश्रित अर्थव्यवस्था र समाजवादको सार हो । यी तीन क्षेत्रबीच कसरी समन्वय गर्ने ? कृषि, यातायात, शिक्षा र स्वास्थ्यलगायतका सार्वजनिक सरोकारका क्षेत्रमा व्यापक सुधार गर्न कुन ढाँचामा अघि बढ्ने ? खाका प्रस्ट छैन । नेताहरू आफू मात्र अघि बढेर समाजवादमा पुगिने होइन, जनतालाई साथमा लिएर नै अघि बढ्नुपर्छ ।

चुनावी घोषणापत्रमा १० प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने भनिएको छ । आर्थिक वृद्धिले मात्र समाजवादमा पुगिन्न । वितरणमा पनि उत्तिकै ध्यान दिनुपर्छ । २० जना धनपति जम्मा भए भने २० अर्ब जम्मा हुन्छ र त्यसले पनि आर्थिक वृद्धि हुन सक्छ । हामीले चाहेको आर्थिक वृद्धि त्यस्तो होइन । एक प्रतिशतको आर्थिक वृद्धिले ९९ प्रतिशतलाई छोएन भने त्यस्तो आर्थिक समृद्धि निरर्थक हुन्छ । संसारभरि अहिले भएको त्यही नै हो । अन्ततः त्यसले धनी र गरिबबीचको खाडल झन् बढाएर सामाजिक संकट पैदा गर्छ ।

पुँजीवादभित्र समाजवादको खोजी आजको आवश्यकता हो । समाजवादले लोक कल्याणकारी राज्यको कल्पना गरेको हुन्छ । अमेरिका लोककल्याणकारी राज्य होइन । जर्मनी, फ्रान्सहरू लोक कल्याणकारी देखिन्छन् । समाजवादमा पुग्न पुँजी परिचालन तीव्र बनाउनुपर्छ । राष्ट्रिय पुँजीको विकास हुन नसकेको हाम्रो देशमा राष्ट्रिय पुँजीबिनै १० अंकको आर्थिक वृद्धि गर्ने भनिएको छ । त्यो कसरी सम्भव छ ? विदेशी लगानी ल्याउने भनिएको छ । बाहिरका लगानीकर्तालाई लाभ हुने नीति बनाइदिने हो भने विदेश लगानी त आउँछ । संघीय कानुन खुकुलो बनाउने र लगानीकर्तालाई विशेष सुविधा तथा सहुलियत दिने हो भने विदेशी लगानी सजिलै आउँछ । त्यस्तो लगानीले हाम्रो हित हुन्छ वा विदेशीको ? यहाँ कमाएको पैसा आफ्नो देश लैजान पाउँछौ भन्ने हो भने सबै विदेशी आउँछन् लगानी गर्न । हामीले चाहेको विदेशी लगानी त्यही हो ?

लोकतान्त्रिक विधि, मिश्रित अर्थतन्त्र र स्वतन्त्रतासहितको समाजवाद हामीलाई चाहिएको हो । त्यसैले नेकपाले जनताले बुझ्ने गरी समाजवादको खाका प्रस्तुत गर्नुपर्छ ।

उदाहरणका लागि जलमार्गमा देशलाई जोड्ने भनिएको छ । मेरो शंका छ, त्यो कोसी उच्च बाँधसँग जोडिएको छ । अरुण तेस्रो आयोजना भारतलाई दिनु हुँदैनथियो भन्ने आवाज सुनिएको छ । २५ वर्ष भारतले नै अरुणको ऊर्जा प्रयोग गर्छ र हामीलाई दिने ऊर्जा पनि भारतलाई नै बेच्ने आशय छ । त्यसले कसलाई लाभ हुन्छ, हामीलाई कि अरूलाई ? ऊर्जा बेचेर भुटानबाहेक अरूको उन्नति भएको छैन । त्यसैले हामीले आफ्नो खपतका लागि मात्र ऊर्जा उत्पादनमा जोड दिन सक्नुपर्छ ।

ऊर्जामा मात्र होइन, सडक पूर्वाधार, रेल आदि सबैमा यही कुरा लागू हुन्छ । विदेशीले बनाउने आयोजनाले हामीलाई भन्दा उनीहरूलाई नै बढी लाभ हुन्छ । लोकतान्त्रिक विधि, मिश्रित अर्थतन्त्र र स्वतन्त्रतासहितको समाजवाद हामीलाई चाहिएको हो । त्यसैले नेकपाले जनताले बुझ्ने गरी समाजवादको खाका प्रस्तुत गर्नुपर्छ । मार्क्सले *कम्युनिस्ट घोषणापत्र*मा भनेका छन्, 'प्रत्येकको स्वतन्त्र विकास सबैको स्वतन्त्र विकासको सर्त हुनेछ ।' कतिपयले दुई वाम दलबीचको एकताले एकदलीय तानाशाह वा अधिनायकवादको जन्म हुन्छ भन्ने आशंका गरेका छन् । कम्बोडिया, भियतनामलगायत देशका अभ्यासले त्यस्ता आशंकालाई ठाउँ दिएको हो । नेपालमा अधिनायकवादको सम्भावना छैन । किनकि, दुइटै वाम दल लोकतान्त्रिक विधिबाट क्रान्तिकारी सुधार गर्ने कुरामा प्रतिबद्ध छन् । त्यसले गर्दा उनीहरू अधिनायकवादमा जान सक्दैनन् । लोकतन्त्रप्रति एकीकृत वाम दलको निष्ठा र विश्वासमा शंका गर्ने ठाउँ छैन ।

यो एकता टुट्छ वा कायम रहन्छ ? अहिल्यै भन्न सकिन्न । दुई दलभित्रका सबल पक्ष एकीकृत दलमा हावी भए एकता टिक्छ, कमजोर पक्षले जिते एकता धरापमा पर्नेछ । आउँदा दिनमा एकीकृत पार्टीले कस्तो नीति लिन्छ ? त्यसले धेरै कुरा निर्धारण गर्छ । अहिलेसम्म वाम दलले लिने नीतिको छनक पाइएको छैन । जस्तो, यातायात सिन्डीकेट कागजमा हट्यो तर त्यसको अनुभूति जनताले पाएका छैनन् । हरेक क्षेत्रमा परिपाटी र थिति बसाउनु जरुरी छ । स्वास्थ्य, शिक्षालगायत जनसरोकारका क्षेत्रमा बेथितिका चाङ थुप्रिएका छन् । नेताहरू नै स्कुल-कलेज र अस्पतालका मालिक छन् । स्वार्थ-समूहले विकास गरेको पुँजीवाद आफ्नो रक्षाका लागि अन्तिमसम्म लड्छ । प्रत्येक नेताले अथाह धन सम्पत्ति कमाएका छन् । हरेक नेताका छोराछोरी महँगा निजी स्कुलमा भर्ना गरिएका छन् । यी कुराबाट बाहिर आएर समाजवादी जीवनशैली अपनाउन वाम नेताहरू तयार छन् त ? कम्युनिस्ट र समाजवादी शासनमा के देखियो भने जो सत्तामा पुग्छ, ऊ नै नयाँ वर्गका रूपमा खडा भयो । सत्ता र शक्तिले कम्युनिस्टभित्र एउटा विशेष वर्ग सिर्जना हुन्छ । यहाँ पनि त्यही भइरहेको छ ।

कुनै अनपेक्षित घटना भएन भने वाम बहुमतले देशलाई स्थायी सरकार दिन सक्छ । त्यो स्थायित्वले समृद्धि दिन सक्छ वा सक्दैन ? मुख्य सरोकार त्यो हो । स्थिरतामार्फत समृद्धि आएन भने अहिलेको एकता र बहुमत सार्थक हुन सक्दैन । त्यसै पनि वाम गठबन्धनले चुनावी घोषणापत्रमा १० वर्षमा कृषि उत्पादन दोब्बर पार्ने, आर्थिक वृद्धिदर १० प्रतिशत पुर्‍याउने, प्रतिव्यक्ति आय १० हजार डलर पुर्‍याउने, वैकल्पिक माध्यमबाट १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने, ५० लाख पर्यटक ल्याउने, १० लाखलाई रोजगारी दिनेजस्ता भीमकाय वाचा गरेका छन् । यी वाचा लेख्न र बोल्न जति सजिलो छ, लागू गर्न त्यसभन्दा धेरै कठिन छ । सरकारको नीति, कार्यक्रम र नेतृत्वको प्याकेजबाट मात्र पूरा गर्न सकिन्छ ।

अब आफूले जनतासँग गरेका वाचा पूरा गर्ने अठोटसहितको पत्यारिलो दृष्टिकोण आउनुपर्छ, वाम सरकारबाट । नेतृत्वको प्रवृत्ति के छ भने आफूले बोलेपछि विकास भयो । बोलेर विकास हुने भए त राजाको पालामा धेरै विकास भइसक्थ्यो । नेताहरूलाई आग्रह छ- कुरा धेरै भयो, काम गरेर देखाउनुहोस् । ◆

प्रस्तुतिः बाबुराम विश्वकर्मा

तस्बिर : सुरेशराज न्यौपाने

सत्रको शान

छोटो समयमै विश्व क्रिकेटको ध्यानाकर्षण गराएका छन् सन्दीप लामिछानेले

सुरेशराज न्यौपाने/नयाँदिल्ली

विश्व क्रिकेटको दिशा र भावी स्वरूपबारे छलफल गर्न अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) र बीआईसीसीआईका पदाधिकारीको बैठक नयाँदिल्लीमा चल्दै थियो, २७ वैशाखमा । त्यसको ठीक अघिल्लो दिन आईसीसीले बेलायतको लर्डस्मा १७ जेठमा हुने वेस्ट इन्डिजविरुद्धको २०-२० मैत्री खेलमा नेपाली क्रिकेटर सन्दीप लामिछानेलाई आईसीसी विश्व-११ को टिममा समावेश गरेको खुसखबरी दिइसकेको थियो ।

क्रिकेटको मक्का मानिने लर्डस्, त्यसमाथि अन्तर्राष्ट्रिय स्तरमै नाम कमाएका खेलाडीको जमघट । यति महत्त्वपूर्ण प्रतियोगितामा खेल्न पाउनु क्रिकेटरका लागि सपना नै हो, त्यो पनि १७ वर्षकै उमेरमा । सन्दीप त्यस्तो अवसर पाउने पहिलो नेपाली खेलाडी बन्न सफल भएका छन् । उनको टिममा इअन मोर्गन, शाहिद अफ्रिदी, दिनेश कार्तिक, शोहेब मलिक, हार्दिक पाण्डेजस्ता नाम चलेका खेलाडी रहनेछन् ।

'लर्डस्का बारेमा म के भन्न सक्छु र ? क्रिकेटको घर, क्रिकेटको सम्पूर्ण इतिहास । एउटा क्रिकेटरको स्वप्न मैदान,' सन्दीपको यो ट्वीटले कुनै पनि क्रिकेटरका लागि लर्ड्समा खेल्न पाउनुको महत्त्व कति रहेछ भन्ने दर्शाउँछ ।

त्यसो त नेपाली युवा क्रिकेटर सन्दीपको चर्चा आईपीएलको अनुबन्ध र प्रदर्शनले यसअघि नै चुलिइसकेको थियो । गत जनवरीमा दिल्ली डेयर डेभिल्स्सँग आईपीएलको चालू सिजनका लागि अनुबन्ध भएसँगै सारा नेपालीको ध्यान उनैमाथि केन्द्रित थियो । आईपीएलको अक्सनमा सहभागी ५ सय ७८ खेलाडीको सूचीमा २ सय ७६ नम्बरमा रहेका सन्दीपलाई दिल्लीले नै २० लाख भारुमा अनुबन्ध गर्ने निर्णय गरेको थियो ।

दिल्लीको उक्त निर्णयसँगै विश्वकै महँगो खेल प्रतियोगितामा दरिएको आईपीएलमा अनुबन्ध हुने पहिलो नेपाली खेलाडी पनि बने सन्दीप । आईपीएल अनुबन्धले उनको चर्चा नेपालमा मात्र होइन, अन्तर्राष्ट्रिय क्रिकेटमा पनि आकासियो । क्लार्कलगायत थुप्रै चर्चित खेलाडीले नेपालको पहिलो खेलाडीका रूपमा प्रशंसा गर्दै सन्दीपका लागि मात्र नभएर नेपालकै क्रिकेटका लागि यो ऐतिहासिक अवसर भएको टिप्पणी गरे ।

भारतीय अंग्रेजी दैनिक *द हिन्दु*का वरिष्ठ खेल पत्रकार राकेश राव एउटा युवा खेलाडीका लागि आईपीएलमा अनुबन्ध हुनु नै ठूलो मौका भएको बताउँछन् । भन्छन्, "यो त सपना

साकार भएको हो, सन्दीप र पूरै नेपालका लागि । विश्वका नामी खेलाडीको यो मेलामा नाम दर्ज गराउन पाउनु नै ठूलो अवसर हो ।"

सन्दीपको खेल-जीवनलाई अहिलेको अवस्थामा ल्याइपुऱ्याउन उनको व्यक्तिगत मिहिनेतका अलावा अस्ट्रेलियन पूर्वक्रिकेटर माइकल क्लार्कको भूमिका पनि महत्त्वपूर्ण छ। क्लार्कलाई सन्दीपको गुरुका रूपमा समेत हेरिएको छ। सन्दीप र क्लार्कबीचको सम्बन्ध दुई वर्षअघि गाँसिएको हो। मे २०१६ मा हङकङमा भएको २०-२० ब्लिज प्रतियोगितामा क्लार्क र सन्दीपले एउटै टिमबाट खेलेका थिए । त्यही खेलबाट सन्दीप क्लार्कको आँखामा परे ।

क्लार्कले १६ वर्षीय सन्दीपलाई आफ्नो एकेडेमीमा तालिमका लागि मात्र बोलाएनन्, स्थानीय सिड्नी ग्रेड क्रिकेट लिगमा खेल्ने अवसर पनि दिलाए। क्लार्ककै कप्तानीमा वेस्टन सवअर्ब क्रिकेट क्लबबाट खेलेर उनले मात्र १७ रन दिँदै एक विकेट लिएर कसिलो बलिङ गरेका थिए । त्यतिबेला नै क्लार्कले सन्दीपको प्रतिभा पहिचान गरिसकेका थिए । संयोग नै भन्नुपर्छ, अस्ट्रेलियन पूर्वकप्तान रिक्की पोन्टिङ डेयर डेभिल्सको प्रमुख प्रशिक्षक बनाइए । क्लार्ककै सिफारिसमा पोन्टिङले डेयर डेभिल्सका लागि ट्रायल दिन सन्दीपलाई बोलाएको भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

आईपीएलमा अनुबन्धपछि चर्चा चुलिए पनि उनीमाथि आईसीसीजस्ता संस्थाले तीन वर्षअघिदेखि नै आँखा लगाउन थालेका थिए । दुई वर्षअघि १९ वर्षमुनिको विश्वकप क्रिकेटमा आयरल्यान्डविरुद्ध ह्याट्रिक लिएपछि उनी थप चर्चित बनेका थिए । त्यसपछि आईसीसीले ०७२ फागुनमा सार्वजनिक गरेको क्रिकेटका 'फ्युचर्स स्टार्स' को ११ खेलाडीको सूचीमा समेत उनलाई समेटिएको थियो । उनले १९ वर्षमुनिको विश्वकपको डेब्यु २०१६ मा बंगलादेशमा गरेका थिए भने राष्ट्रिय टोलीका लागि सेप्टेम्बर २०१६ मा नामिबियाविरुद्ध पहिलो पटक मैदान उत्रिएका थिए ।

चितवन स्थायी घर भएका सन्दीपमाथि पहिलो नजर नेपाल राष्ट्रिय क्रिकेट टोलीका पूर्वप्रमुख प्रशिक्षक पुबुदु दासानायकेको परेको थियो। पुबुदुले उनलाई सीधै काठमाडौं बोलाए। र, सुरु भयो- सन्दीपको औपचारिक क्रिकेट करिअर । पछिल्ला केही वर्षलाई फर्केर हेर्ने हो भने सन्दीपका यस्ता उपलब्धि तथा सफलता एकअर्काका पर्याय बन्न थालेका छन् । उनको औंलाका जादु थप निखारिँदै गएका छन् ।

सन् २०१६ को अन्डर-१९ आईसीसी विश्वकपमा उनले १६ विकेट लिएका थिए । त्यसको केही महिनापछि जुलाई २०१६ मा लर्डस्मा भएको नेपाल र मेलबर्न क्रिकेट क्लब (एमसीसी) बीचको मैत्री खेलमा पनि उनले खेल्ने मौका पाए। गत फेब्रुअरीमा नामिबियामा भएको आईसीसी विश्व क्रिकेट लिग डिभिजन टुमा १७ विकेट लिएर प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित भए । प्रतियोगितामा नेपाल उप-विजेता बनेको थियो ।

त्यत्तिमै रोकिएनन् सन्दीप । त्यसलगत्तै भएको विश्वकप छनोट प्रतियोगितामा पनि उनले १३ विकेट लिए। विश्वकपका लागि छनोट हुन नसके पनि प्रतियोगितामा आठौं स्थानमा रहन सफल भई नेपालले सन् २०२२ सम्म एकदिवसीय मान्यता पायो। उनी आईपीएलमै मात्र सीमित छैनन्, साउन तेस्रो साताबाट सुरु हुने क्यारेबियन प्रिमियर लिगमा समेत अनुबन्ध भइसकेका छन् । उनलाई लिगको टिम सेन्ट किट्स एन्ड नेविस पेट्रोयट्सले ५ हजार डलरमा अनुबन्ध गरेको हो । सन्दीपले यस वर्षको युवा खेलाडीको पुरस्कारसमेत जितेका छन् ।

आईपीएलमा अनुबन्ध भएपछि उनले खेल्न पाउने हुन्/होइनन् भन्ने कुरा सर्वत्र चासोका रूपमा हेरिएको थियो। पाए पनि कस्तो खेल्ने हुन् भन्ने जिज्ञासा थियो। अन्ततः करिब डेढमहिने पर्खाइपछि दिल्ली डेयर डेभिल्स्ले आफ्नो १२औं म्याचमा सन्दीपलाई मैदानमा उतार्‍यो। साथै, आईपीएलमा खेल्न पाउने सबैभन्दा कम उमेरका विदेशी खेलाडीको सूचीमा उनी दोस्रो नम्बरमा परेका छन् ।

गृहमैदान नयाँदिल्लीको फिरोज साह कोट्ला मैदानमा रोयल च्यालेन्जर बैंग्लोर (आरसीबी)

'शेन वार्न र कुम्बलेको संगत गरून्'

– सुशील दोशी, कमेन्टेटर

सन्दीपको खेललाई मैले नजिकबाट हेरेँ। उनको लाइन र लेन्थ गज्जबको रहेछ। उनको बलिङमा दम छ। हाई एक्सन र भेराइटी छ। विराट कोहलीजस्ता खेलाडीलाई पनि दबाबमा राख्न सफल भए। ठूला प्रतियोगिता खेल्दै गएपछि थप उनमा निखार आउनेछ। उनको खेलले नेपालका अन्य प्रतिभालाई पक्कै पनि प्रेरणा दिएको हुनुपर्छ। कुनै पनि देशको खेल क्षेत्रको विकासमा नायक हुनैपर्छ। जसरी भारतमा सुनिल गावस्कर, कपिल देव, सचिन तेन्दुल्कर र महेन्द्रसिंह धोनी छन्, त्यसैगरी सन्दीप नेपालका लागि हिरो हुन्। उनलाई गलत हातमा जान दिनुहुँदैन।

सन्दीपलाई अब धेरैले सल्लाह दिन थाल्नेछन्, यो-यो नगर भनेर। उनले जो साँच्चिकै सल्लाह दिन्छन्, तिनको कुरा मात्र सुन्नुपर्छ। अन्यथा पूरा करिअर बिग्रन सक्छ। त्यस्ता थुप्रै उदाहरण छन्। एउटा स्पिनरका रुपमा उनले शेन वार्न, अनिल कुम्बलेहरूको संगत गर्नैपर्छ, उनीहरूका कुरा सुन्नुपर्छ। मलाई विश्वास छ, उनीहरू पनि सन्दीपजस्ता प्रतिभालाई सल्लाह दिन पाउँदा खुसी नै हुनेछन्। किनकि, उनीहरू खेलाडी मात्र होइनन्, असल मानिस पनि हुन्।

सन्दीपमा प्रशस्त प्रतिभा छ। अब उनलाई अनुभवको खाँचो छ। अनुभव, सल्लाह, संगत, खेलप्रतिको ध्यानजस्ता कुराले उनको खेल-जीवनको दिशा निर्देश गर्नेछन्। एकाएक सेलिब्रिटी बने भन्ने भ्रम पनि सिर्जना हुने गर्छ। क्रिकेटको चकाचौँधले गर्दा यही उपलब्धि रहेछ भन्ने भयो भनेचाहिँ त्यो दुर्भाग्य हुनेछ। त्यसैले उनका साथी कस्ता छन्, प्रशिक्षक को हो ? फिजिकल फिटनेसमा कत्तिको ध्यान दिन्छन् ? आफ्नो खेलमा कत्तिको लगनशील छन् भन्नेमा उनको भविष्य निर्भर छ।

सन्दीपजस्तो प्रतिभालाई जोगाउने जिम्मा सम्बन्धित क्रिकेट एसोसिएसनको हो। किनकि, उनको खेलबाट अन्य प्रतिभाहरू अगाडि आउनेछन्। अरूलाई पनि क्रिकेटमा लाग्न प्रेरणा मिल्नेछ। पहल गर्ने हो भने उनलाई विश्वस्तरीय तालिमको अभाव हुने छैन। अहिले त प्रतिभा छ भने जस्तोसुकै ठाउँ र पृष्ठभूमिको मान्छे पनि रातारात स्टार बन्न सक्छ। त्यसैले सन्दीपको मिहिनेत र क्रिकेट एसोसिएसनको दूरदर्शितामै नेपाली क्रिकेटको भविष्य अडेको छ।



'दुर्लभ प्रतिभा'

–मनिन्दर सिंह, भारतीय पूर्वराष्ट्रिय खेलाडी

सन्दीपको रनअप र फलोअप देखेर म फ्यान नै भएँ । एक्सन पनि त्यत्तिकै सुन्दर । नेपालबाट आएको एउटा खेलाडीले आईपीएलजस्तो प्रतियोगितामा खेल्दा पनि कुनै दबाब महसुस नगर्नु आफैँमा ठूलो कुरा हो । सामान्यतयाः ठूला प्रतियोगितामा भर्खरका खेलाडीको हातबाट बल नै फुस्कँदैन । तर, उनमा गज्जबको आत्मविश्वास देखियो । त्यसैले उनले निकै मिहिनेत गरेको देखाउँछ ।

१७ वर्षको उमेरमा यो स्तरको खेल हुनुले उनको भविष्य निकै उज्ज्वल रहेको प्रस्ट छ । रोचक त के भने, मैले पनि अन्तर्राष्ट्रिय क्रिकेटको सुरुआत १७ वर्षमै गरेको थिएँ । नेपालका लागि सन्दीप भगवान्ले दिएको एउटा सुनौलो उपहार हो । यस्तो प्रतिभा दुर्लभ हुन्छ । यस्तै मिहिनेत गरिरहे भने क्रिकेटमा उनको भविष्य निकै उज्ज्वल छ । कुनै पनि बेला मिहिनेत गर्न पुग्यो भन्ने सोच उनमा आउनु हुँदैन । त्यो दिनदेखि प्रायःको खेल सिद्धिन्छ ।

अब उनले अहिलेको भन्दा दस गुणा मिहिनेत गर्नुपर्छ । शिखरमा पुग्नु ठूलो होइन, त्यसभन्दा महत्त्वपूर्ण त्यहाँ टिकिरहनुमा छ । कुनै पनि देशले हिरो खोजिरहेको हुन्छ । जनताले जहिले पनि हिरो खोज्छन् र त्यही हिरोलाई पछ्याउँछन् । सन्दीपमा हिरो बनिरहन्छु भन्ने सोच हुनुपर्छ । अनि, बल्ल क्रिकेटमा भविष्य देख्नेहरूले उनको अनुसरण गर्नेछन् । यस हिसाबले हेर्दा उनी जिम्मेवार पनि बन्नुपर्छ ।

कुनै पनि क्षण मिहिनेत र लगनबाट पछाडि हट्नुहुन्न सन्दीपले । जहिल्यै पनि शतप्रतिशत दिने कोसिस गर्नुपर्छ । र, यो कुरा उनलाई पक्कै थाहा भइसकेको छ । उनको खेलबाट पनि त्यो प्रस्ट हुन्छ । जेहोस्, अहिलेलाई नेपाल र नेपालीले एउटा क्रिकेट हिरो पाएका छन्, बधाइ ।

विरुद्धको म्याचमा पहिले ब्याटिङ गर्दै दिल्लीले १ सय ८२ रनको लक्ष्य प्रस्तुत गरेको थियो । लक्ष्य डिफेन्ड गर्न दिल्लीका कप्तान श्रेयस ऐय्यरले सन्दीपलाई नै बलिङ आक्रमणको सुरुआत गर्न दिए । जबकि, उनकै टिममा पनि ट्रेन्ट बोल्ट, अमित मिश्राजस्ता विश्वकै धारिला बलर थिए । आफूमाथि अपेक्षा र विश्वास गर्नेहरूलाई सन्दीपले निराश बनाएनन् ।

पहिलो ओभरबाटै कसिलो बलिङ गरेका सन्दीपले आफ्नो दोस्रो स्पेल फाल्ने क्रममा ओभरको चौथो बलमा आरसीबीका ओपनर पार्थिव पटेललाई एलबीडब्लुको पासोमा पार्न सफल भए । उनको त्यो सफलताले रंगशालामा उपस्थित करिब ३० हजार घरेलु दर्शक त झुमे नै, प्रत्यक्ष प्रसारण हेरिरहेका नेपालीलाई अकल्पनीय खुसी दिलायो । पूरै म्याचमा उनले ४ ओभर फाल्दै १ विकेट लिएर २५ रन मात्र दिएका थिए ।

ब्याटिङ क्रिजमा विराट कोहली र एबी डिभिलियर्सजस्ता विस्फोटक र विलक्षण ब्याट्सम्यानलाई पनि उनले त्यति चलमलाउन दिएनन्, जुन उनीजस्ता युवा खेलाडीबाट कमै मात्र अपेक्षा गरिन्छ । बलिङ आक्रमणको सुरुआत गर्न पाएको अवसरबारे म्याचपछि सन्दीपको प्रतिक्रिया थियो, 'कुनै पनि अन्तर्राष्ट्रिय म्याचमा अहिलेसम्म बलिङ सुरुआत गर्ने मौका पाएको थिइनँ । यस हिसाबले पनि मेरा लागि झनै ठूलो अवसर थियो, त्यो पनि विश्वका उत्कृष्ट ब्याट्सम्यान भएका आरसीबीजस्तो टिमका विरुद्ध । त्यसैले म सुरुदेखि नै निकै एक्साइटेड थिएँ ।'

उनको बलिङलाई नेपाली मात्र नभएर पूरै क्रिकेट जगत्ले नै नजिकबाट हेरिरहेको थियो । तिनैमध्येका एक थिए, भारतीय पूर्वक्रिकेटर मनिन्दर सिंह । उनी पनि सन्दीपको प्रशंसा गर्न चुकेनन् । उनले भने, "१७ वर्षको उमेरमा यति ठूलो खेलमा धेरै बलरको हातबाट बल नै फुस्कँदैन । तर, सन्दीपको बलिङ स्टाइल, लाइनअप र एक्सन गज्जबको रहेछ । सबैभन्दा महत्त्वपूर्ण कुरा उनी कुनै पनि दबाबमा थिएनन् । यसले पनि उनमा विश्वस्तरीय खेलाडी बन्ने क्षमता रहेको पुष्टि हुन्छ ।"

उक्त म्याचमा दिल्ली पराजित भए पनि सन्दीपका लागि ऐतिहासिक बन्न पुग्यो । टिमका लागि उत्कृष्ट बलिङ गरेबापत म्याचपछिको पत्रकार सम्मेलनमा पनि दिल्लीले सन्दीपलाई नै अवसर दिएको थियो । पत्रकार सम्मेलनमा उनले दिएको जवाफ र देखाएको आत्मविश्वास साँच्चिकै हेर्न लायक थियो । उनी अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभवी खेलाडीसरह प्रस्तुत भए ।

पत्रकार, लेखक तथा अनुभवी क्रिकेट कमेन्टेटर सुशील दोशी भने अवसरसँगै सन्दीपको काँधमा अरू पनि जिम्मेवारी थपिएको बताउँछन् । हिन्दी भाषामा कमेन्ट्री गर्ने पहिलो व्यक्ति दोशीले हालसम्म ९ वटा विश्वकप, ८५ वटा टेस्ट र ४ सयभन्दा बढी वन डेका लागि कमेन्ट्री गरिसकेका छन् । आफ्नो खेलको स्तरलाई कायम गर्दै अरूका लागि पनि रोलमोडल बन्नुपर्ने दोशीको भनाइ छ ।

धेरै युवा खेलाडीमा एकाएक पाएको चर्चाले बाटो बिराउने जोखिम रहने हुँदा सन्दीपले आफूलाई सधैँ खेलप्रति समर्पित गर्नुपर्ने र गतिला मानिसको मात्र संगत गर्नुपर्ने सुझाव दिन्छन्, दोशी । यसबाहेक क्रिकेट एसोसिएसन र सरकार पनि यो अवसर सदुपयोग गर्न उत्तिकै जिम्मेवार बन्नुपर्ने दोशीको धारणा छ ।

दोशीले भनेजस्तै नेपाली क्रिकेटका प्रतिभालाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउने काम पनि सन्दीपले गरेका छन् । साथै, नयाँ प्रतिभाका लागि अवसरको ढोका पनि खोलिदिएका छन् । अब मात्र खाँचो छ, नयाँ प्रतिभाको पहिचान र खोजीको । त्यसका लागि नेपाल क्रिकेट संघ र सरकारले नै जिम्मेवारी लिनुपर्नेछ । तर, नेपालमा क्रिकेट विकासको जिम्मा पाएको क्यान आफैँ केही वर्षदेखि आन्तरिक राजनीति र झगडामा मुछिँदै आएको छ । न कुनै पूर्वाधार विकास भएको छ, न त प्रस्ट योजना नै बनेको छ । सुरु भएका पूर्वाधारका काम पनि अलपत्र नै छन् । यस्तो प्रतिकूल परिस्थितिकै बीच नेपाली क्रिकेटले सन्दीपजस्तो प्रतिभा पाएको छ । यस्ता प्रतिभाको हेरचाह र संरक्षण सही तवरमा हुनु जरुरी छ ।

भारतीय पूर्वक्रिकेटर मनिन्दर सिंह खेलाडीलाई जोगाउन नसक्ने मुलुकले खेलमा कहिल्यै पनि प्रगति गर्न नसक्ने बताउँछन् । भन्छन्, "सबै प्रतिकूलताबाट जोगाएर सन्दीपलाई खेल्ने वातावरण तयार गर्नु एसोसिएसन र सरकारको जिम्मेवारी हो, तब मात्र क्रिकेटको विकास सम्भव छ ।" ◆

अर्घाखाँची
ओ.पि.सि. सिमेन्ट
हो रै छ, अर्घाखाँची सिमेन्ट नै सबैभन्दा उत्कृष्ट रै छ !
अर्घाखाँची सिमेन्ट
अर्घाखाँची
सिमेन्ट
अर्डिनरी पोर्टल्याण्ड सिमेन्ट (ओ.पि.सि.)
उत्पादक:
अर्घाखाँची सिमेन्ट प्रा. लि.
50 KG Net
USE NO HOOKS
PRISMA - O&M/18
सही मूल्य, सही तौल, सही गुणस्तर
आफ्नै खानीको चुनढुंगा
सबैभन्दा बलियो र भरपर्दो
अत्याधुनिक एफ.एल.एस. डेनिस प्रविधि
सुरक्षित भविष्य
आफ्नै चुनढुंगा खानी भएको अत्याधुनिक एफ.एल.एस. डेनिस प्रविधिबाट उत्पादन गरि सही तौल मापन गरिएको सम्भवत: नेपालकै सबैभन्दा ठूलो ओ. पि. सि. सिमेन्ट उद्योग।
सबैभन्दा स्तरीय सिमेन्ट

पाइलैपिच्छे चुहावट

कर्मचारी, व्यवसायी, व्यवसायीका एजेन्टलगायतको 'नेक्सस'

विजयराज खनाल

आपूर्ति मन्त्रालयले दरबारमार्गका पसलमा छापा मारेपछि पसलेहरू प्रतिवादमा उत्रिए, गत मध्य भदौमा । राजस्व चुहावटलाई वैधानिकता दिन माग गर्दै साता दिनजति त पसलै बन्द गरे ।

भन्सारमा देखाइएभन्दा ११ गुणासम्म मूल्य बढाएर ठगी धन्धा चलाउँदै आएका व्यवसायीका दबाबसामु सरकार लाचार रूपमा प्रस्तुत भयो । व्यवसायीमाथि नाम मात्रको जरिवाना गरेर घटना सामसुम पारियो ।

दरबारमार्गको घटनालाई लक्षित गरी गत फागुनमा भएको बजेटको मध्यावधि समीक्षामा अर्थमन्त्री युवराज खतिवडाले राजस्व चुहावट रोक्न 'मुहान सफा'गर्ने नीति सार्वजनिक गरे । अहिले 'शून्य सहनशीलता' अपनाइने पनि दोहोर्‍याइरहेका छन् । तर, राजस्व चुहावटमा कर्मचारी, व्यवसायी, व्यवसायीका एजेन्टलगायतको 'नेक्सस'का कारण यस्ता मुद्दा पेचिला बन्दै आएका छन् ।

विसं ०६८ मा मूल्य अभिवृद्धि कर (भ्याट) को नक्कली बिल र भ्याट फिर्ता प्रकरणकै कारण पूर्वअर्थसचिव रामेश्वर खनालले पदबाट राजीनामा दिनुपरेको यहाँनेर स्मरणीय छ । तर, त्यतिबेला नक्कली बिल प्रकरणमा परेका ठूला घरानासहितका ५ सय १३ फर्ममध्ये कतिपय अझै अदालती प्रक्रियामै छन् । यसको एकीकृत विवरण भने आन्तरिक राजस्व कार्यालयसँग छैन ।

राजस्व चुहावटमा हुने बदमासी रोक्न विगतका सरकारले पनि निर्मम खालका घोषणा गरेकै हुन् । तर, जति कडाइ गरे पनि चुहावट रोकिनुको साटो बढ्दै गइरहेको तथ्यांकहरूले देखाउँछन् । "पाइला-पाइलामा राजस्व चुहावट भइरहेको अध्ययनले देखाएको छ," महालेखा परीक्षक कार्यालयका नायब महालेखापरीक्षक वामदेव अधिकारी भन्छन्, "कतिपय अवस्थामा नीतिगत तहबाटै यसले प्रश्रय पाउने गरेको छ ।"

महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको ५४औँ वार्षिक प्रतिवेदनमा छ, 'भ्याट फिर्ता पाइने घ्यू, तेल, मोबाइल सेट र चिनीमा ४० देखि ९० प्रतिशतसम्म छुट दिन बन्द गरौँ ।' व्यवसायीमा छुटमाथि छुट लिने प्रवृत्ति भए पनि सरकारले भ्याट फिर्ता दिइरहेको प्रतिवेदनमा उल्लेख छ ।

"तेल प्रशोधन गर्ने कम्पनीले पहिले नै प्रशोधित तेल ल्याउने र सिमरा (बारा) जस्ता क्षेत्रमा प्याकेजिङ मात्रै गरेर बेच्ने गर्छन्," अधिकारी भन्छन्, "भ्याट फिर्ता लिन बिक्री गर्दासमेत प्रशोधित तेल नभन्ने प्रवृत्ति छ ।"

सरकारले घ्यू, तेल, मोबाइल सेटमा मात्रै ३ अर्ब ३१ करोड रुपियाँ छुट दिएको छ । तेल उत्पादक नभए पनि यसको खपत हुने उद्योगले समेत विभिन्न नामका सहायक कम्पनी खोलेर भ्याट फिर्ता लिने गरेको अधिकारीको अनुभव छ ।

छुट फिर्ता प्रक्रियाको परीक्षण आन्तरिक राजस्व विभागले गर्नुपर्ने व्यवस्था छ । तर, केही घटनामा यस्तो नभएको समेत महालेखा परीक्षकले औँल्याएको छ । महालेखाको प्रतिवेदन अनुसार सरकारले मूल्य अभिवृद्धि करमा मात्रै ६ अर्ब १२ करोड रुपियाँ छुट दिएको छ । हाल १३ वटा समूहका ३० भन्दा बढी शीर्षकका सामान आयात गर्दा छुट दिने व्यवस्था छ । गत आवमा कुल ६ खर्ब १२ अर्ब राजस्व उठेकामा सबैभन्दा धेरै (२६.२७ प्रतिशत) योगदान भ्याटको छ । यद्यपि यसमा अपेक्षाकृत रूपमा सुधार हुन सकेको छैन । "भ्याटलाई पुँजी बनाउने मेसिनको संज्ञा दिने गरिन्छ, तर नेपालमा यो कुल गार्हस्थ्य उत्पादन जीडीपीको ५ प्रतिशतभन्दा माथि जान सकेको छैन," पूर्वअर्थसचिव शान्तराज सुवेदी भन्छन्, "सरकारले यसपटक भ्याटमा छुट हुने वस्तुको सूची घटाउनुपर्छ ।"

हाल भ्याटमा दर्ता हुनेको संख्या १ लाख ७६ हजार छ । तर, दर्तापछि विवरण नबुझाउने २३ प्रतिशत र समयमै नबुझाउने ३० प्रतिशत छन् ।

दर्ता हुने तर कारोबार नै नभएको देखाउने ३५ प्रतिशत र भ्याट फिर्ता लिने ५१ प्रतिशत छन् ।

मुहानै धमिलो !

भन्सार नाकाबाट भित्रिने सामानमा लागेभन्दा कम मूल्य देखाएर (न्यून बिजकीकरण गरेर) शुल्क ठग्ने प्रवृत्तिले अन्य राजस्व स्रोतमा पनि समस्या ल्याउने गरेको छ ।

"पहिले नै भन्सारमा कम मूल्य देखाएर वा छलेर सामान भित्रिएको हुन्छ, यही कारण अन्त:शुल्क र मूल्य अभिवृद्धिमा पनि गलत अभ्यास हुने गरेको छ," सुवेदीको अनुभव छ ।

सामान आयात गर्दा व्यवसायीले नै मूल्य घोषणा गर्ने व्यवस्था छ । त्यसमा विश्वास नलागे मात्रै भन्सार अधिकृतले थप जाँच गर्छन् । यसैका लागि वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय र भन्सारका अधिकारी रहने समिति नै गठन गरिएको छ । तैपनि, कम मूल्य देखाएर सामान भित्र्याउने प्रवृत्ति उस्तै छ ।

"कतिपय सामान कुन दरका हुन् भनेर छुट्याउन समस्या हुन्छ, यसमध्ये कुनैमा व्यवसायीको घोषणा, कुनैमा कागजात र आवश्यक पर्दा दुवै गर्ने चलन छ," भन्सार विभागका महानिर्देशक तोयम राय भन्छन् । महालेखाले भन्सारमा वस्तुको फरक संकेत नम्बर र दरबन्दी लगाएर ७२ करोडसम्म कम राजस्व असुलेको केही घटना उल्लेख गरेको छ ।

वस्तुको यथार्थपरक मूल्य पत्ता लगाउन ९० दिनभित्र कारोबार भएको उस्तै वस्तुको बजार मूल्यलाई समेत आधार लिने गरिएको छ । बजार मूल्यको ५० प्रतिशत कम दरलाई आधार मानेर भन्सार उठाइँदै आएको छ ।

यसले पनि समाधान ननिस्किएपछि हालै अर्थमन्त्रीले ई-पेमेन्टबाट भुक्तानी गर्न निर्देशन दिएका छन् । भन्सार सुधारका लागि सरकारले भारतबाट गुड एन्ड सर्भिस ट्याक्स (जीएसटी) लागेर आयात हुने सामानमा यस्तो बिल अनिवार्य गरेको छ । यस्तो बिलसमेत नक्कली भेटिएपछि सरकारले जीएसटी बिल परीक्षणका लागि भारतको भन्सार र नेपालको भन्सार विभागको इन्टरफेस जोड्ने गरी काम अगाडि बढाएको छ । राजस्व र भन्सार विभागको इन्टरफेसलाई पनि एक-आपसमा जोड्ने काम भइरहेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको हालैको भारत भ्रमणमा वीरगन्जमा रहेको एकीकृत जाँचचौकी उद्घाटन भएकाले पनि भन्सारमा हुने राजस्व चुहावट समाधान हुने अपेक्षा गरिएको छ । सरकारले व्यवसायीलाई अनिवार्य एक्जिम कोड लागू गरेसँगै वास्तविक आयातकर्ताको संख्या पहिचान हुन थालेको छ । यसअघि ४० हजारको संख्यामा रहेका आयातकर्ता अहिले १० हजारमा सीमित भएको भन्सारको तथ्यांक छ ।

हुन त, यसअघि पनि नाकामा भन्सार, क्वारेन्टाइन, प्रहरीजस्ता बहुनिकायबाट जाँच हुँदै आएको हो । तर, यसका बाबजुद भारतबाट छुटेकामध्ये ३५ प्रतिशत सामान न्यून बिजकीकरण हुने र चोरी-तस्करीको बाटो हुँदै नेपाल भित्रिने गरेको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ ।

सरकारले विभिन्न शीर्षकमा कुल ५९ अर्ब २० करोड रुपियाँ छुट दिएकामा विभिन्न भन्सार कार्यालयबाटै २ अर्ब २६ करोड छुट दिइएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । देशभित्रै उत्पादित हुने वस्तुमा लाग्ने अन्त:शुल्कको चुहावट मुख्यगरी मदिरामा देखिँदै आएको छ । बेलाबेलामा नक्कली स्टिकरसहित समातिने मदिरा यसैको उदाहरण हो ।

"बढी उत्पादन गर्ने उद्योगले कम उत्पादन देखाएर राजस्व छल्न विशेषत: यस्तो अभ्यास हुने गरेको छ," पूर्वअर्थसचिव सुवेदी भन्छन्, "यसका लागि कतिपय उद्योगले नक्कली स्टिकर प्रयोग गरी आफ्नो उत्पादन अर्काको ब्रान्डमा बेच्छन् ।"

आयकरमा पनि लगभग ४४ प्रतिशतले समयमै विवरण बुझाउँदैनन् । हाल आयकरको करदाताका रूपमा १ लाख ५ हजार ५ सय ४० दर्ता छन् । सरकारले आव ०७३/७४ मा ४२ अर्ब रुपियाँ आयकर उठाउन सकेको छैन । कारोबार भएभन्दा अलग देखाएर कर छल्ने प्रवृत्ति पनि छ ।

राजस्व बढाउने बाध्यता

सरकारले आगामी वर्षका लागि राष्ट्रिय योजना आयोगको संयोजकत्वमा रहेको स्रोत समितिबाट १२ खर्ब ४ अर्ब रुपियाँको बजेट सिलिङ पाएको थियो । स्थानीय तह र प्रदेशले कुल तीन खर्बको बजेट सिलिङ पाएकाले ७ सय ६१ तहको कुल बजेट १५ खर्ब ४ अर्ब रुपियाँ हुने भएको छ ।

स्थानीय तह र प्रदेश सरकारमा समेत अनुदानका रूपमा बजेट विनियोजन गर्नुपर्ने भएकाले पनि हाल सरकारलाई राजस्व स्रोतको वृद्धि आवश्यक छ । तर, पाँच वर्षयताको तथ्यांक अनुसार बजेटको मुख्य स्रोत राजस्वको औसत वृद्धिदर २० प्रतिशत हाराहारी मात्र छ । १० वर्षको तथ्यांक हेर्ने हो भने बजेटको स्रोतका रूपमा राजस्वबाट औसतमा ३५ प्रतिशत मात्र योगदान पुग्ने गरेको छ भने ६५ प्रतिशत वैदेशिक ऋण तथा अनुदान, आन्तरिक ऋणलगायतबाट धान्नुपर्ने अवस्था छ । चालू आवमा भने बजेटको ५७ प्रतिशत स्रोतका रूपमा राजस्वलाई आधार मानिएको छ ।

सरकारले हाल करका दर उच्च नै रहेकाले यसलाई बढाउनेभन्दा पनि दायरा बढाउनुपर्ने देखिएको छ । त्यसैले पनि सरकारले राजस्व चुहावटका स-साना छिद्र टाल्ने जमर्को गर्ने संकेत दिएको छ । हालै सरकारले सिन्डीकेट अन्त्य गर्नुको मुख्य उद्देश्य यातायात क्षेत्रमा भएको राजस्व चुहावट नियन्त्रण गर्नु रहेको जानकारहरू बताउँछन् । यद्यपि सरकारी अधिकारी भने यसलाई स्वीकार गर्दैनन् ।

"करिब ४ खर्बमाथिको कारोबार गर्ने यातायात क्षेत्रबाट १ अर्ब रुपियाँ राजस्व उठ्नुपर्ने हाम्रो प्रक्षेपणले देखाएको छ," यातायात व्यवस्था विभागका निर्देशक रूपनारायण भट्टराई भन्छन्, "तैपनि सरकारको मूल उद्देश्य सिन्डीकेट अन्त्य नै हो ।" हाल कम्पनी संस्था ऐन अन्तर्गत दर्ता भएकाले सवारी साधनले सीसी क्षमता अनुसार १८ देखि २० हजार रुपियाँका दरमा आयकर तिर्दै आएका छन् । अब तिनको कारोबारको समेत लेखा परीक्षण हुने भएकाले राजस्व धेरै बढ्ने अनुमान अर्थ मन्त्रालयको छ । सरकारसँग अब अगाडि बढ्न महालेखाको सुझाव अनुसार राजस्व चुहावट रोक्न निर्मम नीति अवलम्बन गर्नुको विकल्प देखिँदैन । ◆

निर्माणको गतिसँगै आर्थिक वृद्धि

भूकम्पको पुन:निर्माणले गति लिन थालेसँगै सिमेन्ट, रड र रंगको व्यापार विस्तार

चालू आवमा मुलुकको आर्थिक वृद्धिदर ५.८ प्रतिशत हुने केन्द्रीय तथ्यांक विभागको प्रक्षेपण छ । यो वृद्धिमा निर्माण, उत्पादन र रियलस्टेटबाट राम्रो योगदान रहने देखिएको छ। क्षेत्रगत आधारमा निर्माण, उत्पादन र रियल इस्टेटको वृद्धिदर उच्च छ। यी क्षेत्रमा क्रमश: १०.६४, ८.०४ र ५.२४ प्रतिशतको दरमा वृद्धि हुने भएको हो ।

मुलुकले भूकम्पपछि पुन:निर्माणमा तीव्रता दिएसँगै यी क्षेत्रमा उच्च वृद्धि देखिएको हो । ठूला विकास आयोजना, निर्माणबाहेक बैंकहरूले समेत आवास तथा गैरआवास निर्माणका लागि गत वर्षभन्दा १० प्रतिशत लगानी बढाएर २ खर्ब १० करोड पुऱ्याएका छन्। त्यस्तै, सिमेन्ट, ढुंगा, फलाम तथा स्टिल उद्योगमा बैंकहरूको लगानी एक खर्ब २७ अर्ब पुगेको छ। भूकम्पका कारण क्षति भएका ९ लाख ९६ हजार घरमध्ये एक लाख १९ हजार निजी घर निर्माण भइसकेका छन् भने चार लाख ३० हजार घर निर्माण भइरहेको पुन:निर्माण प्राधिकरणको तथ्यांक छ ।

त्यस्तै, तीन हजार विद्यालय, पाँच सय ८६ स्वास्थ्य संस्था र करिब एक सय सांस्कृतिक सम्पदाको पुन:निर्माण भएको छ। यसले बजारमा बालुवा, गिटी, इँट्टा, सिमेन्ट, रडलगायतको मात्रै नभई रंगको माग पनि बढेको छ ।

हाल इन्जिनियरको सल्लाहमा भूकम्पप्रतिरोधी घर बनाउनुपर्ने प्रावधानले पनि डन्डी, स्टिलको बजार बढेको छ। भूकम्पपछिको पहिलो वर्षमा करिब ४० प्रतिशतसम्म बढेको यसको व्यापार वृद्धि अहिले १० प्रतिशतमा संकुचित रहेको छ।

पुन:निर्माणको काम अगाडि बढिरहँदा नेपालमै उत्पादित सिमेन्टले पनि माग धान्ने अवस्था बनिरहेको छ । केही वर्षअघिसम्म भारतीय बजारबाट सिमेन्ट आयात गर्नुपर्ने बाध्यता हाल कम भइरहेको छ । गत आव ०७३/७४ मा नेपालमा तयारी सिमेन्टको आयात ३९ प्रतिशतले घटेर एक अर्ब १४ करोड रुपियाँमा सीमित भएको छ। बढ्दो सिमेन्ट उत्पादनसँगै नेपाल आत्मनिर्भर हुँदै गएको छ । "हामी सन् २०१९ सम्म सिमेन्टमा आत्मनिर्भर हुन सक्छौँ," नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाको कथन छ।

हाल नेपालमा ८० लाख मेट्रिक टन सिमेन्टको माग छ । यसको करिब ६०/७० प्रतिशत माग स्वदेशी उद्योगले धानिरहेका छन्। सन् २०१९ सम्ममा नेपालले करिब एक करोड मेट्रिक टन सिमेन्ट उत्पादन हुने प्रक्षेपण संघको छ।

नेपालमा सिमेन्ट उत्पादनका लागि कच्चा पदार्थका रूपमा प्रयोग हुने क्लिंकर भने आयात हुने गरेको छ । गत आवमा देशमा २४ अर्ब रुपियाँको क्लिंकर भित्रिएको थियो, जुन अघिल्लो वर्षको तुलनामा एक सय ५३ प्रतिशतले वृद्धि भएको हो ।

मुलुकभर रहेका करिब ५० सिमेन्ट उद्योगमध्ये सातभन्दा बढी उद्योगले अहिले आफैँ चुनढुंगा र सिमेन्ट उत्पादन गरिरहेका छन्। वैदेशिक लगानीसहित सञ्चालनमा आउन लागेको होङसी शिवम् सिमेन्ट उद्योगलगायतले चुनढुंगाको समेत आपूर्ति गर्ने लक्ष्य लिएका छन्। धादिङ, मकवानपुर, चितवन, दाङलगायतका क्षेत्रमा चुनढुंगा खानी छन् । नेपालमा हाल उत्खनन भइरहेकामध्ये ४९ वटा खानी चुनढुंगाका छन्।

निर्माण क्षेत्रमा सुधार भइरहँदा रंगको बजार पनि वार्षिक १५ प्रतिशतले बढिरहेको छ। हाल नेपालमा रंगको वार्षिक कारोबार सात अर्ब रुपियाँ पुगेको छ । कम्पनी रजिस्टारको कार्यालयमा हाल एक सय ३६ भन्दा बढी रंग उत्पादन कम्पनी दर्ता छन्।

रंगको खपत आन्तरिक बजारमा उच्च देखिए पनि केही उत्पादन विदेश निर्यातका लागि सिफारिसमा पर्न थालेका छन्। उद्योग विभागले आव ०७२/७३ मा एसियन पेन्ट्स कम्पनीबाट उत्पादित प्राइमरलाई विदेश निर्यात गर्न सकिने प्राथमिकता प्राप्त वस्तुको सूचीमा समेत राखेको थियो। भारतबाट मात्रै वार्षिक दुई अर्ब ३२ करोड रुपियाँको इनामेल र रंग आयात गरिरहेको नेपाललाई यसमा आत्मनिर्भर हुन भने समय लाग्छ।

॥ विजयराज



www.dishhome.com.np
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौँ
मन्त्रालयबाट आगामी १०० दिनभित्र सम्पन्न गरिने कार्यहरुको सम्बन्धी
प्रेस विज्ञप्ति
माननीय सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुल प्रसाद बाँस्कोटाज्यूले एक कार्यक्रमका बिच सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आगामी १०० दिनभित्र सम्पन्न गरिने कार्यहरु सार्वजनिक गर्नुभयो । उक्त अवसरमा मन्त्रालय र सम्बद्ध सबै पदाधिकारीहरुलाई मन्त्रालयको परिभाषा भित्र परेका काम र मन्त्रालयले सेवा दिनुपर्ने काम सक्रियतापूर्वक अघि बढाउँदै २१ बुँदे कार्यक्रमहरु असार मसान्तसम्म नतिजा देखिने गरी सम्पन्न गर्न निर्देशन दिनु भयो । सो अवसरमा मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङले आज घोषणा गरिएका २१ बुँदेको प्रगति समिक्षा १५/१५ दिनमा मा. राज्यमन्त्रीज्यूको उपस्थितिमा गरिने भएकोले प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिनु भयो । मन्त्रालय र अन्तर्गत निकायहरुले आगामी १०० दिनभित्र सम्पन्न गरिने कार्यहरु देहाय बमोजिम रहेको छ ।
१९. एनालग प्रणालीमा भईरहेको टेलिभिजन प्रसारणलाई डिजिटल प्रणालीमा रुपान्तरण गरी देशभरबाट एनालग प्रणाली बन्द (Analog Switch off) गरिनेछ ।
श्रावण १, २०७५ बाट
७७ जिल्लाकै एनालग टि.भी. सिग्नल बन्द हुँदैछ
अब ढिला किन गर्ने, DishHome Digital सेवा
आजै जडान गरि ढक्क हनहोस्
DishHome जडानको लागि
Miss Call दिनुहोस्
9802088999
2999/- only
वा नजिकको डिलरमा सम्पर्क गर्नहोस्
ग्राहक सेवा केन्द्रः NTC तथा नमस्ते प्रयोगकर्ताहरूका लागि १६६० ०१ २२०००
Ncell तथा CDMA प्रयोगकर्ताहरूका लागि ०१-४२१७६६६
DishHome
खुसी ON गरौं!
True HD

जर्सी नं १०

पवन आचार्य

राष्ट्रिय टोलीमा १३ वर्ष बिताएका मणि शाहलाई कहिल्यै नम्बर एक मानिएन । उनीअघि र पछिका फुटबलरहरू छोटो समय चम्किएर बिलाए । तर, मणिको चमक उल्का पिण्डजस्तो नभई सही अर्थमा मणि माणिककै थियो । उनको खेल लामो समय एकै लयको पनि रहेन । तर, जति समय मैदानमा बिताए, त्यतिले नै उनलाई अमर तुल्याइदियो ।

मणिलाई समकालीन र अग्रजले मात्रै होइन, अनुजले पनि पुकार्ने नाम हो, नेपालका म्याराडोना । हुन पनि अर्जेन्टाइन लिजेन्ड म्याराडोनासँग कदकाठी मात्रै होइन, अन्य केही समानता पनि थियो । उस्तै जीउडाल, लामो र घुम्रिएको कपाल पाल्ने शैली, विपक्षीलाई छलाउने शैली मात्र नभएर केही हदसम्म जीवनशैली पनि मिल्थ्यो, मणि र म्याराडोनाको ।

विश्व फुटबलमा डियगो म्याराडोनाले कदम चाल्दै गर्दा सन् १९६७ मा मणि काठमाडौँमा जन्मिए । तिनै म्याराडोनाको प्रेरणामा अर्जेन्टिनाले १९८६ मा विश्वकप ट्रफी उचाल्नु एक वर्षअघि मणिले नेपालबाट अन्तर्राष्ट्रिय फुटबलमा डेब्यु गरे । म्याराडोनाबाट प्रभावित भएरै होला मणिले पनि जर्सी नं १० नै लगाए । त्यसमा उनले यति न्याय गरे कि नेपाली म्याराडोनाकै रूपमा चिनिन्छन्, मृत्युपर्यन्त ।

तर, मणि स्वयंचाहिँ आफ्नै नामले चिनिन चाहन्थे । उनी भन्थे, 'म्याराडोना म्याराडोना हो । म मणि शाह नै । हामीबीच कुनै तुलना नै हुँदैन ।' उनका बुबा लक्ष्मणविक्रम शाह राष्ट्रिय खेलकुद परिषद्मा एथ्लेटिक्सका मुख्य प्रशिक्षक थिए । तर, फुटबल पनि खेल्थे । उनी छोरालाई फुटबल देखाउन रंगशालासम्म पुऱ्याउँथे । मणिले पछि ५ फिटमुनिका प्रतियोगिता खेल्न थाले । त्यसो त मणिका दिवंगत भाइ रत्न शाह पनि राष्ट्रिय टोलीमा अटाए । काठमाडौँको कालधारामा मणि शाहकै नाममा मणि गल्ली प्रचलित छ ।

०३९ मा थ्रीस्टार र ठमेल ११ बीचको खेलमा भएको झगडापछि मणिले फुटबलमा प्रतिबन्ध खेप्नुपऱ्यो । तर, थाइल्यान्डमा सन् १९८३ मा भएको प्रिन्सेस कपका लागि प्रतिबन्ध फुकुवा गरेर टोलीमा समावेश गरिएको थियो । कारण भनिरहनु नपर्ला, मणि शाह त्यतिबेलै उम्दा खेलाडी भइसकेका थिए ।

१७ वर्षको उमेरमा मणिले सन् १९८५ मा राष्ट्रिय टोलीमा डेब्यु गरे, दोस्रो दक्षिण एसियाली खेलकुदमार्फत । त्यसअघि काठमाडौँमै भएको पहिलो दक्षिण एसियाली खेलकुदमा शाहले अनुभव बटुलेका थिए, खेलाडीका रूपमा नभई बल ब्वाईका रूपमा । सन् १९९३ मा छैटौँ साग फाइनलमा भारतले २-१ को अग्रता लिएको अवस्था र खेल सकिन ३० सेकेन्ड मात्रै बाँकी हुँदा मणिले लेफ्ट फुटेड फ्रि-किकमार्फत खेललाई बराबरीमा पुऱ्याए । पेनाल्टी



सुटआउटमा भारतलाई हराउँदा मणिले पनि गोल गरे । राष्ट्रिय टोलीमा मणिको जादु मद्रासमा भएको सातौं दक्षिण एसियाली खेलकुदसम्म चल्यो । सन् १९९८ मा मणिले राष्ट्रिय टोलीबाट सन्न्यास लिए ।

एसियाली खेलकुदमा राष्ट्रिय झन्डा बोक्ने सौभाग्यप्राप्त एक्ला फुटबलर थिए मणि शाह । १९९८ को बैंकक एसियाडमा नेपाली फुटबल टिमको कप्तानी सम्हाल्दै मणिले राष्ट्रिय झन्डा बोके । तर, उनी मैदानमा उत्रिन पाएनन् । त्यसलगत्तै राष्ट्रिय टोलीबाट अलग्गिने निर्णय गरे ।

मनाङ-मर्स्याङ्दी क्लबलाई ०४२ मा ए डिभिजन लिग च्याम्पियन बनाउनुअघि मणिले डी डिभिजन लिगदेखि क्लबलाई जिताउँदै लगे । त्यतिबेलाका मणिका टिममेट विराटजंग शाही भन्छन्, "ए डिभिजन लिग च्याम्पियन हुने बेलासम्म हामीले दुई गोल मात्रै खायौं । संकटाबाट राजुमान तुलाधर र श्रीस्टारका पवन श्रेष्ठले मात्रै मनाङविरुद्ध गोल गरे । मणि शाहको आक्रमण अन्य क्लबले बिरलै रोक्न सक्थे ।"

अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा ४८ क्याप र ६ गोल गरेर आफ्नो प्रतिभा प्रमाणित गरिसकेका थिए, मणिले । जीवनभर मणिको खुट्टा बोल्यो । पत्रकारका प्रश्नलाई उनी सजिलै पन्छ्याइदिन्थे । 'खेलाडीले बोल्ने होइन, खेल्ने हो,' उनको यो भनाइ ओठैमा झुन्डिएको थियो । तर, पछिल्लो समय मणि नेपाली फुटबलमा परिवर्तनका लागि बोल्न थालेका थिए ।

मणि शाहकै साथ र सहयोगमा कर्माछिरिङ शेर्पाले नेपाली फुटबलमा गणेश थापाको विरासत उल्टाइदिए । उनी यति कम बोल्थे कि ०५५ मा अखिल नेपाल फुटबल संघ एन्फाले मणिलाई रूपक स्मृति उत्कृष्ट फुटबलर पुरस्कार प्रदान गर्दा पत्रकारका प्रश्नको जवाफ पनि अरूलाई दिन लगाए । फुटबल विशेषज्ञ सञ्जीव मिश्र त्यो दिन सम्झिन्छन्, 'पुरस्कार थापेपछि पत्रकारले आफ्नो मनमा लागेका कुरा भन्न मणिलाई आग्रह गरेका थिए । उनले चाहिँ मेरो अनुभव पनि सञ्जीवले सुनाउँछ भनेर मतिर प्रश्न सोझ्याइदिए ।'

केही समययता मणि फुटबलमा भूमिका खोजिरहेका थिए । उनी भन्थे, "टिम पाएँ भने म पनि नेपाली फुटबललाई रिजल्ट दिन सक्छु । तर, मलाई टिम हेर्न पनि दिँदैनन् ।" भ्रष्टाचार अभियोगमा एन्फा अध्यक्ष गणेश थापा निलम्बनमा परेपछि उनले एक दिन मिश्रलाई बोलाएर भनेछन्, "हेर भाइ, अब फुटबल चलाउने हामीले हो । म अध्यक्ष हुन्छु । मलाई फुटबलबाहेक प्रशासनिक कुरा केही आउँदैन । म फुटबल हेर्छु, तिमीले बाँकी हेर्नू । मैले कांग्रेसका शेरबहादुर देउवा र माओवादीका प्रचण्डसँग पनि कुरा गरिसकेको छु ।"

तर, समयले मणिलाई खेलाडीभन्दा माथि बढ्न दिएन । एन्फाको वर्तमान नेतृत्व मणिको अनुभवलाई कुनै न कुनै हिसाबले सदुपयोग गर्न चाहन्थ्यो । तर, अब त्यो मणि शाह स्मृति फुटबल प्रतियोगितामा सीमित हुने भएको छ । अरू पेसा व्यवसायका मानिसलाई भन्दा खेलाडीलाई एउटा सुविधा विशेष हुन्छ । त्यो हो, उनीहरू कुनै समूह, जाति र क्षेत्रीयताभन्दा माथि हुन्छन् ।

मणिले पनि कालधाराबाट माथि उठेर समग्र नेपालीको मनमा बास पाए । साना कदका मणिले नेपाली खेलप्रेमीमाझ सम्झनाका ठूला क्यानभास छाडेर गएका छन् । चराको आवाजजस्तो उनी पनि खेलप्रेमीका मनमा बाँचिरहनेछन् । ◆



कुमारको बिदाइमा

■ कालीप्रसाद रिजाल

कुमारबहादुर जोशीसित मेरो भेट मित्र वासु शशीमार्फत भएको थियो । खासमा भैरव अर्यालको श्रद्धान्जली सभामा मेरो कविता सुनेपछि वासु शशी र उनले भावविह्वल भएर आँसु पुछेको मेरो मानसपटलमा ताजै छ । वासु शशीले जाँदाजाँदै आत्मीय मित्र र भाइका रूपमा जोशीको मित्रवत हात मलाई दिएका थिए । त्यही हात पनि वैशाखको तेस्रो दिन नियतिले खोसेर लग्यो ।

दुईपल्ट मृगौला प्रत्यारोपण गरेर बचाएका जोशीलाई अन्ततः अस्पतालबाट घर फर्काउन सकिएन । धेरै पटक उनी मृत्युलाई जितेर फर्किएका थिए । हरेक पटक उनी फोनमा भन्ने गर्थे, 'दाइहरूको आशीर्वाद र साहित्यिक मित्रहरूको शुभकामनाले म फेरि सकुशल घर फर्कन सफल भएँ । सबैप्रति कृतज्ञ छु ।' फर्किएपछि फेरि उनी अध्ययन र साहित्य-साधनामा आफूलाई संलग्न गराउँथे । ओछ्यानमै पनि केही न केही लेखिरहन्थे, पढिरहन्थे । उनी अन्तिम समयसम्म पनि 'मलाई फर्काएर घर लग' भनेर सरस्वती बहिनी र छोराहरूसित आग्रह गरिरहेका थिए ।

उनलाई अरू बाँच्ने ठूलो इच्छा थियो । घरको ढोकाबाट भित्र छिरेपछि उनलाई परम सुख र आनन्द अनुभव हुन्थ्यो । दराजका किताब उनका अभिन्न मित्र थिए । उनी जहिले पनि 'अझ धेरै कुरा गर्न बाँकी छ' भन्ने गर्थे । तर, नियतिको इच्छा अर्कै रहेछ !

जोशी मिलनसार, सहृदयी र आकर्षक व्यक्तित्वका धनी थिए । उनको बोलीचाली र व्यवहारबाट प्रभावित नहुने कोही थिएनन् । मिर्गौला प्रत्यारोपण गर्ने डाक्टर, स्वास्थ्यकर्मी र सहायकदेखि अस्पतालका कर्मचारी सबैले उनलाई माया गर्थे । प्रसिद्ध मिर्गौला विशेषज्ञ ऋषिकुमार काफ्लेसित उनको पारिवारिक सम्बन्ध स्थापित भएको थियो । देशबाहिर हुँदा पनि उनी उपचारसम्बन्धी सल्लाह र निर्देशन दिन्थे ।

नेवार कुलमा जन्मेका उनले संस्कृत विषयको उच्च अध्ययन गरेर विशिष्टता हासिल गरे । महाकवि देवकोटाको काव्यिक विशेषताबारे अध्ययन, शोध र अनुसन्धान गरेर उनले विद्यावारिधि प्राप्त गरे । उनलाई देवकोटा-विशेषज्ञ मानिए र उनको शोधकार्य देवकोटासम्बन्धी अध्ययनको मानक ग्रन्थ हो ।

संस्कृत शिक्षाको अध्ययन गरिरहेकै बेला उनीजस्तै नेवार कुलमा जन्मेर संस्कृत साहित्यमा विशेषज्ञता हासिल गरेकी विदूषी कौशल्यासित उनको विवाह भयो । तर, केही वर्षको सुखद दाम्पत्य जीवनको पनि अप्रत्यासित रूपमा अन्त्य भयो । कौशल्याको अर्बुद रोगबाट निधन भएपछि अर्की विदूषीलाई उनको जीवनमा ल्याइदियो ।

दुईपल्ट एक्लै सरस्वतीले भारतको मद्रासमा लगेर मिर्गौला प्रत्यारोपण गराइन् । उनले हरसमय छायाजस्तो भएर सेवा-सुश्रुषा गरिरहिन् । पछिल्ला दिनमा उनले बराबर स्वास्थ्यसम्बन्धी समस्या सामना गर्नुपर्‍यो । घर र अस्पताल पालैसित ओहोर-दोहोर गर्नुपर्ने भयो । विषम परिस्थितिमा सरस्वतीले अहोरात्र दत्तचित्त भएर सेवा-सुश्रुषा गरिरहिन् ।

दुई वर्ष पहिले जेठा छोरा मोटर दुर्घटना परेर अस्पताल भर्ना भएपछि म र मेरी पत्नी केही समयका लागि अमेरिका गएर बस्नुपरेको थियो । सरस्वती बहिनीले जाने बेलामा उदास भएर भनेकी थिइन्, 'दाइ तपाईंहरू फर्कने बेलासम्म उहाँलाई सकुशल बचाउन सक्छु, सक्दिनँ ।' तर, हामी अमेरिकाबाट फर्केपछि पनि जोशी झन्डै दुई वर्ष बाँचे ।

जोशीसित मेरो पारिवारिक सम्बन्ध थियो । म बराबर उनको निवासमा गइरहन्थेँ । मेरो साहित्यिक लेखनबारे एउटा समालोचनात्मक ग्रन्थ तयार गर्ने उनको धोको थियो । तर, रोगले च्याप्दै लगेपछि उनले आफ्नो अध्ययन र लेखनलाई अघि बढाउन सकेनन् । रोगशैय्यामै रहेर पनि आफ्नो पुस्तकमा मेरो संक्षिप्त जीवनी लेखेर उनले मलाई ठूलो गुन लगाए । त्यही पुस्तक नै उनको अन्तिम कृति बन्न पुग्यो ।

कुनै आग्रह वा पूर्वाग्रह नराखी स्वतन्त्र र समभावको दृष्टिले कृतिको अनुशीलन र मूल्यांकन गर्ने प्रवृत्ति नै जोशीको वैशिष्ट्य हो । एक समर्पित साहित्य-साधक जोशी अब हामीमाझ छैनन् । उनका कृतिहरूमा नै खोज्नुपर्छ हामीले । ◆

कुमार नगरकोटी

दस्तखत-ए-करिश्मा

मलामीगृहको बेन्चमा एक्लै बसेकी छे करिश्मा मानन्धर । यौवन र सौन्दर्यकी दूत । मेसेन्जर अफ युथ एन्ड ब्युटी । उसको हातमा कलेजी रंगको डायरी छ । त्यो मेरै डायरी हो, जहाँ जीवित छँदा मैले लेखेका कविता, दैनिकी र पेन्सिल स्केचहरू छन् । अभिनेत्री डायरीका पानाहरू पल्टाइरहेकी छे । त्यहीं छ, उसको अंग्रेजी दस्तखत ।

त्यो डायरीमा उसले कहिले दस्तखत गरेकी थिई ?

आफ्नो मृत्युको मलाई कुनै खेद छैन । तर, करिश्माको मुहार किन त्यति अँधेरो ? योचाहिँ खेदजनक छ । उज्यालो मुहारमा ग्रहण लाग्नु ज्यादै दुःखद छ । यस्तो लाग्दैछ, करिश्माको करिस्मेटिक मुहारमा कुनै स्वाँठ मेकअप आर्टिस्टले भएभरको उदासीनता पोतिदिएको छ । तपाईंसित पिस्तोल छ, पिस्तोल ? त्यो मेकअप म्यानलाई खोज्नूस् र उसको खोपडी गोलीले उडाइदिनूस् । करिश्माको मुहारमा शोक, निराशा र उदासीनता पोत्ने त्यो स्वाँठलाललाई यो धर्तीमा बस्ने कुनै अधिकार छैन ।

०५१ को एक निद्रालु दिनमा डिल्लीबजारको उकालोमा यी अभिनेत्रीसित मेरो पहिलो र अन्तिम भेट भएको थियो । तिनताका म फर्निचर पसलको सेल्सम्यान थिएँ । सडकपारिको फुटपाथमा करिश्मा कसैलाई पर्खिबसेकी थिई । तर, कसलाई पर्खिबसेकी ? राजेश हमाल, भुवन केसी, सरोज खनाल कि विनोद मानन्धर ? या मार्टिन स्कोर्सिज, वुडी एलेन, स्टिभन स्पिलबर्ग या स्टान्ली कुब्रिकजस्ता फिल्म निर्देशकहरु, जसले उसलाई आफ्नो आगामी फिल्ममा कास्ट गरून् !

करिश्माको विम्ब मेरो मनमा त्यसैगरी बसेको छ : फुटपाथमा कसैलाई पर्खिबसेकी नायिका । सायद ऊ आफ्नो अतीतलाई कुरिबसेकी थिई, जसले उसलाई सिनेमाको मायानगरीमा एक्लै संघर्ष गर्न छाडिदिएको थियो । सडकपारि ऊ थिई, वारि म । पसलमा अन्य सेल्सम्यानहरूमाझ करिश्मा चर्चा हुन थालेपछि मैले भनें, "हिरोइनसित कुरा गर्ने कसैको आँट छ ?" सबै तैं चुप मै चुप भइगए । पारस चौधरीले भन्यो, "तपैंको चैं आँट छ ? करिश्मासित कुरा गर्न सक्नुभो भने सय रूप्याँ दिउँला । बाजी थाप्ने हो ?"

आफ्नो मनप्रिय नायिकाका निम्ति केवल सय रुपियाँ ? यो त हद भयो । भनें, "त्यस्तो जीवन्त सौन्दर्यको यस्तो भद्दा मजाक ! एक महिनाको तलब बाजी थापौं । मञ्जुर ?" चौधरीको अहंकारले भन्यो, "लौ मञ्जुर ।"

रित्तो हात के जानू ? कलेजी रंगको डायरी बोकी नायिकासामु गएँ र विनम्रतापूर्वक भनें, "अटोग्राफ प्लिज ।" उसले डायरी हातमा लिई अंग्रेजीमा सिग्नेचर गरिदिई । म धन्य भएँ । के सोचेर हो कुन्नि ? भनी, "एसएलसी गऱ्या छौ ?" गऱ्या छु भनें । लगभग पाँच मिनेट यताउतिका कुरा भए, हस्ताक्षरका लागि धन्यवाद दिएँ र फर्किहालें ।

त्यो निद्रालु दिनमा एसएलसीजनित अप्रत्यासित प्रश्नले मलाई लामो कालसम्म पछ्याइरह्यो । ऊ प्रसिद्धि र चर्चाको शिखरमा थिई । एक दिन शिखरबाटै भुर्र उडी अमेरिकातिर अलप भई । मैले उसलाई बिर्सें । म मात्र किन ? सिल्भर स्क्रिनमा करिश्माको कलकलाउँदो बैंस, अभिनयको छटा-ए-अन्दाज हेर्दै काललाई आफ्नो जवानी अर्पण गर्ने सिंगो जमातले उसलाई बिर्स्यो ।

२० वर्षको लामो अन्तरालपछि उसको खबर आयो । करिश्माले भनेको सुनें, "म स्कुल जान्छु, एसएलसी पास गर्छु ।" मैले आफ्नो जवाफ भेटेजस्तो लाग्यो । एउटा गीतले भन्छ, "सुन साइँली, चालीस कटे'सी रमाउँला ।" मलाई लाग्यो, ४० कटे'सी करिश्मा रमाउने भई । सिनेमाको ग्ल्यामरस संसारले ४० वर्षसम्म उसलाई रमाउने फुर्सद नै कहाँ दियो र !

करिश्मालाई फुटपाथमा एक्लै छाडिगएको अतीत अन्ततः टुप्लुक्क आइपुग्यो । सुन्छु, अचेल अतीतका मुलायम औंलाहरू समाती करिश्मा स्कुल जान्छे । ऊ असल अभिनेत्री थिई । अब उसलाई असल मान्छे बन्नु छ । असल शिष्य नै असल मनुष्य बन्ने हो । जगत्को यही इच्छा छ । सदाबहार नवयौवनालाई दिवंगत नगरकोटीको अनेक शुभेच्छा छ । ◆



त्यो समयका विरोधाभास

अर्चना थापा

प्रत्येक वर्ष साहित्य बजारमा थुप्रै आत्मकथा र संस्मरण आउँछन् । केहीले मात्र पाठकको मनमा ठाउँ बनाउँछन् । धेरै त चुपचाप आउँछन्, हराउँछन् । शारदा शर्माको भर्खरै प्रकाशित संस्मरण *त्यो समय* पठनीय छ । यसले पाठकमा बहसको वातावरण बनाउँदै छ । सन् २००४ देखि २००६ सम्म शर्माले दिल्लीस्थित इन्टरनेसनल प्लान्ड पेरेन्टहुड फेडरेसन नामक अन्तर्राष्ट्रिय संस्थामा काम गर्दा देखे-भोगेका घटना र तत्कालीन नेपालको निरंकुश राजनीतिक माहोलमा नरहरि आचार्य जेल परेका विषयलाई दिल्लीबाट काठमाडौँ फर्केर हेरेको समय हो, *त्यो समय* ।

पछि दिल्लीस्थित कार्यालयका लागि नेपालमै बसेर काम गर्दा क्षेत्रीय र केन्द्रीय कार्यालयभित्रको खिचलो, 'कुलीन'हरूले स्वयंसेवक भएर काम गर्दा कर्मचारीको उछितो काढेको र नरहरिजीसित जोडिएका राजनीतिक घटनाक्रमले निम्त्याएको व्यक्तिगत र पारिवारिक जीवनको शब्दचित्र छ, संस्मरणमा । निश्चित समय-घेराको संस्मरण पढ्दा लाग्छ, दुई व्यक्ति र दुई देशका समानान्तर समयचित्र समेटिएको छ । लेखकले प्रत्यक्ष भोगेका घटना र अनुभूति छन् ।

ज्ञानेन्द्रको 'कु', कांग्रेसभित्र नरहरिजीको अडान र ०६४ को संविधानसभा चुनावका प्रसंगको समानान्तर शब्दचित्र भेटिन्छ, पुस्तकमा । डायरी शैलीमा लिपिबद्ध *त्यो समय* व्यक्तिगत र राजनीतिक समयाभिलेख मात्र होइन, त्यसमा लेखकको संवेदना, अन्तरसंवाद, अन्तर्द्वन्द्व, अन्तर्दृष्टि, आत्मसमीक्षा, आत्मचिन्तन, मनोविश्लेषण र भावपूर्ण समय/समाख्या पनि हो ।

लेखकीय स्वीकारोक्ति छ, 'यो पुस्तकको मुख्य पात्र मै हुँ ।' तर, बेलाबेला आत्मकथाको केन्द्रबाट 'म'लाई विस्थापित गर्दै उनले नरहरिजीलाई मूलपात्रका रूपमा प्रतिस्थापित गर्छिन् । र, उनका राजनीतिक मुद्दाको पक्षमा सादृश्य तर्क प्रस्तुत गर्छिन् । राजनीतिमा



त्यो समय

लेखक	: शारदा शर्मा
प्रकाशक	: साङ्ग्रिला पुस्तक
पृष्ठ	: ३५२
मूल्य	: ५४५ रुपियाँ

सक्रिय सहभागिता नरहेको दाबी छ उनको । नरहरिजीका राजनीतिक विषयमा आंशिक असहमति राखे पनि आफ्नो कथाभित्र स्वैच्छिक सहायक पात्र बनेर लेखक उनलाई सघाउन निमित्त नायक पनि बन्छिन् । संविधानसभाको चुनावका बेला नरहरिजीलाई पार्टीभित्रैबाट असहयोग हुने जस्तो लाग्दा उनी बालुवाटार पुगेर गिरिजाप्रसादसित सोध्छिन्, 'हजुरले नरहरिजीलाई हराउन लाग्नुभएको भनेर निकै हल्ला छ बाहिर । बडो चिन्ता लागेर आएकी हुँ । रातभरि सुत्न सकिनँ ।' नरहरिजीसित आबद्ध राजनीतिक प्रसंगमा सक्रिय सचेतक भूमिका खेल्छिन्, शारदा शर्मा ।

आत्मकथाको सत्य एकपक्षीय भएको हुनाले प्रायः लेखकको इमानदारीप्रति प्रश्न उठ्ने गर्छ । साथै, आत्मलेखनलाई आत्ममहिमाको आक्षेप पनि लाग्छ । *त्यो समय*की लेखक आफ्नो अनुभव, पात्र र पाठकप्रति न्याय हुनुपर्छ भन्ने कुरामा हदै सजग छन् । सात वर्षदेखि घरको आर्थिक जिम्मेवारी बोकेको तथ्य, अन्तर्मुखी स्वभाव, परदेसिनु पर्दाको पीडा, कम्प्युटर प्रोग्रामको सीमित ज्ञान र पुरुषका कुत्सित चेष्टा र दृष्टि अनुभव पढ्दा लाग्छ, नारी अनुभवकेन्द्रित फरक खालका ज्ञानमीमांसाबारे बृहत् रूपमा छलफल गर्न सकिने वातावरणलाई यस संस्मरणले सघाउ पुर्‍याएको छ । मतदाताले नेतासित अपेक्षा गरेको प्रसंगमा उनी निर्धक्क लेख्छिन्, 'मान्छेलाई एक-दुईपल्ट नदेख्दा, नमस्ते नफर्काउँदा त राम्रो लाग्दैन । यही मान्छेसँग ३० वर्ष सँगै बस्दा मलाई कति गाह्रो भयो होला ? ऊ मलाई पनि देख्दैनथ्यो, अझै देख्दैन कतिपय अवस्थामा ।'

आजको समयमा आफ्नो मनका कुरा कति महिलाले खुलेर लेख्न सक्छन् होला ? नरहरिजीको चुनावी यात्राको घरदैलो कार्यक्रम दौरान आफूलाई उम्मेदवारकी पत्नीका रूपमा चिनाउँदै गर्दा एउटा पाठकले लेखकको स्वतन्त्र परिचयलाई सम्मान गर्दै भनेको कुराले लाग्छ, स्वतन्त्र नारी परिचयका आधार समाजमा विस्तारै सहज बन्दैछन् ।

राष्ट्र निर्माणका गाथा प्रायः महिला योगदानबारे मौन छन् । तर, नरहरिजीको चुनावी अभियान दौरान कांग्रेसी महिला र्‍यालीको सहयोगलाई लेखक खुलेर प्रशंसा गर्छिन् । महिला बढी खट्छन्, तिनले आफूले दिएको वचनको मान राख्छन् र विषयलाई टुंगोमा नपुर्‍याई विश्राम लिँदैनन् । त्यस्तै भुटानको 'रिन्यू' नामक सामाजिक संस्थामा रानीको पकड, ग्रस न्यासनल ह्याप्पिनेसलाई प्रतिप्रश्न गर्ने आलोचनात्मक दृष्टिकोण, नेपालमा शरणार्थी जीवन बिताउन बाध्य भुटानी नागरिकप्रतिको संवेदनशीलता र भुटानी नागरिकले पाउने चार किसिमका नागरिकताका कुरा रोचक र जानकारीमूलक छन् ।

विरोधाभासरहित छैन *त्यो समय* । गिरिजाप्रसादसित पटक-पटक भेटेको प्रसंग, कोइरालासितको सान्निध्य र 'माया'मिश्रित अनुभूतिका प्रसंगमा विरोधाभास र अन्तर्विरोध देखिन्छ । कोइराला कांग्रेस सभापति र प्रधानमन्त्री हुँदा लेखकले काठमाडौँ र दिल्लीमा उनीसित भेट्छिन् । 'सबै गरेर दुई-अढाई लाख नेपाली

रुपियाँ कमाउने' लेखकले दिल्लीको ताज होटलको बन्द-कोठाभित्र २० हजार रुपियाँ लिँदा दिएको स्पष्टीकरण कमजोर लाग्छ । उनी लेख्छिन्, 'हजुरबाजस्तो उमेरको मान्छेले बारम्बार दिँदा इन्कार गर्न सकिनँ ।'

कोइरालासित बन्द-कोठाभित्र भेट्दा लेखकलाई संकोच लाग्छ । 'मजस्तो सामान्य मान्छेलाई समय दिन त्यत्रा ठूला नेताहरूलाई बाहिर पठाउँदा तिनले के भन्ठाने होलान् ?' प्रश्न उठ्छ- राजनीतिमा प्रत्यक्ष संलग्नता नरहे पनि किन नेताहरू उनलाई भेट्न चाहन्छन् ? के अरू नेता-पत्नीहरूलाई पनि ठूला नेता भेट्नुपर्ने बाध्यता हुन्छ ? दिल्लीको सांग्रिला होटलमा उपस्थित पार्टी-कार्यकर्ता र शुभचिन्तकलाई बाहिर निकालेर कोइरालाले लेखकलाई भन्छन्, 'म तपाईंलाई धेरै माया गर्छु । म कति माया गर्छु भन्ने थाहै छैन तपाईंलाई !'

स्नेह, माया, कामिता र हार्दिकताजस्ता अभिव्यक्ति प्रेमका बहुल स्वरूप हुन् । र, वयस्क सहमतिमा जे-जस्तो रूप भए पनि जायज हुन्छ । कोठाभित्र लेखकको हात, कपाल सुम्सुम्याइरहेका कोइरालाको अवाञ्छित निकटता अप्रिय लागे पनि लेखकले विरोध गर्न नसक्ने अवस्थालगत्तै जोडिएर अर्को प्रसंग आउँछ, 'सन्त मानेका नेता किसनुजीले सोल्टीको पार्टीमा शर्मालाई अँगालो हालेर पछाडिबाट कम्मरको मासु बेस्सरी चिमोट्दै भनेको 'ए कहिलेकाहीँ त हामीलाई पनि यसो मौका दिनूस् न ।'

पढ्दा स्पष्ट हुन्छ, दुवै प्रसंगमा लेखकमाथि दुर्व्यवहार भएको छ । श्रद्धेय मानिएका नेताका कथित लम्पट व्यवहार र कोइरालाबारे लेखकले दिएको तर्क कमजोर लाग्छ । उनको 'माया गर्ने तरिका नै पो यस्तो हो कि ?' र, 'यो वृद्ध मान्छे आँट, सक्रियता र ऊर्जाका कारण सधैं मेरो आदरणीय रह्यो ।' के मनले आदरणीय मानेका व्यक्तिका अवाञ्छित निकटता स्वीकार्य हुन्छन् ? आजको समयमा जनताले पुजेका सन्त-महात्माहरू, मिरामेक्सका चर्चित हार्वे विन्सटाइन, एनबीसी टीभीका प्रख्यात म्याट लाउर, सुप्रसिद्ध कलाकार बिल कोस्बीजस्ता आदरणीय मानेका व्यक्तिले गरेका प्रमाणित यौन अपराध र यौन दुर्व्यवहारबारे विश्वमा खुलेर भर्त्सना भइरहेको समयमा शब्दशिल्पी लेखकको सन्तुलित/सौम्य तर्क खल्लो लाग्छ ।

> पुस्तक पढ्दा स्पष्ट हुन्छ, दुवै प्रसंगमा शारदामाथि दुर्व्यवहार भएको छ । श्रद्धेय नेताका लम्पट व्यवहार र कोइरालाबारे लेखकले दिएको तर्क कमजोर लाग्छ ।

कोलकाताको सोनागाछी एरियाको यौनधन्धा र यौनकर्मीका बाध्यात्मक स्थिति पढ्दा आङ सिरिंग हुन्छ । एउटा नेपाली यौनकर्मी लेखकलाई भन्छे, 'हामी यहाँ बजारमा नबस्दा हौं त तिमीहरू भलाद्मी र असल बनेर कहाँ निर्धक्क हिँड्न पाउँथ्यौ ? सडकमै दिउँसै बलात्कार गर्थे यी पुरुषले तिमीलाई । घरका पत्नी तिमी, बजारका पत्नी हामी । तिमीहरू पट्टी बाँधिएका कुकुर, हामी यहाँ पट्टी नबाँधिएका कुकुर । तिमी र हामीमा यति नै त हो फरक ।'

लेखक भन्छिन्, 'एक हिसाबले ठीकै भन्छिन् उनी ।' प्रश्न उठ्छ, कसरी ठीक ? के विवाहित महिलाका हकमा रहेको कानुनी अधिकार र संरक्षणको सुविधा यौनकर्मीसित छ र ? केही सजग यौनकर्मी आफ्नो शरीरको स्वामित्वबारे अरूभन्दा बढी सचेत होलान् । तर, सोनागाछीका यौनकर्मीको 'एजेन्सी' र आर्थिक पक्षबारे थप अध्ययनबिनाको रोमान्टिसाइज सहमति कति उचित होला ?

लेखकको दिल्ली बसाइ दौरान लेख्न सुरु गरेको डायरी कम पुस्तक पढ्दा लाग्छ- डिस्टोपियन समयचक्रभित्र अल्झेको छ, *त्यो समय* । केही असान्दर्भिक प्रसंग नराख्दा हुन्थ्यो । जस्तै, अनिरुद्ध गौतम दिल्लीमा, जुलाईको तातो दिल्ली र पुरञ्जन दिल्लीमा । थुप्रै प्रश्नहरू उठ्छन्, तिथि र गतेमा एकरूपता किन नराखेको होला ? के कांग्रेस पार्टीभित्र गणतन्त्र र संविधानसभाको पक्षधर नरहरिजी मात्रै हुन् ? साथै, नेपालको तत्कालीन राजनीतिको एकपक्षीय प्रस्तुतिले थप बहसको आधार तयार पारेको छ ।

समग्रमा, चार वर्षको दौरान लेखकको जीवनलाई छोएर गएको समयबारे सुचिन्तन, विचिन्तन, परचिन्तन र प्रतिचिन्तन हो, *त्यो समय* । हजारौं वर्षदेखि आफ्नो सत्यताका लागि अग्निपरीक्षा दिन बाध्य महिलापक्षीय सत्यता र इमानदारीलाई समाजले सजिलै स्वीकार गर्ने वातावरण अझै छैन । जे-जस्तो प्रतिकूल वातावरण भए पनि नेपाली महिलाका आत्मकथाले देवत्वकरण गरेका व्यक्तिको मुखौटा फुकाल्न थालेको केही समय भयो, पश्चिममा चलेको 'मीटू' आन्दोलनको लहर चल्नुभन्दा पहिलादेखि नै ।

गौरा प्रसाईंको आत्मकथा *मेरा जीवनका पाना*पछि शारदा भुसालले आत्मकथा *धरातल*मा जनताका नेताद्वारा खेपेका कथित यौन हिंसा र यौन दुर्व्यवहारका अनुभव लेखिन् । तर, उनीमाथि मानसिक सन्तुलन गुमाएको सार्वजनिक आरोप लाग्यो । देवत्वकरण गरेका व्यक्तिहरूको फरक अनुहार उजागर गर्दा शारदा शर्मामाथि पनि आक्षेप लाग्दैन भन्न सकिँदैन । एउटा कुरा निश्चित छ, *त्यो समय*ले महिलाका अनुभव र सत्यलाई चारित्रिक लाञ्छनाको डर र दण्डबाट मुक्त हुँदै मौनताबाट बाहिरिन प्रेरणा भने अवश्य दिन्छ । ◆

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78-81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, चावहिल : एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

सिसन सेन्सेसन

नेपालका केही गिनेचुनेका भिडियो ब्लगर (भ्लगर)का सूचीमा अग्रपंक्तिमै पर्छन्, सिसन बानियाँ । दैनिक जीवनका सामान्यभन्दा सामान्य घटनाक्रमलाई उच्चस्तरीय भिडियोका माध्यमबाट व्यक्त गर्न उनको कुनै उपमा छैन । यी अब्बल भिडियोका पछाडि अथक परिश्रमबाहेक उनीसँग भएका अत्याधुनिक ग्याजेटले ठूलो भूमिका खेलेका छन् ।

सानो छँदा सुपर-मारियो, कोन्ट्राजस्ता भिडियो गेम खेल्दाखेल्दै ग्याजेटतर्फ उनको झुकाव बढेको हो । सुरु-सुरुमा ग्याजेटलाई मनोरन्जनको साधनका रूपमा मात्र सीमित राखेका उनले विस्तारै भिडियो बनाउनुलाई आफ्नो पेसा बनाए ।

उनले लाखौँका क्यामेरा र यसका लागि चाहिने उपकरण किनिसकेका छन् । आफूसँग भएका आधा दर्जन क्यामेरामध्ये पानासोनिक जीएच-५ को क्यामेरा उनको सबैभन्दा प्रिय हो । बोक्न सजिलो र गुणस्तरीय तस्बिर तथा भिडियो खिच्न अत्यन्तै उपयोगी भएकाले उनको रोजाइमा परेको हो । क्यामेरा हेर्दा सामान्य देखिए पनि यसका विशिष्टता धेरै छन् । यसबाहेक उनका रोजाइमा ६ वटा युएसबी पोर्टजडित चार्जर र ब्रेवन बिआरभी प्रोका स्पिकर पनि पर्छन् । यात्रामा लैजान यी दुवै 'पर्फेक्ट' रहेको उनको भनाइ छ ।

यसपछि सिसन हजारौं डलर पर्ने रेड *क्यामेरा-८ के* खरिद गर्न चाहन्छन् । उनी यसको वायरलेस भिडियो ट्रान्समिसन सुविधाबाट अत्यन्त प्रभावित छन् । गुणस्तरीय प्रविधि प्रयोग गरी बनाइने एक्सन चलचित्रमा बाइक र कार सट लिन यसको प्रयोग हुँदै आएको छ । नेपाली चलचित्र यस मामिलामा अझै पछि रहेको उनको धारणा छ ।

सिसन भ्लगिङमा मात्र सीमित छैनन्, उनले सुरु गरेको प्याराडाइम टिभी *युट्युब* च्यानलका लाखौं प्रशंसक छन् । यही अहिले उनको टिमको जीविकोपार्जनको माध्यमसमेत बनेको छ ।

अब *गुगल वान*

गुगल ड्राइभले आफ्नो सशुल्क सञ्चय योजनामा केही परिवर्तन ल्याउने भएको छ । नयाँ योजना अन्तर्गत प्रयोगकर्ताले थोरै शुल्क तिरेर यसले दिने सेवाको लाभ उठाउन सक्नेछन् । १५ जीबी स्टोरेज सबै प्रयोगकर्ताले निःशुल्क उपयोग गर्न सक्छन् । तर, बढी स्टोरेज लिन चाहेमा केही पैसा तिर्नुपर्ने हुन्छ । त्यही शुल्क अहिले कम गरिएको हो । यी सबै सुविधा संग्रह गरिएको प्रणालीलाई *गुगल वान* नाम दिइएको छ ।



चालकरहित कारमा *एप्पल* दोस्रो



एप्पलका ५५ चालकरहित कार अमेरिकाको क्यालिफोर्निया डिपार्टमेन्ट अफ मोटर भेहिकल्स्मा दर्ता भएका छन् । कम्प्युटर भिजन र विभिन्न सेन्सरका मद्दतले पथ पहिचान गरी सञ्चालन हुने यस्ता कार सडकमा देखिने खाल्डाखुल्डी वा अन्य अड्चन पहिचान गरी सहजै गुड्न सफल रहेको पुष्टि भइसकेको छ । चालकरहित कारको संख्या हेर्ने हो भने *एप्पल* दोस्रो नम्बरमा आउँछ । १ सय ४ वटा कार भएको जनरल मोटर क्रुज पहिलो नम्बरमा आउँछ । यसैगरी वेमोका ५१, टेस्लाका ३९ र टोयोटाका ११ चालकरहित कार छन् ।

युट्युबमा इन्कग्निटो मोड

युट्युबले आफ्नो मोबाइल एप्लिकेसनमा इन्कग्निटो मोड ल्याउने भएको छ । यस मोडमा हेरिएका भिडियो हिस्ट्रीमा संग्रहित हुने छैनन् । यसमा आफूले सब्स्क्राइब गरेका च्यानल पनि देखिने छैनन् । *युट्युबको* 'रिकमेन्डेसन बेस्ड अन इन्ट्रेस्ट'समेत यस मोडमा लागू हुने छैन । सोही कारण अब प्रयोगकर्ताले हेरेका भिडियोबारे प्रयोगकर्ताबाहेक अन्य कसैलाई जानकारी हुँदैन ।



संयोजन : विभु

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाह्रीबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म
For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD

05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK

मीनको समय

क्यामेरा बोकेर कुद्न थालेको तीन दशक नाघिसक्दा पनि **मीन बज्राचार्य**, ५२, को ऊर्जा दुरुस्तै छ । सर्वसाधारण मात्र नभएर विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय 'आइकन' उनका क्यामेरामा कैद भइसकेका छन् ।

उनले खिचेको हिलारी क्लिन्टनको तस्बिरले एकताका खुबै चर्चा बटुल्यो । स्वयं हिलारीले उक्त तस्बिरमा हस्ताक्षर गरेर उनलाई पठाइन् । खुलेर हाँसिरहेका पूर्वअमेरिकी राष्ट्रपति जिम्मी कार्टरको तस्बिरको प्रशंसा स्वयं कार्टरले पनि गरे । गणेशमान सिंहका विभिन्न मुद्राका तस्बिरले उनको फोटोग्राफी करिअरलाई उचाइ दियो ।

मीनको पहिलो एकल फोटो प्रदर्शनी सन् १९९५ मा काठमाडौंमा भएको थियो । त्यसको उद्घाटन गरेका थिए, टोनी हेगनले । त्यसपछि उनका दर्जनौं फोटो प्रदर्शनी भए । जापान, बंगलादेश, पाकिस्तान, जर्मनी, अस्ट्रेलियालगायतका देशमा आयोजित फोटो प्रदर्शनीमा उनले खिचेका तस्बिर सर्वाधिक रूचाइनेमा परे ।

अहिले गोदावरी, ललितपुरस्थित 'द ब्रिट'मा मीनको एकल फोटो प्रदर्शनी चल्दैछ । २० जेठसम्म चल्ने प्रदर्शनीमा उनले खिचेका 'मुड्स् एन्ड मोमेन्ट्स्' मा केन्द्रित ८७ तस्बिर छन् ।

विभु लुइटेल





अब छोरीको पालो

नेपालमा सेलिब्रिटीका सन्तान फिल्ममा प्रवेश गर्नु नौलो रहेन । अनमोल केसी, सलोन बस्नेत, गौरव पहारी, रागिनी खड्गी आदिको सूची लामो छ । अब यही पंक्तिमा थपिएकी छन्, कविता मानन्धर । सदाबहार नायिका करिश्मा मानन्धरकी छोरी कविताको डेब्यु फिल्म हो, *एउटा यस्तो प्रेम कहानी* । अमेरिकामा अध्ययनरत उनी यसकै सुटिङका लागि नेपाल आएकी थिइन् । करिश्माकी छोरी हुनुको नाताले पनि उनले विस्तारै चर्चा बटुल्दै छिन् । उनको फिल्मी यात्रामा करिश्माले पनि साथ दिएकी छन् । तर, चिन्ता पनि बढेको छ, कतै कविता ओझेल पर्ने त होइनन् ? कारण, फिल्ममा प्रियंका कार्की, वर्षा राउत, आयुष्मान देशराज जोशी, सन्जोग कोइरालाजस्ता ख्याति कमाएका कलाकार पनि छन् । ◆

अन्तिममा खिस्रिक्क

पहिलो फिल्म *लालपुर्जा*मा सौगात मल्लसँग स्क्रिन सेयर गर्न पाउँदा दंग थिइन्, मिरूना मगर । प्रदर्शन अगाडि *लालपुर्जा*ले काफी चर्चा बटुल्यो । तर, जसै फिल्म रिलिज भयो, सुरूआतबाटै दर्शकको खडेरी लाग्यो । न त अपेक्षा अनुरूप सकारात्मक प्रतिक्रिया नै पायो । अर्थात्, पहिलो पाइलामै ठेस लाग्यो । त्यसअगाडि नै उनले *लाउरे*मा काम गरेकी थिइन् । तर, यसको प्रदर्शनको पत्तो छैन । यही बेला उनलाई अर्को पीडा थपिएको छ, *रोजी*बाट अन्तिम समयमा सहायक भूमिकामा खुम्चिनु परेर । यो फिल्ममा उनले प्रदीप खड्कासँग रोमान्स गर्ने पक्कापक्की पनि थियो । सोही कारण आफ्नो अभिनय यात्रालाई गति दिनेमा ढुक्क थिइन् । तर, घोषणा हुने बेला परामिता राणाले मुख्य भूमिका पाइन् । परेन त फसाद ! ◆

तस्बिरहरू : महेश प्रधान

कान्छा निर्देशकसँग आशा

फिल्म खेल्न थालेको पाँच वर्ष बितिसक्यो । तर, हिरोइन निश्मा घिमिरेले सन्तोषको सास फेर्न पाएकी छैनन् । एकातिर कम फिल्म पाउँछिन्, अर्कातिर ती फिल्म पनि व्यावसायिक रूपमा अब्बल हुँदैनन् । *रिदम* हल्काफुल्का हिट भयो तर त्यसको जस जीवन लुइँटेलले पाए । *लभ यु बाबा, जन्मभूमि*जस्ता फिल्मको व्यापार सुखद रहेन । फलतः निश्मालाई 'मार्क' हुनै हम्मेहम्मे परिरहेको छ । यही बेला उनी अभिनीत फिल्म प्रदर्शन भएको छ, *हैरान* । विश्वकै कान्छा निर्देशकका रूपमा गिनिज वर्ल्ड रेकर्ड्समा नाम लेखाएका सौगात विष्टले निर्देशन गरेको फिल्मकी मुख्य हिरोइन हुनुको नाताले निश्माको आशाको ग्राफ बढेको जो छ । ◆

बल्ल दोस्रो फिल्म

ए मेरो हजुर २ हिट भयो । यही फिल्मबाट अभिनय यात्रा थालेका सलिनमान वनियालाई अफरको ओइरो लाग्यो । चकलेटी लुक्सका यी अभिनेताको क्रेज सहरिया युवा पुस्तामा देखियो । तैपनि, उनी फिल्म खेल्न हतारिएनन् । आफ्नै व्यवसायमा मस्त रहे । झन्डै ६ महिनाको विश्रामपछि उनी नयाँ फिल्ममा अनुबन्ध भएका छन्, *यात्रा* फिल्मको 'लिड एक्टर' उनै हुन् । पहिलो फिल्ममा फितलो अभिनयका कारण उनले आलोचना खेप्नुपरेको थियो । सायद यही कारण हुनुपर्छ, यसपटक सुटिङ सुरू गर्नुअगाडि वर्कसपमा सहभागी भए । अभिनय प्रशिक्षण लिए । मिहिनेतको फल मीठो हुन्छ भनिन्छ । सलिनमानको हकमा कस्तो हुने हो कुन्नि ? ◆

क्यान्समा अञ्जलीको क्याटवाक

भारतको प्रतिष्ठित ल्याक्मे फेसन विकमा छानिएपछि नेपालकी ट्रान्सजेन्डर मोडल अञ्जली लामाले 'ग्लोबल फेम' पाइन् । अन्तर्राष्ट्रिय मोडलिङमा एकपछि अर्को छलाङ मारिरहेकी अञ्जली क्यान्स फिल्म फेस्टिभलको ७१औं संस्करणमा क्याटवाक गरेर स्वदेश फर्किएकी छन् । फ्रान्सको क्यान्स सहरमा सम्पन्न फेस्टिभलमा उनी नेपाली डिजाइनर मिसु श्रेष्ठको डिजाइनमा सजिएकी थिइन् । नेपाली डिजाइन र नेपाली मोडलले क्यान्समा औपचारिक रूपमा सहभागिता जनाएको सम्भवतः यो पहिलो घटना हो ।

मिसुको डिजाइनमा २० मोडल र्‍याम्पमा उत्रिएका थिए । तीमध्ये अञ्जली एक्लो नेपाली थिइन् । उनी खुसी पोख्छिन्, "क्यान्सजस्तो चर्चित फेस्टिभलमा नेपालको प्रतिनिधित्व गर्न पाउँदा गौरवान्वित छु । मैले त्यहाँ अरू ट्रान्सजेन्डर मोडल भेटिनँ ।" क्यान्सको मोडलिङ यात्रा कोशेढुंगा सावित हुने आशा छ, उनको । उनी केही दिनको काठमाडौं बसाइपछि मुम्बई फर्कनेछन् । भन्छिन्, "नेपालमा फेसनको ठूलो बजार छैन । मुम्बईको फेसन सो र फोटोसुटमा व्यस्त हुन्छु । कमाइ पनि उतै छ ।" ◆



जासुस बुहारी

■ **गोकर्ण गौतम**

हिन्दी फिल्ममा भारतको महिमा गाउनु अनि पाकिस्तानको धज्जी उडाउनु के नौलो भयो र ? अतिराष्ट्रवादको भ्रान्तिमा रुमल्लिएका हुन्छन् यस्ता फिल्म । त्यसो त, बिनापूर्वाग्रह मन छुने कथा पस्कने साहस र इमानदारी देखाउने फिल्ममेकर हुँदै नभएका होइनन् । पछिल्लो छिमलकी उदाहरण हुन्, मेघना गुलजार । उनी निर्देशित *राजी* पाकिस्तानमा विवाह गरेर जाने भारतीय एजेन्टको कथा हो । तर, यसले भारतको एकोहोरो स्तुतिगान गाउँदैन, बरु एउटी निर्दोष केटीको माध्यमबाट दुवै देशका खुफिया एजेन्सीको खुराफातलाई सतहमा ल्याउँछ ।

यो फिल्म हरिन्दर सिक्काको उपन्यास *कलिङ सहमत*मा आधारित छ । मुख्य भूमिकामा आलिया भट्ट बुलन्द लाग्छिन् । तर, फिल्म सलल बगेको मात्र छ, विषयवस्तुको गाम्भीर्य अनुरूप गहिराइमा पुगेको छैन । थ्रिलर फिल्मको विशेषता अनुरूप दर्शकलाई चक्मा दिने पर्याप्त 'ट्वीस्ट' पनि छैन ।

सन् १९७१ को भारत-पाक युद्धको कथा हो, *राजी*। भारतीय एजेन्ट हिदायत खान (रजित कपुर) आफ्नी छोरी सहमत (आलिया भट्ट)लाई एजेन्ट नै बनाउँछन् । भर्खर कलेज पढिरहेकी सहमतको पाकिस्तानी आर्मी अफिसरका छोरा इकबाल (विक्की कौशल)सँग विवाह गराइदिन्छन् । बुहारी मात्र होइन, जासुसका रूपमा पनि पाकिस्तान जान्छिन्, सहमत । इकबाल र उनका दाजु पनि सेना हुन्छन् । यस्तो सैनिक परिवारबाट भारतीय एजेन्सीलाई सूचना दिन सहमत सफल हुन्छिन् कि पाकिस्तान गएपछि आफ्नो ड्युटी नै भुल्छिन् ? फिल्म यस्तै सवाल वरपर घुमेको छ ।

फिल्मको सुरुआत परम्परागत शैलीको छ । पहिलो दृश्यबाटै 'फ्ल्यासब्याक'तिर लगिन्छ तर, जसै सहमतको प्रवेश हुन्छ, रोचकता थपिँदै जान्छ । सहमतको चरित्रीकरणमा निकै मिहिनेत गरिएको छ । त्यसैले त कठोर मिसनका लागि पाकिस्तान पठाउनुपूर्व देखाइएका एकाध दृश्यबाटै उनीप्रति माया पलाउँछ । कलेजका साथी, बुबा, आमा र एजेन्सीका अधिकारीसँगको उनको सम्बन्धलाई सूक्ष्म शैलीमा उतारिएको छ । फिल्म पुरापुर सहमतमा केन्द्रित रहेकाले पनि निर्देशक मेघनाले उनको चरित्र स्थापित गर्न

> आलियाका फ्यानले मात्र होइन, भारत-पाक सम्बन्ध र त्यसभित्र गुम्सिएका पीडालाई नजिकबाट नियाल्न चाहनेले *राजी* हेर्दा निराश हुनु पर्दैन ।

कुनै कन्जुस्याइँ गरेकी छैनन् । यसको पटकथा मेघना र भवानी लेयर मिलेर लेखेका हुन् । तर, उनीहरू इकबालको घरभित्रका दृश्यबाट कथामा आवश्यकता अनुरूप घर्षण ल्याउन चुकेका छन् । घटनाक्रम थ्रिलर फिल्मका सामान्य पारखीले समेत अनुमान लगाउन सक्ने 'ट्र्याक'बाहिर जाँदैन । भान्से चरित्रको रहस्यलाई बाँधिराख्न चुकेकी छन् निर्देशक । तर, यहीबीच पनि सहमत र इकबालको प्रेमले जोकोहीको मन जित्छ ।

फिल्ममा पत्याउन हम्मेहम्मे पर्ने सिक्वेन्सको खडेरी छैन । जस्तो, इकबालको घर उच्च सुरक्षा घेरामा हुन्छ । तर, सहमतले सजिलै ट्रान्समिसन राखेर सूचना प्रवाह गर्छिन् । भारतीय हुँदाहुँदै पनि इकबालको परिवारले उनीप्रति शंका गर्दैन । भारत-पाक सम्बन्ध ज्यादै तनावग्रस्त छ । तर, सहमतको बिहेमा कुनै समस्या उत्पन्न हुन्न । त्यसमाथि मध्यान्तरसम्म खासै ठूलो घटना पनि हुन्न । तर, भान्सेको हत्यासँगै दर्शकमा ढुकढुकी बढ्दै जान्छ । इकबालका दाजु र भाउजूको चरित्रलाई प्रभावकारी शैलीमा प्रयोग गरिएको छ ।

निर्देशकले एउटा सामान्य मानिस एकपछि अर्को फन्दामा फस्दै जाने विडम्बनालाई मर्मस्पर्शी ढंगले उतारेकी छन् । सहमतले इकबाललाई गोली ताकेको अनि भारतीय टोलीबाटै प्रायोजित रूपमा बम पड्काइएको दृश्य बिर्सन सकिन्न । खास ठूलो सिक्वेन्सबिनै पर्दामा दिमागलाई तानिरहने मामलामा फिल्म सफल छ । भारतीय एजेन्सीको स्वार्थीपनालाई उदांगो पार्ने सवालमा मेघनाले आनाकानी गरेकी छैनन् । फिल्ममेकरका रूपमा दुवै देशप्रति उनको उतिविघ्न आग्रह र पूर्वाग्रह झल्कन्न । फिल्मको 'ब्युटी' यही हो ।

*हाईवे, उड्ता पञ्जाब, डियर जिन्दगी*पछि *राजी*मा आलिया दमदार भूमिकामा छन् । यस्तो चुनौतीपूर्ण पात्रलाई जीवन्त बनाएर उनले आफूलाई आमअभिनेत्रीभन्दा विशिष्ट सावित गरेकी छन् । यहाँसम्म आइपुग्दा उनी लामो रेसकी घोडा हुन् भन्नेमा शंका रहेन । मायालु पति र पाकिस्तानी सेनाका रूपमा विक्की कौशल जबर्जस्त लाग्छन् । उनी र आलियाको 'केमेस्ट्री' गज्जब छ । अस्वथ भट्ट, आरिफ जाकरिया, रजित कपुरलगायतका सहायक कलाकारले पनि प्रशंसनीय काम गरेका छन् । अरिजीत सिंहले गाएको 'वे वतन...'ले फिल्मको भावलाई आत्मसात् गरेको छ । मेघनाले संवेदनशील विषयलाई बिनातडकभडक दृश्यभाषामा उनेकी छन् । तर, *राजी* उनको अघिल्लो फिल्म *तलबार*झैं उच्चस्तरको होइन ।

आलियाका फ्यानले मात्र होइन, भारत-पाक सम्बन्ध र त्यसभित्र गुम्सिएका पीडालाई नजिकबाट नियाल्न चाहनेले *राजी* हेर्दा निराश हुनुपर्दैन । ♦

K. L. DUGAR GROUP
Skyworth
Skyworth
World CUP
Best Buy Price
OFFER
हरेक SKYWORTH TV को खरिदमा
२५%* सम्म
CASHBACK!
NETFLIX
Google Play
You Tube
FEATURES
Google android
Google play
Google Voice Search
IPS PANEL
DOLBY DIGITAL
GOOGLE ANDROID
NEW ARRIVAL 43" Model No. 43U5 MRP: 89,775.00 Best Buy: 71,820.00
NEW ARRIVAL 49" Model No. 49U5 MRP: 101,745.00 Best Buy: 81,396.00
NEW ARRIVAL 55" Model No. 55G6 MRP: 121,695.00 Best Buy: 97,356.00
SMART
32" Model No. 32S3A31T MRP: 36,900.00 Best Buy: 29,520.00
43" Model No. 43S3A31T MRP: 62,900.00 Best Buy: 50,320.00
LED TV
24" Model No. 24E3A12G MRP: 22,900.00 Best Buy: 18,320.00
32" Model No. 32E2 MRP: 33,500.00 Best Buy: 25,125.00
39" Model No. 39E3100 MRP: 49,900.00 Best Buy: 39,920.00
43" Model No. 43E3A12G MRP: 56,200.00 Best Buy: 44,960.00
55" Model No. 55E3 MRP: 88,900.00 Best Buy: 71,120.00
4K UHD
65" Model No. 65E6000 MRP: 1,90,510.00 Best Buy: 1,52,408.00
यो योजना जेठ १ गते देखि सिमित अवधिसम्म लागू हुनेछ।
Smart Appliances Sanogaucharan, Naxal, Kathmandu, Tel:01-4443738

॥ अजित तिवारी

कुर्तामा सल्लाह !



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अवतरण गर्नु ४५ मिनेट अगावै प्रधानमन्त्री केपी शर्मा ओली हेलिकप्टरबाट जनकपुर ओर्लिए । जानकी मन्दिर प्रांगणमा पुगेपछि ओलीको पहिरनले सबैको ध्यान खिच्यो । मिडिया उनको पूर्ण कदको तस्बिर क्लिक गर्न लोभिए । घिउ-रंगको कुर्ता र सेतो सुरूवाल लगाएका ओलीले सेतो रंगको गम्छा भिरेका थिए । शिरमा नेपाली टोपी । ओलीको राजनीतिक कटाक्ष र खरो अभिव्यक्तिले चिढिएका मधेसीलाई यो पोसाकमा रिझाउन र अपनत्व देखाउन खोजेको अड्कल काटे धेरैले ।

जसै मोदी जानकी मन्दिर परिसरमा प्रवेश गरे, उनको पहिरनले अर्को तरंग ल्यायो । दुवै प्रधानमन्त्रीको पोसाक एकै खालको देखियो । सल्लाह गरेरै लगाएका हुन् कि क्या हो ? उपस्थित सबैले मुखामुख गरे । मोदीले पनि ओलीजस्तै घिउ-रंगको लम्बे कुर्ता र चुस्त सुरूवाल लगाएका थिए । फरक, गम्छा मात्र थियो । ओलीको गम्छा सेतो । मोदीको धर्को कोरिएको गाढा केसरिया रंगको गम्छा थियो । जसमा मिथिला पेन्टिङ कुँदिएको थियो ।

ओली र मोदीले सल्लाह गरेरै पोसाक लगाएको धेरैले लख काटे ।

फेरि, जानकी मन्दिरले दुवै देशका प्रधानमन्त्रीलाई पहि-याइदिएको गुलाबी रंगको 'जन्ती' स्टाइलको पगरीले अर्को तरंग ल्यायो । मिथिलाको पगरी माग हुँदा पनि यहाँको संस्कृति र रहन-सहनसँग अमिल्दो पगरी लगाइदिँदा अर्को बखेडा हुने नै भयो । तर, दुवै देशका प्रधानमन्त्रीको जनकपुर भ्रमणको पहिरनले 'कुर्ता कूटनीति'को भने छनक दियो ।

हल्लै-हल्लाको देश

भारतीय प्रधानमन्त्री मोदीको जनकपुर भ्रमणमा सुरक्षासँग कुनै 'कम्प्रमाइज' गरिएन । मोदीको कारगेड कुद्ने इलाकामा २८ वैशाखअघि नै ठूलो संख्यामा सुरक्षाकर्मी तैनाथ भए । नेपाली सेनाका बख्तरबन्द गाडी दुई दिनसम्म सडकमै उभ्याइयो । नेपाली सेनाका हेलिकप्टर जनकपुरको आकाशमा कति फन्को घुमे, गन्ती गरिसाध्य थिएन । सुरक्षामा यतिबिघ्न चौकसी किन जरूरी थियो भने, कुनै पनि राष्ट्रका कार्यकारी प्रमुख पहिलोपटक काठमाडौं आउने साबिक रूट छाडेर सीधै जनकपुर अवतरण गर्दै थिए । त्यसैले सुरक्षामा हुन सक्ने सानो चुकले पनि धेरै थोक प्रभावित हुन सक्थ्यो ।

मोदी अवतरण गर्ने २४ घन्टाअघि जनकपुरमा पोसाकमै भारतीय सेनाले गस्ती गरेको तस्बिर केही न्यूज अनलाइन र सोसल मिडियामा भाइरल बन्यो । भारतीय सेनाले जनकपुरमा गस्ती गरेको जुन तस्बिर भाइरल बनाइयो, त्यो तस्बिर हेर्दै जाडोको समयमा खिचिएको देखिन्छ । हतियारले सुसज्जित भारतीय सेनाका जवानले बाक्लो पोसाक लगाएका छन् । उनीहरू गस्ती गरेको भनिएजस्तो भिरालो सडक पनि जनकपुरमा छैन । गुगलबाट तानेर सामाजिक सन्जालमा यो तस्बिर अपलोड गरेर धेरैले 'इन्डियन आर्मी नेपाली भूमिमा परेड खेल्ने र नेपाली सुरक्षाकर्मी रमिते भएको सुहाएन' भन्दै खुबै आलोचना गरे ।

अर्को, अफवाह फिजियो, चाबी बुझाएर मोदीलाई जनकपुर नै सुम्पिन लागियो भनेर । जनकपुर उप-महानगरपालिकाले आगमनका लागि जनकपुर सधैं खुला रहेको अर्थ्याउँदै भारतीय प्रधानमन्त्री मोदीलाई नागरिक अभिनन्दनमा चाबी हस्तान्तरण गर्ने कार्यक्रम सार्वजनिक गरेसँगै सोसल मिडियामा यसको तीव्र आलोचना भयो । मोदीको अभिनन्दन हिन्दी भाषामा गरिएको भन्दै सोसल मिडियामा हंगामा मच्चाइयो । अभिनन्दनपत्र र वाचन दुवै मैथिली भाषामा गरिएको थियो । अभिनन्दनपत्र पढ्न डयासमा पुगेका मेयर लालकिशोर साहले आफ्ना केही मन्तव्य भने हिन्दी भाषामा राखेका थिए ।

झन्डाको फन्डा

रामायण सर्किट उद्घाटनका लागि जानकी मन्दिरको बाहिरी परिसरलाई झकिझकाउ पारिएको थियो । दुवै देशका प्रधानमन्त्रीले जनकपुर-अयोध्या सीधा बस सेवालाई हरियो झन्डा देखाएर रामायण सर्किट उद्घाटन गरे । बस हिंडेपछि नजिकै बनाइएको डयासमा दुवै प्रधानमन्त्री उक्लिए । रामायण सर्किटबारे दुवै देशका प्रधानमन्त्रीले आ-आफ्ना धारणा राखे । दुवै देशका प्रधानमन्त्री त्यही डयासमा उभिरहेको तस्बिरले सबैजसो अखबारका प्रिन्ट पेज कब्जा ग-यो । एकै खालको पहिरनमा रहेका दुवै देशका प्रधानमन्त्रीको तस्बिर कम्ती हिट भएनन् । तर, त्यही तस्बिरको एउटा कुनामा फह-याइरहेको नेपालको राष्ट्रिय झन्डाले अहिले बबाल मच्चिएको छ ।

संविधानमा तोकिएभन्दा फरक आकार र रूपमा रहेको राष्ट्रिय झन्डा के-कसरी र कसको लापरवाहीले राखियो ? प्रदेश २ का ४ उच्च सरकारी अधिकारीलाई सरकारले स्पष्टीकरण सोधेको छ । आखिर कहाँबाट आयो, त्यस्तो झन्डा ? स्पष्टीकरण सोधिएकाहरु नै अनभिज्ञ छन् । डयासमा अन्तिम समयमा दुवै देशका झन्डा गाडिएका थिए । राष्ट्रिय झन्डासँग कसैले जानीजानी छेडखानी गरेका हुन् वा अनुभवहीन टेलर मास्टरको हतारको सिलाइ हो, यसको गुदीचाहिं पछि खुल्ला नै । ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/pulsarnepal

Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchour 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386, Satungal 9813687774

EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 9804702646, Katari 450207, Mirchaiya 550585, Pathari 556082

CENTRAL REGION:
Charikot 421925, Banepa660295, Nuwakot 561817, Dhading 521326, Janakpur521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi501564, Malangwa 520703, Chandranigahapur540663, Nijgadh540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303, Gaur 521599, Bharatpur 526510

WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Bhairahawa 521855, Butwal 437849, Bardaghat 580387 Jeetpur (4 No.) 550249, Tamghas 520419, Rampur 400480, Waling 9856055684, Chandruata 540123, Arghakhachi : 420964

MID-WESTERN REGION:
Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 523402, Ghorahi 082562423, Pyuthan 086460755, Guleriya 420375, Jumla 520205

FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 410116, Lamki 540365, Darchula 9858751055